# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## सुनकोशी गाउँपालिका
## सिन्धुली

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## सुनकोशी गाउँपालिका
## सिन्धुली

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

सुनकोशी गाउँपालिका

सिन्धुली

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि
## (VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था**

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
## (MISSION)


**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
## (Core Values)

| | |
|---|---|
| **निष्ठा** | *(Integrity)* |
| **स्वतन्त्रता** | *(Independence)* |
| **व्यावसायिकता** | *(Professionalism)* |
| **पारदर्शिता** | *(Transparency)* |
| **जवाफदेहिता** | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्योंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**(तोयम राया)**

**२०८१** **महालेखापरीक्षक**

**महालेखापरीक्षकको कार्यालय**

**अनामनगर/बबरमहल, काठमाडौं, नेपाल**

**प्रदेश लेखापरीक्षण महानिर्देशनालय**

बागमती प्रदेश

मितिः२०८१।०२।१३

प.सं. २०८०।८१

च.नं. १७६

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्ष ज्यू ,

सुनकोशी गाँउपालिका, गाँउ कार्यपालिकाको कार्यालय,

सुनकोशी, सिन्धुली ।

१. **कैफियत सहितको राय —** हामीलेपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू.१ करोड ८९ लाख १४ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु.१ लाख ५३ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू. २० लाख ९६ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ७३ लाख ९४ हजार, नियमित गर्नुपर्ने रु.९२ लाख ७० हजार समेत गरी यस वर्ष रु.१ करोड ८७ लाख ६० हजार बेरुजू कायम रहेको छ । सुनकोशी गाँउपालिकाको गतवर्ष सम्म रु.१९ करोड ३३ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.२२ करोड ५७ लाख ४०

हजार रहेको छ । सुनकोशी गाँउपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने सुनकोशी गाँउपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी सुनकोशी गाँउपालिकाको व्यवस्थापनमा रहेको छ । नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

)शंकरप्रसाद पन्थी(

**नायब महालेखापरीक्षक**

सुनकोशी गाँउपालिका,

सिन्धुली जिल्ला,

## १. चालु वर्ष २०७९।८० को बेरुजु बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ९४ | १४३ | १८९१४ | ० | ९ | १५३ | ९४ | १३४ | १८७६० | २०९६ | ९२७० | ७३९४ | ० | ० | १६६६४ | ० |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| सिन्धुली | १९००३३ | ० | २४३९ | १८७५९४ | ० | ३८१४६ | २२५७४० |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | २०७९।८० (चालु वर्षको) | | | |
| १ | ०७९।८० | १६ | प्रमाण | १००००० |
| २ | ०७९।८० | ५६ | बैठक भत्ता असुल | १६१५० |
| ३ | ०७९।०८० | ५९ | बैठक भत्ता असुल | २२१०० |
| ४ | ०७९।०८० | ६९ | पुर्वनिर्धारित क्षतिपुर्ती | ८१८१ |
| ५ | ०७९।०८० | १०८ | असुल | ६८०० |
| | **चालु वर्षको जम्मा** | | | **१५३२३१** |
| | **गत विगत वर्षतर्फको** | - | - | - |
| | २०७७।७८ | - | अग्रिम कर | २४३९००० |
| | **गत विगतको जम्मा** | - | - | - |
| | **कुल जम्मा** | - | - | २५९२२३१ |

पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।

## १ परिचय

**(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ। पालिकामा ७ वडा रहेको छ भने क्षेत्रफल१५४.६८ वर्ग किलोमिटर तथा २१४७३ जनसंख्या रहेको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।१०।१९ देखि २०८०।१०।२६ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको आयव्ययको विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा कार्यक्रम खर्चमा बढी भुक्तानी वापत रु.१५०००.० असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय विवरणः**

कार्यालयले तयार गरेको आय व्यय र सूत्र प्रणालीबाट तयार आम्दानी खर्चको विवरण अनुसार देहायको कैफियत देखिएका छन् ।

क) सूत्र प्रणाली अनुसारको प्रासि भुक्तानी हिसाव अनुसार २०७९ आषाढ मसान्तको मौज्दात रु १०,२७,५७,४०१।०९ रहेकोमा यो वर्ष २०७९ श्रावणको शुरु मौज्दात जिम्मेवारी रु १०,५४,३४,६१९।९९ सारेकोले रु २६७७२१८।९० घटी जिम्मेवारी सारेको देखिएको कारण उल्लेख नगरेकोले यकिन गर्नु पर्दछ ।

ख) एकीकृत आय व्यय विवरणमा यस बर्षको कुल आय रु ६६७६५१४०९।७३ रहेकोमा सूत्र प्रणालीको प्रासि तथा भुक्तानीको विवरणमा आफैले गरेको प्रासि कोलम अनुसार रु ५४,२१,१९,१५३.४३ देखाएकोले कार्यालयको आम्दानीमा रु १२५५३२२५६।३० फरक परेकोले यकिन गर्नुपर्दछ।

ग) कार्यालयले तयार गरेको आय-व्यय विवरण अनुसार यस बर्षको बाँकी मौज्दात रु १०९३४६८६४।२५ रहेकोमा सूत्र सफ्टवेयरबाट जारी प्रतिवेदनमा बर्षान्तको बाँकी मौज्दात रकम रु १०,९२,७६,६५०.२५ रहेकोले रु ७०२१४। फरक परेको छ। यस सम्बन्धमा कार्यालयले यकिन गर्नुपर्दछ।

घ ) पालिकामा प्राप्त हुने सबै प्रकारका अनुदान तथा सहयोग रकम सूत्र प्रणालीमा समावेश गर्नुपर्नेमा यस बर्ष अन्तरसरकारी अख्तियारीबाट रु १२५४८७१४९।३० प्राप्त भई खर्च भएकोमा सूत्र प्रणालीमा समावेश गरेको छैन। गाउँपालिकामा प्राप्त हुने सबै प्रकारका रकम अनुदान सूत्र प्रणालीमा आम्दानी जनाई खर्च गरिनु पर्दछ

३ **आन्तरिक नियन्त्रण प्रणाली :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छनः

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सोको पुर्णरुपमा अद्यावधिक गरेको पाईएन,

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन,

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ बमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामग्रीको मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन,

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन,

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले कानुन एवं कार्यविधि निर्माण गरेतापनि सोको प्रभावकारी कार्यान्वयन गरेको छैन,

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन,

• संस्था दर्ता ऐन, २०३४ को दफा ३ मा पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न समिति गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन,

• निजामती सेवा ऐन, २०४९ को दफा ५(क) बमोजिम कर्मचारीहरुको कार्य विवरण बनाई लागू गरेको पाईएन,

• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंङ्क खडा गरेको देखिएन,

• दिगो विकास योजना (२०१६-२०३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालीन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन,

• पालिकाले जिन्सि सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अद्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो,

• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन,

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन,

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण आशिंक रुपमा मात्र गरेको पाइयो,

• पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो गरेको देखिएन,

• सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन,

• वातावरण संरक्षणको एकिकृत दीर्घकालीन योजना तयार गरेको पाइएन। शहरीकरण भैरहेका स्थानलाई मध्यनजरमा राख्दै फोहोरमैला व्यवस्थापन स्थल पहिचान एवं कार्ययोजना तयार गरेको पाईएन ,

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन। साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन,

• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको अभाव रहेको पाईयो,

• मालसामान वा सेवा खरिद वापतको भुक्तानी गर्दा रु. ५० हजार भन्दा बढीको रकम अनिवार्य रुपमा सम्वन्धित पार्टीको नाममा चेक जारी गर्नु पर्नेमा कतिपय कार्यालयकै कर्मचारीको नाममा भुक्तानी दिने गरेको देखियो,

• कर्मचारीले एक पटक लिएको पेश्की फस्योंट नगरेको अवस्थामा पुन पेश्की दिने गरेको देखियो,

• स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था गरेकोमा पालिकाले उक्त समिति गठन गरेको पाईएन,

• आर्थिक बर्षको अन्त्यमा मात्र पेश्की फस्यौंट गर्ने गरेको पाइयो,

• कार्यालयले बिभिन्न खरिदको रकम भुक्तानी गर्दा आंशिक कारोवारको खरिदको आदेश, माग फाराम र दाखिला प्रतिवेदनमा सम्वन्धित जिम्मेवार पदाधिकारीले हस्ताक्षर गरेको देखिएन,

• विद्युत महशुल समयमा भुक्तानी नहुँदा जरिवाना लाग्ने भएको हुँदा यस तर्फ ध्यान दिनुपर्दछ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ।

४ **पालिकाले पेश गरेको आयव्यय विवरण सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन्**

संचित कोष खातामा आम्दानी जनाउँदा प्रासिको श्रोत सहित आम्दानी जनाउनु पर्नेमा बैंक स्टेटमेन्टको आधारमा आम्दानी जनाउने गरेको छ ।

४.१ **सञ्चित कोषको चौमासिक विवरण** -स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६(५) मा गाउँपालिकाले स्थानीय सञ्चित कोषमा भएको आय व्ययको चौमासिक शीर्षगत विवरण तयार गरी संघीय अर्थ मन्त्रालय, प्रदेश अर्थ मन्त्रालय, मन्त्रालय तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनुपर्ने व्यवस्था रहेको छ।गाउँपालिकाले यो वर्ष सञ्चित कोषको चौमासिक हिसाव तालुक निकायमा पठाएको देखिएन।तहगत अनुगमन व्यवस्थालाई क्रियाशील बनाउन कानून बमोजिम विवरणहरु तालुक निकायमा पठाउनु पर्दछ ।

४.२ **बढी जिम्मेवारी सारेको** गत वर्षको लेखापरीक्षण प्रतिवेदन अनुसार सञ्चित कोष लगायत सबै कोष खाताको मौज्दात रु. १०,१४,३४, ३०४।०९ रहेकोमा कार्यालयले पेश गरेको आय व्यय विवरण अनुसार रु.१०२७९२५०८।०९ जिम्मेवारी सारेकोले रु १३५८२०४।बढी जिम्मेवारी सारेको देखिन्छ । बढी जिम्मेवारी सारेको सम्बन्धमा कार्यालयले यकिन गर्नुपर्दछ ।

४.३ **कारोवारको लेखांकन —** कार्यालयले आर्थिक कारोवारको लेखांकन गर्दा प्रचलित कानून तथा लेखा सिद्दान्त अनुसार कारोवारको लेखाँकन गर्नुपर्दछ । कोष तर्फ गतवषर्षको मौज्दात जिम्मेवारी नसारेको, गतविगतका पेश्की सुत्र प्रणालीमा जिम्मेवारी नसारेको, गोश्वार भौचर उठाउँदा पटक पटक रिभर्स भौचर उठाउने र खर्च श्रोत नखुलाई तथा प्रयोजन वेगर समायोजन भौचरहरु उठाउने गरेको छ । यसरी रिभर्स र समायोजन भौचरहरु उठाउँदा बैंक नगदी कितावमा कारोवारको यथार्थ लेखांकन नगरेकोले पालिकाले पेश गरेको आर्थिक विवरणको शुद्दता र यथार्थता यकिन गर्न सकिएन । आर्थिक कारोवार गर्ने पदाधिकारीहरुलाई जिम्मेवार वनाईनु पर्दछ ।

५ **श्रोत अनुमान समिति—**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) मा स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति रहने र समितिले ऐन बमोजिम आयको प्राक्षेपण गरी बजेटको सिमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण गर्ने

लगायतका कार्य गर्न श्रोत अनुमान तथा बजेट निर्धारण गर्नुपर्ने व्यवस्था छ । पालिकाको स्रोत अनुमान समितिको बैठक बजेट प्रस्तुत गर्ने दिन भन्दा ५ दिन अगाडि अर्थात २०७९।३।६ मा बसेपनि वडागत र पालिकाको लागि क्षेत्रगत बजेट सिलिङ नतोकी रु ६०२५७८१९७। बजेट निर्धारण गरेको छ । ऐनको व्यवस्था बमोजिम समितिले बैसाख १० गते भित्र बजेट स्रोत, सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण गर्ने र समितिले आगामी आर्थिक वर्ष पछि २ आर्थिक वर्षको बजेट प्रक्षेपण गर्ने कार्य समेत गरिनु पर्दछ ।

## ६ खर्च विश्लेषणः

पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु.११५८४४९९।, राजस्व बाँडफाँड र अनुदानबाट रु.५१७५४२५३६। समेत रु. ५२९१२७०३५। आम्दानी भएकोमा चालु तर्फ रु. ३६५५४३००१। र पूँजिगत तर्फ रु. १६८०४१२३१। गरी रु. ५३३५८४२३२। खर्च भएको छ ।खर्च मध्ये आन्तरिक आयको हिस्सा २.१६ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु. 5982000। खर्च भएको छ जुन आन्तरिक आयको ५१.३७ प्रतिशत रहेको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट चालु ६९.०८ प्रतिशत र ३०.९१ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

## ७ सफ्टवेयर प्रमाणीकरण -

नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यवस्थापन तथा संञ्चालन) निर्देशिका, २०७१ को बुदा ४ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट संञ्चालन गर्नको लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणाली निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न केन्द्रीय निकाय मार्फत सुचना प्रविधि विभागमा पठाउनुपर्ने, प्राप्त भएको कागजका आधारमा प्राविधिक समितिबाट जाँचबुझ गराई मानक बमोजिम पाइएमा विभागले तीस दिनभित्र प्रमाणीकरण गर्ने व्यवस्था छ । कार्यालयले राजश्व आम्दानीको लागि प्रयोग गरेको सांग्रीला सफ्टवेयर विभागबाट प्रमाणीकरण गराएको देखिएन । प्रमाणीकरण नगराइ सफ्टवेयर प्रयोगमा ल्याउदा युजरलगको व्यवस्था, डिजिटल हस्ताक्षर मैत्री सूविधा, तथा PKL Software Enabled सुविधा नहुने हुंदा Governmentent Enterprise Architecture आधारित स्वीकृत मापदण्डको सफ्टवेयर नहुने देखिन्छ । मापदण्ड वेगरका यस्ता सफ्टवेयरहरु प्रयोग गर्दा कार्य गुणस्तरिय नहुने तथा कार्यालयका गोप्य सुचना चुहावट हुन सक्ने देखिन्छ । सुरक्षाको हिसाबले गाउँपालिकाले सफ्टवेयर प्रयोग गर्दा कानूनअनुसार प्रमाणीकरण तथा स्वीकृत गराएको सफ्टवेयर मात्र प्रयोग गर्नुपर्दछ ।

## ८ बजेट तर्जुमा

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(२) मा बजेट तथा कार्यक्रम तर्जुमा समितिले आयको प्रक्षेपण, वितरणको खाका तथा कार्यक्रम तर्जुमा गर्दा बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, क्षेत्रगत रुपमा छलफल गरी अन्तिम प्रस्ताव तयार गर्ने, कार्यक्रममा दोहोरोपना आउन नदिने लगायतका कार्य गर्नुपर्दछ । पालिकाको बजेट तर्जुमा

समितिको वैठक २०७९।३।६ मा बसे पनि श्रोत अनुमान समितिले निर्धारण गरेकै रकम रु ६०२५७८१९७। कार्यपालिकालाई सिफारीश गरेको छ । समितिले बार्षिक बजेट बाँडफाँड, विषयगत र क्षेत्रगत वजेट बाँडफाड सम्बन्धी छलफल तथा योजनाको प्राथमिकीकरण गर्ने तथा योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिने व्यवस्था मिलाउने तथा योजना कार्यक्रम वीच तादाम्यता तथा परिपूरकता गर्ने कार्य गरेको देखिएन ।यसमा सुधार हुनुपर्दछ ।

९ **खर्च अनुपात -**

समपूरक अनुदानमा संचालित कार्यक्रममा प्रदेश वा संघीय सरकारको ५० प्रतिशत र गाउँपालिकाको ५० प्रतिशतका अनुपातमा खर्च गरिनुपर्दछ । कार्यालयले यसबर्ष संघीय तथा प्रदेश सरकार समपुरक अनुदान अन्तर्गत निम्नानुसारका योजना कार्यान्वयन गरेकोमा निर्माण व्यवासयीसंग भएको सम्झौता अनुसार भुक्तानी गर्दा संघ तथा प्रदेश सकारको बढी र गाउँपालिका श्रोतवाट व्यहोरिने खर्च न्यून गरेको छ । निम्नानुसारका योजनामा सम्पन्न भएको कामको आधारमा संघ तथा प्रदेश सरकारको रु. २४४७३६२७।६८ र गाउँपालिकावाट रु २४४७३६२७।६८ खर्च गर्नुपर्नेमा संघ तथा प्रदेश सरकारको रु २४६९९५६०। गरेकोले समपुरक अनुदान तर्फ रु. २२५९३३।- बढी खर्च लेखेकोले समपुरक अनुदान देहाय अनुसार खर्च अनुपात नमिलेकोले फिर्ता गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,२५,९३३ |

**(विस्तृत विवरण अनुसूची ३ मा संलग्न छ ।)**

१० **आन्तरीक आय**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५(२) मा राजश्व परामर्श समितिले राजश्व सम्बन्धी नीति तथा कानूनको तर्जुमा, संशोधन परिमार्जन सम्बन्धमा आवश्यक परामर्श दिने, स्रोत दायरा र दरसमेको विश्लेषण गरी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजश्वको अनुमान गर्ने, राजश्व प्रशासन सुधारको लागि आवश्यक परामर्श दिने लगायतको कार्य गर्नुपर्ने व्यवस्था गरेको छ ।पालिकाको सुत्र प्रणाली अनुसार यस वर्ष रु २३०४४७७३। आय प्राप्त गर्ने लक्ष्य राखेकोमा रु ११५४९३९२।१० प्राप्त गरी लक्ष्यको तुलनामा ६६ प्रतिशत मात्र राजश्व असूली गरेको छ । आयको लक्ष्य तथा असूली स्थिति निम्नानुसार छ ।

| सिनं | प्राप्तिकोश्रोत | वार्षिकअनुमानित आय | आम्दानी | असुलीप्रतिशत |
|---|---|---|---|---|
| १ | ११३१३ -एकीकृत सम्पती कर | ५००००० | ९७१०९८ | १९४ |
| २ | ११३२१ -वहाल कर | ७०००० | ३७००७५ | ५२९ |

| | | | | |
|---|---|---|---|---|
| ३ | ११६३२ -अखेटोपहारमा लाग्ने कर | ५३०९७३ | १५०३५४० | २८३ |
| ४ | १४२११ -कृषि उत्पादनको बिक्रीबाट प्राप्त रकम | ४४२४७६ | ० | ० |
| ५ | १४२२९ -अन्य प्रशासनिक सेवा शुल्क | ५००००० | १५४४३२ | ३१ |
| ६ | १४२४२ -नक्सापास दस्तुर | ११०००० | ७६४४७ | ६९ |
| ७ | १४२४३ -सिफारिश दस्तुर | २००००० | ७७८८४४ | ३८९ |
| ८ | १४२४४ -व्यक्तिगत घटना दर्ता दस्तुर | ५०००० | २६९६९९ | ५३९ |
| ९ | १४२४५ -नाता प्रमाणित दस्तुर | ५०००० | ४९१०० | ९८ |
| १० | १४२४९ -अन्य दस्तुर | १६५००० | ८७६९९६ | ५३२ |
| ११ | १४२५३ -व्यावसाय रजिष्ट्रेशन दस्तुर | ६०००० | ७६६०० | १२८ |
| १२ | १४३१२ -प्रशासनिक दण्ड, जरिवाना र जफत | ३८०५००० | ५११५४९४ | १३४ |
| १३ | १४५२१ -प्रदुषण नियन्त्रण शुल्क | ५०००० | ० | ० |
| १४ | १४५२९ -अन्य राजस्व | ४४२४७६ | १२७३८९५ | २८८ |
| १५ | १५१११ -बेरूजू | ५०००० | ३३१७३ | ६६ |
| १६ | ११४७१ -मनोरञ्जन कर | ३६५४८ | ० | ० |
| १७ | ११४७२ -विज्ञापन कर | ५३०९७ | ४४१४२० | ८३१ |
| १८ | १४१५७ -दहत्तर बहत्तर बिक्रीबाट प्राप्त रकम | १५९२९२०३ | ३१७२८३४ | २० |
| जम्मा | | २३०४४७७३ | १५१६३६४६ | ६६ |

उल्लेखित राजश्व आम्दानी प्रतिवेदन अनुसार कृषि उत्पादनको बिक्रीबाट प्राप्त कर प्रदुषण नियन्त्रण शुल्क र मनोरञ्जन कर राजश्वनै नउठेको तथा अन्य प्रशासनिक सेवा शुल्क नक्सापास दस्तुर - दहत्तर बहत्तर बिक्रीबाट प्राप्त रकम लगायतमा लक्ष्य भन्दा न्यून राजश्व असूली भएको छ । लक्ष्य अनुसार राजश्व प्राप्त गर्न असूली कार्ययोजना तयार गरी कार्ययोजना अनुसार राजश्व असूली गरि गाउँपालिकाको आय बृर्द्धि गरिनु पर्दछ ।

११ **बजेट पेश, पारित र अख्तियारी :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको

७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०७९।०३।१० मा रू ६० करोड ४९ लाख ९३ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।३।२४ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।४।१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

१२ **अमानतवाट विक्रि**

कार्यपालिकाको मिति २०७९।४।६ को निर्णय अनुसार अनुसार पालिका क्षेत्र भित्र बग्ने सुनकोशी नदिवाट गतवर्ष निर्माण व्यवसायीले घाटगद्दी गरी उठाउन वाँकी रहेको २६४७२.५० घमी अमानतमा बिक्रि गर्न ३ कर्मचारी खटाई रु ६१३९००। राजश्व संकलन गरेको पाईयो । कार्यालयले १ नं देखि ३६०० नं सम्म्को रसिद छपाई गरेकोमा ३४३२ वटा रसिद प्रयोग गरेको मध्ये ९० वटा रसिद रद्द गरेको छ । नगदी रसिद कट्टा गर्दा मिति तथा रकम उल्लेख गरेको तथा पालिकाको छाप स्पष्ट देखिएकोमा समेत स्पष्ट कारण बेगर कट्टा गरेको रसिद रद्द गरेको पाईयो । यसरी रसिद रद्द गरेकोमा राजश्व शाखा, पालिका स्तरीय अनुगमन समिति तथा वडा स्तरीय अनुगमन समिति लगायत कार्यालयको पदाधिकारीको ध्यान नगएको देखिंदा अमानतवाट उठाउँदा निकासी परिमाण अनुसारको आय प्राप्त गरेको आश्वस्त हुन सकिएन ।निकासी परीमाण अनुसारको आय प्राप्त भएको सुनिश्चित गरिनु पर्दछ ।

१३ **आम्दानी लेखाँकन -**

गाउँपालिकाले राजश्व आम्दानी लेखांकनको लागि सांग्रिला नामक राजश्व सफ्टवेयर प्रयोग गरेको छ । उक्त सफ्टवेयर अनुसार रु ६२९८५०४।२५ मात्र आय प्राप्त गरेको तर सूत्र प्रणाली अनुसार रु ११५४९३९२।१० आय प्राप्त गरेको देखिन्छ ।प्राकृतिक श्रोत साधनको विक्रि आम्दानी लगायतका आम्दानी राजश्व सफ्टवेयर प्रणालीमा लेखाँकन गरेको छैन ।सफ्टवेयर प्रयोग गरेकोमा सवै आम्दानीको एकीकृत लेखाँकन गरिनु पर्दछ । त्यस्तै मलेपफानं तथा श्रेष्ता अद्यावधिक नराखेको र प्राप्त हुनुपर्ने राजश्व र प्राप्त राजश्व सम्बन्धमा कार्यालयले परीक्षण भिडान नगरेकोले प्राप्त हुनुपर्ने राजश्व सम्बन्धमा यकिन गर्न सकिएन ।

१४ **राजश्व परामर्श**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५(२) मा राजश्व परामर्श समितिले राजश्व सम्बन्धी नीति तथा कानूनको तर्जुमा, संशोधन परिमार्जन सम्बन्धमा आवश्यक परामर्श दिने, स्रोत दायरा र दर समेको विश्लेषण गरी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजश्वको अनुमान गर्ने, राजश्व प्रशासन सुधारको लागि आवश्यक परामर्श दिने लगायतको कार्य गर्नुपर्ने व्यवस्था गरेको छ । पालिकाको गाउँसभामा बस्नु भन्दा ६ दिन अघिमात्र राजश्व परामर्श समितिको २०७९।३।३ बैठक वसी रु २०२८४१९७।७७ आम्दानी हुने अनुमान गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन बमोजिम समयमै राजश्व परामर्श समितिको बैठक बसी श्रोत दायरा र दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने आयको अनुमान गर्ने तथा नियमित बैठक बसी पालिकाको आय बृद्दि गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

**१५ राजश्व दाखिला :**

आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ९ (६) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । साथै सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला गरेको भए १० प्रतिशत, १५ दिन सम्म ढिला गरेको भए १५ प्रतिशत जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र १५ दिन भन्दा ढिलो गरेको भए २५ प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम बिभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । कार्यालय अन्तर्गत वडा कार्यालयहरुले प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन । ढिला गरी राजश्व रकम बैंक दाखिला भएको अवधिको कार्यालयले छानविन गरी, जरिवाना रकम असुल गर्नुपर्ने देखिन्छ ।

**१६ राजश्वको बैंक हिसाव मिलान विवरण —**

✂ .......... *(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।२५ को निर्णयबाट रु. १००००० सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

**१७ ठेक्का व्यवस्थापन अभिलेख**

**निर्माणसम्बन्धी नयाँ सरकारी लेखा फारामः** सरकारी लेखा निर्देशिका, २०७३ बमोजिम सार्वजनिक निर्माणको लेखा राख्ने जिम्मेवारी आर्थिक प्रशाासन शाखा प्रमुख हुने र सार्वजनिक निर्माणको लेखाको प्रत्येक कार्य र ठेक्का सम्झौता अनुसार छुट्टाछुट्टै लागत अनुमान, कार्य अभिलेख खाता, आइटमवाईज कार्य अभिलेख खाता, ठेक्केदारको व्यक्तिगत खाता, नापी किताब नियन्त्रण अभिलेख, डोर हाजिरी नियन्त्रण किताब, लगायतका अनुसुची तथा स्वीकृत म.ले.प.फारमहरु प्रयोग गरी अभिलेख राख्नुपर्दछ। कार्यालयले यस वर्ष समेत निर्माण सम्बन्धी नयाँ म.ले.प.फा.नं. ५०० देखि ५१४ सम्म फारामहरु प्रयोग गरेको पाइएन। यसबाट तोकिएका विवरणहरु तोकिएको ढाचाँमा प्राप्त नहुने तथा तोकिएको अभिलेख नराख्दा दोहोरो रुपमा सार्वजनिक निर्माण कार्य नभएको तथा आर्थिक अनुशासन र पारदर्शिता कायम भएको यकिन गर्न सकिने देखिएन।

**नापी किताब र नापी किताब नियन्त्रण खाताः** लेखा निर्देशिका २०७३ मा कार्यालयले ठेक्का वा अमानत वा अन्य प्रकृयाबाट के कति काम सम्पन्न भयो र के कति काम हुन बाँकी छ सोको व्यहोरा सम्बन्धित प्राविधिकबाट नापी गरी प्रमाणित गराई म.ले.प.फा.नं. ५०३ बमोजिमको नापी किताबमा अभिलेख राखी सम्पत्ति भौतिक रुपमा नष्ट नभएसम्म सुरक्षित राख्नुपर्दछ । यो किताब लुज सिटमा नराखी शुरुमा नापी नं. प्रत्येक आर्थिक वर्षका लागि क्रम सङ्ख्या नं. १ बाट शुरु गरी सिलसिलेबार रूपमा राख्नपर्दछ । नापी किताबको मुल अभिलेख राख्न नापी किताब नियन्त्रण खाता (म.ले.प.फा.नं. ५१२) प्रयोग गर्नुपर्दछ । नापी किताब मुद्रित हुना साथ यस खातामा दर्ता गरी

सम्बन्धित प्राविधिकलाई नापी किताब दिदाँ यस अभिलेख खातामा चढाएरमात्र दिने गर्नुपर्दछ । कार्यालयले तोकिएको प्रक्रिया पुर्याइ नापी किताब तयार तथा नापी किताब नियन्त्रण खाता राखेको छैन । यसकारण गतविगतमा भई सकेको कार्य पुनः दोहोरिएको हुन सक्ने सम्भावना धेरै देखिन्छ ।

**ठेक्का अभिलेखः** महालेखा नियन्त्रक कार्यालयले चालु तथा सम्झौता गरिएका ठेक्काहरुको गोश्वारा लगत राख्न अर्थाथ ठेक्काको समष्टिगत अभिलेख राख्न म.ले.प.फा.नं. ५०७ को व्यबस्था गरेको छ। कार्यालयले सो फाराममा सबै व्यहोरा खुलाई ठेक्काको अभिलेख राखेको पाइएन। यस्तो अबस्थामा ठेक्का अनुसार के कति काम भई भुक्तानी भएको छ, जमानतहरुको अबधि तोकिए अनुसार बहाल रहेको छ छैन भन्ने व्यहोराका अतिरिक्त अन्य व्यहोरा समेत अनुगमन मुल्याङ्कन तथा लेखापरीक्षण गर्न समेत सहज हुनेमा सो ढाँचामा अभिलेख अद्यावधिक गरी राखेको पाइएन।

**कन्टिजेन्सी अभिलेखः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टिजेन्सी खर्च समावेस गर्न सकिने र खर्च गर्दा वर्क चार्ज र स्टाफ खर्चमा २ प्रतिशत र अन्य साना तिना खर्च २ प्रतिशत खर्च गर्ने सन्दर्भमा सम्बन्धित मन्त्रालय वा केन्द्रीय निकायबाट कार्यविध स्वीकृत गराई गर्नुपर्दछ।कटेन्जेन्सी रकम योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक आयोजनाको खर्च (मु.अ.करबाहेक) बाट छुटयाउनुपर्ने र कार्यक्रम स्वीकृत गरी वर्क स्टाफ चार्जमा २ प्रतिशत र अन्य सानातिना कार्यमा २ प्रतिशतको सीमाभित्र आवश्यकता अनुसार कन्टिजेन्सी खर्चको व्यवस्थित अभिलेख राख्नुपर्नेमा सो राख्ने गरेको छैन। यसकारण कटेन्जेन्सी खर्च नियमानुसार खर्च भएको यकिन गर्न विश्वस्त आधार देखिएन। तसर्थ, नियमानुसार कन्टिजेन्सी खर्चको अभिलेख राखी कन्टिजेन्सी खर्च मितव्ययी तथा प्रभावकारीतवरले खर्च गर्नुपर्दछ।

**कार्यसम्पन्न प्रतिवेदनः** सार्वजनिक खरिद नियमावलीको नियम १२५(२) कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्व अवधि समाप्त भएपछि सार्वजनिक निकायका प्रमुखले त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ्ग, डिजाइन र स्पेसिफिकेशन बमोजिम भए नभएको कुरा प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने तथा उपनियम (२क) मा उपनियम (२) बमोजिम कार्य सम्पन्न प्रतिवेदन तयार गर्दा उपनियम (१क) बमोजिमको अभिलेख समेत संलग्न गर्नुपर्ने उल्लेख छ।कार्यालयले नियमावलीमा भएको व्यवस्था बमोजिम प्रक्रिया पुर्याई त्रुटी सच्याउने दायित्व अवधि समाप्त भएपछि कार्यसम्पन्न प्रतिवेदन बनाउने गरेको छैन।यसबाट निर्माण व्यवसायीको त्रुटी सच्याउने दायित्वबाट पन्छिन पाउने तथा त्रुटिसम्बन्धि अभिलेख नहुनुको साथै निर्माण कार्य दीर्घकालिन, गुणस्तरयुक्त तथा स्वीकृत ड्रइङ्ग, डिजाइन र स्पेसिफिकेशन बमोजिम नहुने देखिन्छ। तसर्थ कार्यालयले नियममा भएको व्यवस्थाको पालनामा ध्यान दिनुपर्दछ।

**गुणस्तर परीक्षणः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ (२) मा लागत अनुमान तयार गर्दा गुणस्तर परीक्षण समेत छुट्टै आईटम बनाई लागत अनुमानमा समावेश गर्नुपर्ने र नियम ११ (१) मा गुणस्तर परीक्षण गर्ने

व्यवस्था छ। उपभोक्ता मार्फत गराएको निर्माण कार्यको लागत अनुमानमा गुणस्तर परीक्षण आईटम समावेश नगरीएको, निर्माण व्यवसायीबाट गरिने निर्माण कार्यको कतिपय लागत अनुमानमा निर्माण कार्यको परिमाण BOQ मा गुणस्तर परीक्षणको रकम समावेश नभएको र BOQ मा गुणस्तर परीक्षणको आईटम समावेश गरिएकोमा खर्च दावी नभएको तथा उपभोक्ता मार्फत वा निर्माण व्यवसायी मार्फत हुने निर्माण कार्यमा प्रयोग भएका निर्माण सामग्री लगायत निर्माण कार्यको गुणस्तर परीक्षण हुने गरेको देखिएन। गुणस्तर परीक्षण नहुँदा निर्माण कार्य गुणस्तरीय भएको सुनिश्चत हुन नसक्ने देखिन्छ। निर्माण कार्यमा प्रयोग हुने निर्माण सामग्री लगायत निर्माण कार्यको गुणस्तर परीक्षण गरी निर्माण गुणस्तरीय भएको सुनिश्चत हुनुपर्दछ।

**बोलपत्र सम्बन्धी कागजात (स्टेण्डर्ड विड डकुमेन्ट):** सार्वजनिक खरिद नियमावलीको नियम ३७ मा बोलपत्र सम्बन्धी कागजातमा ऐनको दफा १३ मा उल्लेखित कुरा बाहेक सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गरेको अन्य कुराहरु हुने तथा नियम २४ मा कुनै खरिद सम्झौता सम्बन्धमा आवश्यक शर्तहरु सार्वजनिक खरिद अनुगमन कार्यालयले जारी गरेको नमुना बोलपत्र सम्बन्धी बमोजिम हुने उल्लेख छ । कार्यालय सार्वजनिक निकायले खरिद प्रक्रिया बोलपत्र वा सिलबन्दी दरभाउपत्र मार्फत गर्दा उक्त फारम प्रयोग गरेकोमा जि.सि.सि. बमोजिम एस्.सि.सि. मा अनिवार्य रुपमा तोक्नुपर्ने कार्यतालिका, एजबिल्ट ड्रइङ्ग र बीमासम्बन्ध शर्त राखेको देखिएन। यसकारण निर्माण व्यवसायीहरु जि.सि.सि. मा भएको शर्तहरु पुरा गर्न बाध्य भएको देखिएन। तसर्थ कार्यालय बोलपत्रसम्बन्धी कागजात तयारीमा जिम्मेवार हुनुपर्दछ।

**कार्यतालिका:** कार्यालय तथा निर्माण व्यवसायीबीच भएको सम्झौताको जि.सि.सि. मा निर्माण व्यवसायीले Letter of Acceptance प्राप्त गरेको १५ दिनभित्र कार्यतालिका पेश गर्नुपर्ने तथा पहिले पेश गरेको कार्यतालिका बमोजिम समयमा कार्य नगरेमा तथा वास्तविक कार्य पेश गरीएको कार्यतालिकाभन्दा फरक भएमा हरेक ६० दिनमा सम्झौता अवधिमा तोकिएको कार्य सक्ने गरी अध्यावधिक कार्यतालिका कार्यालयमा पेश गरी स्वीकृत गराउनुपर्ने उल्लेख छ । निर्माण व्यवसायीले तोकिएको समयमा वास्तविक तथा विश्वासयोग्य अध्यावधिक कार्यतालिका पेश नगरेमा निर्माण व्यवसायीको भुक्तानी रोक्का राख्नुपर्ने उल्लेख छ । तर निर्माण व्यवसायीले सम्झौताबमोजिम अध्यावधिक कार्यतालिका पेश गरी स्वीकृत गराएको देखिदैन। यसकारण निर्माण व्यवसायीको कारणले निर्माण कार्य ढिला भइरहेको तथा कार्य सम्पन्न गर्नुपर्ने अवधी बढने अवस्थाको सिर्जना भएको देखिन्छ। तसर्थ कार्यालयले बाँकि सम्झौता अवधिमा कार्यसम्पन्न गर्ने गरी अध्यावधिक कार्यतालिका पेश नगरेकोमा भुक्तानी रोक्का नराखेको देखिन्छ। तसर्थ कार्यालयले निर्माण व्यवसायीले सम्झौता बमोजिम कार्यतालिका पेश नगर्दा कार्य समयमा सम्पन्न नहुने जोखिम न्युनिकरण गर्न निर्माण व्यवसायीलाई जिम्मेवार बनाई सोबमोजिम अद्यावधिक कार्यतालिका तोकिएकोबमोजिम पेश नगरी म्याद थपको बेला मात्र अध्यावधिक कार्यतालिका पेश गर्ने निर्माण व्यवसायीलाई सम्झौताबमोजिम रकम कट्टी नगरेकोले कार्यालय स्वंयमले यकिन गरी असुलउपर गर्नुपर्दछ।

**मासिक कार्यसम्पादनः** खरिद सम्झौताको जि.सि.सि. को धारा ४८ मा निर्माण व्यवसायीले प्रत्येक महिनाको अन्तमा मासिक अन्तरिम भुक्तानी प्रमाणपत्र (IPC) को लागि तोकिएको प्रमाण कागजात तथा विवरण खुलाई निवेदन दिनुपर्ने तथा आयोजनाले सोको अभिलेख राख्नुपर्ने उल्लेख छ। यसअनुसार कार्य प्रगती तथा म्याद थपको मुल्यांकन गर्नुपर्दछ। तर आयोजनाले निर्माण व्यवसायीबाट सम्पादन भएको कार्यको मासिक रुपमा भएको कार्यको आधारमा कार्य प्रगतीको मुल्यांकन तथा निर्माण व्यवसायी ताकेता गरेको देखिएन। तसर्थ कार्यालयले सम्झौताको शर्तको पुर्ण पालनामा ध्यान दिनुपर्दछ।

**बीमाः** सार्वजनिक खरिद नियमावलीको नियम ११२ मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक बीस लाख रुपैयाँ भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले नियमका तोकिएको कुराको बीमा गराउनुपर्ने उल्लेख छ। बि=ओ=क्यु= तथा सम्झौतामा बीमाको आइटम उल्लेख गरी बोलपत्र गर्ने देखिएन। वीमा नगराई रनिङ बील भुक्तानी दिने कर्मचारीलाई जिम्मेवार बनाई नियममा भएको व्यवस्था बमोजिम संभावित जोखिम कम हुने गरी अविलम्ब बीमा गराउनुपर्दछ ।

१८ **अनुदान फिर्ता :**

संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ। प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७९ असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रहेको रकम रू 41276355.87 मिति २०८०।३।२५ मा फिर्ता गरेको छ।

| **अनुदान प्रदान गर्ने निकाय** | **अनुदानको प्रकार** | **प्राप्त रकम** | **खर्च रकम** | **फिर्ता रकम** |
|---|---|---|---|---|
| **संघीय सरकार** | शसर्त | २५३४२०००० | २३५१३९३३९.१३ | १८२८०६६०.८७ |
| | विषेश | २४०००००० | २२६७८३२३ | १३२१६७७ |
| | समपुरक | १४०००००० | ९८२३१०६ | ४१७६८९४ |
| **प्रदेश सरकार** | शसर्त | २१६९६००० | १८३०२०८९ | ३३९३९११ |
| | विषेश | १५०००००० | १०१७०२५६ | ४८२९७४४ |
| | समपुरक | २५०००००० | १५७२६५३१ | ९२७३४६९ |
| **जम्मा** | | **३५३११६०००** | **३११८३९६४४.१३** | **४१२७६३५५.८७** |

## १९ योजना परिवर्तन

योजना तर्जुमा प्रक्रिया पूरा गरी सभावाट पारित योजना कार्यान्वयन गर्दा जुन योजनाको लागि बजेट विनियोजन भएको हो सोही योजना कार्यान्वयन गरिनु पर्दछ । प्राप्त विवरण अनुसार १६ योजनामा रु. २९,७०,०००। विनियोजन गरेकोमा तोकिएको योजनामा कार्यान्वयन नगरी योजना संशोधन तथा परिवर्तन गरी २२ योजना बनाई गाउँ सभामा अनुमोदनको लागि पेश गर्ने निर्णय गरेको पाईयो । स्वीकृत योजना कार्यान्वयन नगरी तथा संशोधन गर्नुपर्नाको कारण समेत उल्लेख नगरी कार्यपालिकावाट समर्थन गर्ने तथा सभावाट अनुमोदन गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

## २० खानेपानी योजना सम्बन्धमा

**निर्माण कार्यको लागत अनुमानः** सार्वजनिक खरिद नियमावलीको नियम १० मा सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्दा नियम ९ को अधीनमा रही निर्माण सम्बन्धी नम्स को आधारमा तयार गर्नुपर्ने उल्लेख छ। तर कार्यालय यस खानेपानी योजना निर्माण कार्यको लागत अनुमान तयार गर्दा खानेपानी विभागबाट स्वीकृत नम्स बमोजिम Rate analysis तयार नगरेको कारण सार्वजनिक निर्माण कार्य मितव्ययी भएको यकिन हुने विश्वस्त हुने आधार देखिएन। तसर्थ कार्यालयले लागत अनुमान तयार गर्दा सम्बन्धी कार्य विशेषसँग सम्बन्धित Norms for Rate analysis प्रयोग गर्नुपर्दछ।

**सम्झौताभन्दा फरक कार्यको भुक्तानीः** सार्वजनिक खरीद नियमावली, २०६४ को नियम १११ तथा सम्झौताको शर्त वमोजिम कार्य सम्पन्न गर्नुपर्ने तथा नियम ११८ अनुसार खरिद सम्झौता गर्दाका बखत पुर्वानुमान गर्न नसकिने परिस्थिति कार्यान्वयनको क्रममा श्रृजना भएमा ड्रईङ डिजाईन तथा स्पेशिफिकेसन आदि बदल्नु पर्ने नपर्ने वा बद्लनु पर्ने भएमा निर्माण कार्यको आधारभुत प्रकृति वा क्षेत्र परिवर्तन हुने वा नहुने कुरा भेरिएसनको परिमाण खुलाई भेरिएसन गर्नुपर्ने तथा ऐनको दफा ५क(२) मा विशेष कारण परी संशोधन गर्नु परेमा बाहेक एक पटक स्वीकृत भएको डिजाईन वा लागत अनुमानमा संशोधन गर्न नहुने उल्लेख छ। निम्न खानेपानी आयोजना निर्माण गर्दा भेरिएसन आदेश बिना निर्माण व्यवसायीले दर विश्लेषण तथा सम्झौताबमोजिम पाईप बिच्याउने खाडलको गहिराइ गर्नुपर्ने भन्दा कम तथा कतिपय ठाउँमा खाल्डो नखनि पाईप बिच्याउने कार्य गरेको देखिन्छ। तसर्थ, महाभारत क्षेत्रमा हिउँदमा पानी जम्ने समस्या हुने कारणले बढी गहिराईमा पाईप बिच्याउनुपर्ने आवश्यकता तथा बाध्यता हुने भएकोमा तोकिएअनुसार कार्य नहुदाँ जनतामा पानी आपूर्तिको समस्या हुने हुदाँ यसरी सम्झौताभन्दा फरक गहिराईमा गरेको कार्यको भुक्तानी दिने पदाधिकारीलाई जिम्मेवार बनाई सम्झौताबमोजिम कार्य नगर्ने निर्माण व्यवसायीको भुक्तानी रोक्का तथा धरौटी तथा जमानत जफत गरिनुपर्दछ।

| आयोजनाको नाम | कामको विवरण | लागत अनुमान बमोजिमको | | | खुद भएको काम | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | लम्बाई | औसत चौडाई | औसत उचाई | लम्बाई | औसत चौडाई | औसत उचाई | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **Nepalthok-Dharanidanda Khanepani Aayojana at Sunkoshi Rural Municipality 01,Sindhuli (SUNRM/NCB/22/079/080)** | **Supply of pipe of different sizes** | ९६५० | | | १०८२४ | | | |
| | **Laying and jointing including fitting** | ५६५० | | | ९८२४ | | | |
| | **Earthwork in excavation of pipeline all complete.** | ९००० | ०.६३ | ०.७५ | ४९९० | ०.५८ | ०.५ | **बिभिन्न s ize को pipe को लागि एउटै route प्रयोग गर्दा length घटेको** |
| **Matanbas Khola Chalise and Mulkhola Khanepani Aayojana at Sunkoshi Rural Municipality, Sindhuli (SUNRM/NCB/23/079/080)** | **Supply of pipe of different sizes** | ७१०० | | | ८८९६.८ | | | |
| | **Laying and jointing including fitting** | ७१०० | | | ७५६५.८ | | | |
| | **Earthwork in excavation of pipeline all complete.** | ८१०० | ०.६ | ०.८५ | ६३०० | ०.५७ | ०.६९ | **बिभिन्न size को pipe को लागि एउटै route प्रयोग गर्दा length घटेको** |

## २१ योजना प्राथमिकीकरण :

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नअनुसार योजनामा वजेट विनियोजन गरेको छ।

| क्र. सं. | विवरण | योजना संख्या | बजेट रकम |
|---|---|---|---|
| १ | रु एक लाख सम्मको योजना | ७६ | ५८७५७६० |
| २ | रु एक लाख एक देखि दुई लाख सम्मका योजना | ६२ | १०४८८९७०।२५ |
| ३ | रु दुई लाख एक देखि पाँच लाख सम्मका योजना | ३४ | १२०५८३३५।३६ |
| ४ | रू पाँच लाख एक देखि दश लाख सम्मका योजना | ८ | ६१८९३०९।१२ |
| ५ | रू दश लाख एक भन्दा माथिका योजना | ३० | १०५६५३७३०।२७ |

| | जम्मा | २१० | १४०२६६१०५ |
|---|---|---|---|

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ। जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ। त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजनाहरु मध्ये ३ वटा योजना कार्यान्वयन हुन सकेको देखिएन। तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ।

२२ **वार्षिक खरिद योजना/गुरुयोजना :**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु १६८०४१२३१।१४ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

२३ **क्षेत्रगत बजेट र खर्चको स्थितिः**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ।

| **क्र.स** | **क्षेत्र** | **बजेट** | **खर्च** | **खर्च प्रतिशत** |
|---|---|---|---|---|
| | | | | **जम्मा खर्चको तुलनामा** |
| १ | आर्थिक विकास | २३१२५००० | १५८११६१६ | ३.०० |
| २ | पूर्वाधार विकास | १४१७०२१९७ | १०७५४८४१३ | २०.४३ |
| ३ | सामाजिक विकास | ३२५०९६००० | २९३५९४३४७.२७ | ५५.७७ |
| ४ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | १५०२३००० | १२४३७९९५ | २.३६ |
| ५ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | १२१५९८४२५ | ९६९८३२२९ | १८.४२ |

| | | | |
|---|---|---|---|
| **जम्मा** | ६२६५४४६२२ | ५२६३७५६००.२७ | |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सबैभन्दा सामाजिक विकासमा बढी 55.77 प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशासनमा सबै भन्दा घटीमा 2.36 प्रतिशत रहेको छ ।

२४ **सेवा प्रवाह :**

पालिकाले स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसारका सेवाहरु पालिकावासीलाई प्रदान गर्दछ। आफ्नो कार्यक्षेत्र भित्रका नागरिकता सिफारिस, घरबाटो सिफारिस, नाता प्रमाणित, जन्म, मृत्यु, विवाह दर्ता, बसाईसराई, विद्युत मिटर सिफारिस, निःशुल्क सिफारिस लगायत अन्य विभिन्न सेवा प्रवाहको विवरण अद्यावधिक गरी अभिलेखिकरण गरिनु पर्दछ। पालिकाबाट प्रवाहित सेवाहरुको विवरण निम्नानुसार रहेको छ।

| **विवरण** | **जम्मा** |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | ० |
| **पञ्जिकरणतर्फ** | **०** |
| जन्मदर्ता | १५५ |
| मृत्युदर्ता | १२८ |
| बसाईसराई दर्ता | ८५ |
| विवाह दर्ता | ८० |
| सम्बन्धविच्छेद दर्ता | ८ |
| **पूर्वाधार विकास सडक निर्माण** | |
| कालोपत्रे सडक निर्माण | ० |
| कालोपत्रे सडक मर्मत | ० |
| ग्राभेल सडक निर्माण | १.८८ कि मी |
| ग्राभेल सडक मर्मत | १६ कि मी |

पालिकाले सबै क्षेत्रको लक्ष्य बमोजिम कार्य सम्पन्न गरी सेवा प्रवाहलाई चुस्त दुरुस्त बनाउनु पर्दछ।

२५ **त्रैमासिक पूँजीगत खर्चः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| **बजेट उपशिर्षक** | **कुल खर्च** | **त्रैमासिक खर्च** | | | | **आषाढ महिनाको खर्च** |
|---|---|---|---|---|---|---|
| | | **प्रथम** | **दोस्रो** | **तेश्रो** | **चौथो** | |
| पुँजीगत खर्चतर्फ | १६२७५० | २०९९ | ७०९६ | ५३९६२ | ९९५९३ | ५६६०६ |
| प्रतिशत | | १.२९ | ४.३६ | ३३.१६ | ६१.१९ | ३४.७८ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु.162750 निकासा भएकोमा प्रथम त्रैमासिकमा रु. २०९९(१।२९ प्रतिशत), दोस्रो त्रैमासिकमा रु.७०९६ (४.३६ प्रतिशत), तेस्रो त्रैमासिकमा रु. ५३९६२ (३३.१६ प्रतिशत) र चौथो त्रैमासिकमा रु. ९९५९३(६१.१९ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. 56606 (३४.७८ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

२६ **संगठन व्यवस्थापन तथा सर्भेक्षण —**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा स्थानीय सेवाको गठन, सञ्चालन, व्यवस्थापन, सेवाको शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानून बमोजिम हुने व्यवस्था छ । पालिकाले व्यवस्थापन तथा सर्भेक्षण सम्बन्धी कार्य गर्दा संघीय कानूनको मापदण्ड बमोजिम आफ्नो कार्यक्षेत्र, कार्यवोझ, कार्यप्रकृति र वित्तिय क्षमताको आधारमा संगठन संरचनालाई उपयुक्त आधारमा (राईट साईजिङमा ल्याउने गरी) व्यवस्थापन सर्भेक्षण दरवन्दी कायम गर्नुपर्नेमा कार्यवोझ, कार्यप्रकृति र वित्तिय क्षमताको विश्लेषण नगरी गत विगतमा रहेको ११७ दरवन्दीलाई बृद्दि गरी १५० बनाई कार्यपालिकाको मिति २०७९-०३-२४ को निर्णयले स्वीकृत गरेको पाईयो ।कार्यालयको कार्यवोझ, कार्यप्रकृति वित्तिय क्षमता तथा आन्तरीक आयको विश्लेषण नगरी र स्थानीय सरकार संचालन ऐन विपरित व्यवस्थापन सर्भेक्षण गरी दरवन्दी थप गरेको उपयुक्त देखिएन । यसमा सुधार हुनुपर्दछ ।

२७ **कल्याण कोष :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवा शर्त तथा कानुनबमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान, औषधि उपचार लगायतका सुविधा उपलब्ध गराउन अवकास कोषको स्थापना गर्ने व्यवस्था छ । कोषको व्यवस्थाअनुरुप स्थानीय तहले कर्मचारी कल्याण कोषको लागि आवश्यक पर्ने रकम जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाअन्तर्गत कार्यरत स्थानीय सेवाका

कर्मचारीको लागि सेवा वा पदबाट अलग हुँदा दिनुपर्ने अवकास सुविधा रकम कल्याण कोष स्थापना गरी रू. ३९८०००० कोषमा जम्मा गरेको छ। सो को लागि कार्यविधि तयार गरिनु पर्दछ।

२८ **व्यवसाय कर :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु ७६६०० कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छन् । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छ्रन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

२९ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ।

३० **न्यायिक समिति :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ३४ र यो वर्ष थप भएको ११ गरी कुल ४५ विवाद दर्ता भएकोमा ४ वटा मात्र फस्यौंट भई ४१ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

३१ **कानून र सञ्चालन स्थिति :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको विभिन्न ६८ कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ। साथै पालिकाले ६८ वटा कानूनहरु निर्माण गरी सभा।कार्यपालिकाबाट स्वीकृत गराई राजपत्रमा प्रकाशन गरेको भए तापनि उक्त कानूनहरु प्रभावकारी कार्यान्वयन भएको देखिएन । कानुनको प्रभावकारी कार्यान्वयन हुनुपर्दछ।

३२ **कार्यक्रम कार्यान्वयन नभएको**

कार्यालयले गाउँसभावाट स्वीकृत योजना तथा बजेटको सीमा भित्र रहेर कार्यक्रम सम्पन्न गर्नुपर्दछ । कार्यालयवाट प्राप्त विवरण अनुसार सभाले निम्न योजनाहरु छनौट गरी बजेट समेत विनियोजन गरेकोमा कार्यान्वयन नभएको पाईयो । स्वीकृत योजना र कार्यक्रम कार्यान्वयन गर्ने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

| क्रसं+= | योजना कार्यक्रमको नाम | विनियोजित रकम |
|---|---|---|
| १ | दलित कामी भाटि संरक्षण कार्यत् | २५००० |
| २ | गणेशस्थान मन्दीर निर्माण वसेरी | १००००० |
| ३ | लिट्टे भञ्ज्याङ ठाडो बाटो स्तरोन्नती | १०००० |

३३ **ठेक्का नलागेको**

पालिकाले स्वीकृत गरेको वातावरणीय अध्ययन प्रतिवेदन अनुसार पालिकाको क्षत्रे भित्र बग्ने सुनकोशी नदीवाट नदीजन्य पदार्थ उत्खनन तथा बिक्रि गर्न प्रारम्भिक वातावरणीय परीक्षण गरी प्रतिवेदनले तोकेको परिमाणमा उत्खनन तथा विक्रि गर्न सकिने व्यवस्था भएकोमा पालिकाले तयार गरेको वातावरणीय परीक्षण प्रतिवेदन लेखापरीक्षणमा पेश नभएकोले उत्खनन गर्न सकिने परिमाण यकिन गर्न सकिएन । कार्यपालिकाको मिति २०७९।३।२ र २०७९।३।१० को गाउँसभाको निर्णय अनुसार न्यूनतम कवोल अंक रु ३ करोड राखी २०७९।३।१९ मा उत्खनन तथा विक्रि गर्न पाउने परिमाण उल्लेख नगरी ठेक्का सूचना निकालेकोमा कुनै पनि व्यक्ति तथा फर्मले वोलपत्र पेश गरेको देखिएन । पहिलो सूचनामा बोलपत्र पेश नभएकोले २०७९।५।२ को कार्यपालिकाको निर्णय अनुसार २ प्याकेज बनाई न्यूनतम कवोल अंक रु १८००००००। र १२००००००। कायम गरी मिति २०७९।५।१० मा पुन सूचना प्रकाशन गरेकोमा समेत ठेक्का लागेको पाईएन । दुईपटकको ठेक्का सूचना अनुसार ठेक्का नलागेको भनी बाँकी अवधिको लागि मिति २०७९।६।२७ पुन कवोल अंक घटाई ९५४७४००। र ६३६५०००। ठेक्का व्यवस्थापन गर्न सूचना आव्हवान गरे पनि ठेक्का प्रस्ताव पेश हुन नआएकोले ठेक्का व्यवस्थापन हुन नसक्नुको कारण पहिचान गरी तोकिएको परिमाणमा ढुङ्गा गिट्टि वालुवा विक्रि गरी आय प्राप्त गर्ने तर्फ सम्बन्धित निकायको ध्यान जानु पर्दछ ।

३४ **पारिश्रमिक करः**

आयकर ऐन,२०५८ को दफा ८८ मा बासिन्दा व्यक्तिले नेपालमा स्रोत भएको ब्याज,प्राकृतिक स्रोत,भाडा,रोयल्टी,सेवा शुल्क,कमिशन,बिक्री बोनस,अवकाश भुक्तानी र अन्य कुनै प्रतिफल तथा अवकाश भुक्तानीको रकम भुक्तानी गर्दा कुल भुक्तानी रकमको पन्ध्र प्रतिशतका दरले कर कट्टी गर्नु पर्ने व्यवस्था छ ।पालिकाले देहाय अनुसूची बमोजिम ३४ विद्यालयका ३४ शिक्षकहरुलाई २०७९ माघ देखी चैत १५ सम्म प्रारम्भिक तह कक्षा १-३ को लागि अतिरिक्त

कक्षा संचालन वापत पारिश्रमिक भुक्तानी गर्दा पारिश्रामिक कर कट्टी नभएको हुँदा सम्बन्धित विद्यालयबाट असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३६,९०० |

**(विस्तृत विवरण अनुसूची ४ मा संलग्न छ ।)**

३५ **प्रविधी हस्तान्तरणः**

लघु उद्यम विकास कार्यक्रमको प्रविधि हस्तान्तरण कार्यक्रम अन्तर्गत लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका,२०७७ को दफा ४१(३) अनुसार उद्यमीलाई प्रदान गरिने प्रविधिको कुल रकममा कार्यालयले प्रविधि प्राप्त गर्ने उद्यमीबाट आपूर्तिकर्ताले कबोल गरेको कुल अङ्कको कम्तीमा बीस प्रतिशत रकम जम्मा गर्न लगाई बढिमा असी प्रतिशत रकम मात्र कार्यालयले आपूर्तिकर्तालाई भुक्तानी गर्नु पर्ने व्यवस्था छ ।कार्यालयले प्रविधि हस्तान्तरण अन्तर्गत बेकरी ओभन,प्लान्ट्रि मिक्सर जस्ता सामाग्री रु.२३१४१०.० मा खरिद गरी निर्देशिका बमोजिम बढीमा असी प्रतिशतले रु. २०२९१०.० मात्र भुक्तानी गर्नुपर्नेमा उद्यमीको बीस प्रतिशत रकम रु.४०५८२.० समेत भुक्तानी गरेको देखिँदा बढी भुक्तानी सम्बन्धितबाट असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४०,५८२ |

३६ **लघु उद्यम विकास कार्यक्रमः**

उद्योग,वाणिज्य तथा आपूर्ति मन्त्रालयद्वारा जारी गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका,२०७७ को दफा ५८ मा स्थानीय तहले सूचकहरु निर्धारण गरी कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन तथा अनुसुचि ३ बमोजिमको मेड मोडल अनुसार कार्यक्रमको बजेट तथा कार्यक्रम बाँडफाँड गर्नुपर्ने व्यवस्था छ ।कार्यालयले आ.व. २०७९/८० मा बेकरी तालिम,बाख्रापालन तालिम,तरकारी खेती तालिम,मौरी तालिम,जुस तालिम लगायत ८५ जनालाई प्रदान गरी रु.१४,५१,६५७.० खर्च गरेको पाईयो यसरी प्रदान गरिएका उद्यमशिलता तालिम पश्चात के कति व्यक्तिहरु लघु उद्यमि भई निजको जिवनस्तरमा प्रत्यक्ष सुधार भए नभएको लगायत लघु उद्यमको विकास र प्रबर्द्धनको माध्यमबाट गरिबी निवारणमा सहयोग पुगे नपुगेको, सो सम्बन्धमा कार्यालयले निर्देशिकाको व्यवस्था अनुसार उपयुक्त सूचकहरु निर्धारण गरी अनुगमन तथा मूल्याङ्कन सम्बन्धि कार्य नगरेकोले यसतर्फ विशेष ध्यान दिनुपर्दछ ।

३७ **नन्फाइलरः**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ ।तर कार्यालयबाट BRN Enterprises लाई ( प्यान नं. ६१०८०१९७६/बिल मिती २०८०-०२-१९) मू.अ.कर रु. ११४९८.० समेत ल्यापटप खरिद वापत रु.९९९४८०.० भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि कर विवरण नबुझाई २०८० बैशाखबाट नन्फाईलर रहेको उक्त फर्मले कर समायोजन पत्र पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ११,४९८ |

३८ **सार्वजनिक परीक्षण :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।

३९ **सहकारी नियमन :**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ४१ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

४० **प्रधानमन्त्री रोजगार कार्यक्रम :**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ। यस कार्यक्रम अन्तर्गत पालिकाका ७ वडामा चौतारा निर्माण, बाटो सडक मर्मत, गोरेटो बाटव निर्माण, विद्यालय मर्मत र पोखरी मर्मत र निर्माण लगायतका १८ योजना सञ्चालन गरी रु ८३६२८२९.५९ खर्च गरेको छ। लक्षित वर्षलाई १०० दिनले ११२०० दिन रोजगारी उपलव्ध गराई श्रमिक ज्याला, प्रशासनिक खर्च र कार्यक्रम खर्च समेत जम्मा रु ७१६८००० खर्च गरेको छ। पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन। योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन। तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ।

४१ **दिवा खाजाः**

शिक्षा तथा मानब स्रोत विकास केन्द्रद्वारा प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप नं २.७.११.१ को बुँदा (ग) मा विद्यालयले विद्यालय सञ्चालन हुनासाथ दिवा खाजा व्यवस्थापन गर्नुपर्ने भएकोले आर्थिक वर्षको सुरुमै शैक्षिक व्यवस्थापन सूचना प्रणाली IEMS मा समावेश भएको प्रारम्भिक बाल विकासदेखि कक्षा ६ सम्मको विद्यार्थी सङ्ख्यालाई आधार मानेर साविकको कर्णाली अञ्चलका मुगु,डोल्पा,हुम्ला,जुम्ला र कालिकोट जिल्लाका स्थानीय तहले प्रति विद्यार्थी दैनिक रु. २० का दरले तथा अन्य स्थानीय तहले प्रति विद्यार्थी दैनिक रु.१५ का दरले पहिलो त्रैमासिकको बजेट निकासा गर्ने साथै प्रारम्भिक बाल विकासदेखि कक्षा ६ सम्मको विद्यार्थी सङ्ख्याका लागि वार्षिक रुपमा १८० दिनका लागि सोही आधारमा पहिलो त्रैमासिकमा निकासा गर्ने व्यवस्था रहेको छ । पालिकाले यस आ.व. २०७९/८० मा ४७ विद्यालयका प्रारम्भिक बाल विकासदेखि कक्षा ६ सम्मका विद्यार्थीहरुलाई दिवा खाजा वापत रु.७५२३८४५.० भुक्तानी भएकोमा वार्षिक रुपमा १८० दिनका लागि नै दिवा खाजा भुक्तानी भएकोबारे पालिकासंग तथ्यांक नभएको, विद्यालयले बजारबाट खरिद गरिएको जंक फुड नखुवाएको साथै खाद्यन्नका परिमाण खुल्ने र विलभर्पाई संलग्न नभएको साथै विद्यार्थीले विद्यालयबाट दिवा खाजा खाए वापतको रकम बुझेको भर्पाई संलग्न भएको पाईएकोले कार्यालयले तथ्यांक अद्यावधिक गरी विद्यालयले तोकिएको दिनका लागि मात्र दिवा खाजा खुवाएको सुनिश्चित गर्नुपर्दछ ।

४२ **गत विगतको पेश्की बाँकी :**

गाउँपालिकाले पेश गरेको वित्तीय प्रतिवेदन म.ले.प. २७२ को अनुसूची-२३ र सो को अभिलेख अनुसार पालिकाको पेश्की बॉकी शुन्य देखिएको छ । गतको मलेप प्रतिवेदन अनुसार रु ३२,८०,३९० बाँकी बेरुजू औंल्याएकोमा पालिकाले रु २६०६१९०।२४ मात्र पेश्की जिम्मेवारी सारेकोले रु ६७४१९९।७६ जिम्मेवारी फरक परेको छ । यस सम्बन्धमा पालिकाले यकिन गरी फस्यौंट गर्नुपर्दछ।

४३ **फोहरमैला व्यवस्थापन :**

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ। फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन। फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ।

४४ **लागत सहभागिता :**

पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर

पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

४५ **सवारी साधन खरिद :**

अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले निम्नानुसारका ४ पाङ्ग्रे सवारी साधन खरिद गरी रु ३३७४९०० खर्च गरेका छन् । प्रचलित कानुन र निर्देशनको पालनामा पालिकाले ध्यान दिनु पर्दछ।

| **क्र सं** | **सवारी साधन** | **खरिद संख्या** | **रकम** | **खरिद मिति** |
|---|---|---|---|---|
| १. | कार/जिप | १ | ३१००००० | २०८०।३।२३ |
| २. | मोटरसाइकल | १ | २७४९०० | २०८०।३।२३ |
| **जम्मा** | | | ३३७४९०० | |

४६ **स्थानीय तहका पदाधिकारी सुविधा :**

नेपालको संविधानको धारा २२७ मा गाँउसभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानून बमोजिम हुने व्यवस्था अनुसार लुम्बिनी प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट यस बर्ष पदाधकारीको सुबिधामा कुल रु. 5982000 खर्च लेखेको देखिन्छ ।

| सि.नं | विवरण | प्रमुख/ अध्यक्ष | उपप्रमुख/ उपाध्यक्ष | वडाअध्यक्ष 7 जना | कार्यपालिका सदस्य 6. जना | सभाका सदस्य 22 जना | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | बैठक भत्ता | २५००० | २५००० | २८०००० | ३१२००० | १३२००० | ७७४००० |
| २ | यातायात खर्च | | | | १८०००० | ५२८००० | ७०८००० |
| ३ | टेलिफोन,मोबाइल | ३६००० | ३६००० | १६८००० | १०८००० | २६४००० | ६१२००० |
| ४ | पुस्तक,पत्रीका, ईन्टरनेट | २४००० | २४००० | ८४००० | ७२००० | २६४००० | ४६८००० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | समन्वय तथा सहजीकरण | १२०००० | १२०००० | ५८८००० | १४४००० | ० | ९७२००० |
| ६ | अतिथि सत्कार | १०८००० | ६०००० | ३३६००० | १४४००० | ३९६००० | १०४४०००० |
| ७ | खानेपानी/बिजुली/ सरसफाई | ६०००० | ६०००० | १६८००० | १०८००० | १३२००० | ५२८००० |
| ८ | चाडपर्व खर्च | ० | ० | ० | ० | ० | ० |
| ९ | खाजा मासिक | ६०००० | ६०००० | २५२००० | १०८००० | ३९६००० | ८७६००० |
| | **जम्मा** | **४३३०००** | **३८५०००** | **१८७६०००** | **११७६०००** | **२११२०००** | **५९८२०००** |

४७ **खाना तथा विविध खर्च :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष खाना तथा विविधतर्फ मात्र रु.१४३६२१८ खर्च गरेको छ। यो खर्च आन्तरिक आय ११५४९३९२ को १२.४३ प्रतिशत रहेको छ। यस्तो खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ ।

४८ **ईन्धन खर्च :**

स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सूबिधा सम्वन्धी ऐन, २०७७ को दफा ४(२) बमोजिम सवारी साधन उपलव्ध गराएकोमा अनुसूचीमा उल्लेख भए बमोजिम प्रमुख तथा उप प्रमुखले मासिक १२५ लिटर ईन्धन र १० लिटर मोविल, वडा अध्यक्षलाई मासिक ३० लिटर ईन्धन र २ लिटर मोविल पाउने उल्लेख छ । त्यस्तै प्रदेश सरकारको प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७७ को दफा १७ अनुसार अनुसूची ४ बमोजिम कार्यालय प्रमुखले मासिक ७० लिटर र राजपत्राङ्कित तृतीय श्रेणी वा सो सरहका कर्मचारीले मासिक १० लिटर ईन्धन पाउने उल्लेख छ । पालिकाले यस वर्ष पदाधिकारी, कार्यालय प्रयोजन र अन्य प्रयोजन समेतको लागि बार्षिक रु. ३७७५९७६ ईन्धनमा खर्च गरेकोमा ऐन र नियममा भएको ईन्धन सूविधाको सिमाको पालना गरेको देखिएन । पालिकाले ईन्धन खर्च सम्वन्धी मापदण्ड तयार गरी ईन्धन खर्चमा मितव्ययीता कायम गर्न उल्लेखित ऐन र खर्च मापदण्ड निर्देशिकाको पालना गर्नुपर्दछ।

४९ **सवारी साधन मर्मत खर्च :**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने उल्लेख छ । पालिकाबाट प्राप्त विवरण निम्नअनुसारका सवारी साधन मर्मत गरेवापत वार्षिक रु ३७४१०५४ खर्च गरेको छ । पालिकाले यस्तो खर्चमा मितव्ययीता अपनाउनु पर्दछ।

| **क्रम संख्या** | **सामानको विवरण** | **परिमाण** |
|---|---|---|
| १ | महिन्द्र स्कारपियो | १ (थान) |
| २ | डबल क्याप | २ (थान) |
| ३ | सिङ्गग क्याप | १ (थान) |
| ४ | मोटर साइकल | २० (थान) |
| ५ | स्कुटर | १ (थान) |
| ६ | टयाक्टर | १ (थान) |
| ७ | ब्याकुलोडर | १ (थान) |
| **जम्मा** | | **२७ (थान)** |

५० **भ्रमण खर्च :**

कोशी प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च रू १८०००००  भुक्तानी गरेकोमा देखिएका व्यहोराहरु देहाय बमोजिम छन :

• पालिकाका भ्रमणमा खटिएका अधिकांश कर्मचारीहरुको भ्रमणको उद्देश्यमा पालिकाको कामकाज उल्लेख गरेकोले उक्त भ्रमण पालिकाको कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको।

• भ्रमण पश्चात तोकिए वमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।

• पालिका भित्रै भ्रमण गरेको भनि भ्रमण खर्च लेख्ने गरेकोमा सो कार्यलाई नियन्त्रण गर्नुपर्दछ।

• पालिका भित्रका अनुगमन गरेकोमा अनुगमन भत्ता लिने गरेकोले उक्त कार्य नियन्त्रण हुनुपर्दछ।

अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर हुने भ्रमण खर्चलाई नियन्त्रण गर्न तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा मितव्ययीता कायम गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।

५१ **जिन्सी निरीक्षण :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । पालिकबाट प्राप्त जिन्सी निरीक्षण प्रतिवेदन अनुसार कम्प्युटर, प्रिन्टर, फर्निचर लगायतका सामाग्रीहरु लिलाम विक्री तथा मर्मत गर्नुपर्ने देखिन्छ। नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरुको समयमा नै मर्मत तथा लिलाम गरी जिन्सी अधावधिक गर्नुपर्दछ।

५२ **घर भाडा :**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९४(१) अनुसार क्षेत्रिय र जिल्ला स्तरको सार्वजनिक निकायको हकमा त्यस्तो निकाय र जिल्ला प्रशासन कार्यालय,जिल्ला समन्वय समिति र को.ले.नि.का.को सूचनापाटीमा कम्तिमा ७ दिनको सूचना टाँस गरी भाडाको प्रस्ताव माग गर्नु पर्ने र उपनियम ४ अनुसार घर भाडा निर्धारण समितिले तय गरेको दर रेटको आधारमा घर भाडा भुक्तानी गर्नुपर्ने व्यवस्था छ। पालिकाले विभिन्न वडा कार्यालय लगायत अन्य कार्यका लागि घरभाडा वापत रु.२०८८०० भुक्तानी गरेकों पाईयो। घर भाडामा लिदा घर भाडा निर्धारण समितिले तय गरेको दर रेटको आधारमा मात्र लिनुपर्दछ।

५३ **प्रमाण कागजात पेश नभएको :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई, कागजात समावेश रहे नरहेको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यहोरा उल्लेख छ । पालिकाले गो भौ नं ६१४।०८०।३।१४ बाट अनुगमन मुलल्याङ्कन तथा अतिथि सत्कारको लागि रु १०१६५० खर्च लेखेकोमा सोसँग सम्बन्धित अनुगमन प्रतिवेदन तथा खर्चलाई पुष्ट्याई गर्ने कागजात पेश नभएकोले उक्त खर्चलाई पुष्ट्याई गर्ने प्रमाण पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,०१,६५० |

५४ **विद्युत जरिवाना :**

विद्युत महसुल भुकानी गर्दा समयमै तिरी छुट रिवेट लिई खर्चलाई न्यूनिकरण गर्नुपर्नेमा पटक पटक जरिवाना समेत भूक्तानी गरेको देखियो। महशुल भुक्तानी गर्दा दिल रकम संलग्न जरिवाना २५ प्रतिशत सम्म तिरेको देखियो।

सोको अभिलेख नराखेको हुँदा विद्युत महशुल पहिलेको वक्यौता कति रहेको छ र बास्तविक तिर्नुपर्ने रकम कति हो भन्ने सम्बन्धमा लगत नराखी जरिवाना तिरेको रकम नियमसम्मत नदेखिएको रु

| क सं | गोश्वारा भौचर नम्बर | जिरवाना वापतको रकम |
|---|---|---|
| १ | २६५।०७९।१०।२२ | २१७७ |
| २ | २७०।०७९।१०।२४ | ९४९५७ |
| ३ | ३८७।०७९।१२।९ | ३०८०६ |
| **जम्मा** | | **१२७९४०** |

| | |
|---|---|
| अनियमित भएको | १,२७,९४० |

५५ **वितरणमूखी तथा अनुत्पादक कार्यक्रमः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ को उपदफा ३ मा आर्थिक विकास तथा गरिवी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, स्थानीय वासिन्दाहरुको सहभागिता जुट्ने, स्वयं सेवा परिचालन गर्न सकिने, कम लागतमा सम्पन्न गर्न सकिने, स्थानीय श्रोत साधन तथा सीपको अधिकतम प्रयोग हुने, महिला, बालबालिका, पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने, लैंगिक समानता र सामाजिक समावेशीकरण अभिबृद्धि हुने, दिगो विकास, वातावरण संरक्षण तथा सम्बर्द्धन गर्न सघाउ पुऱ्याउने, भाषिक तथा साँस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुर्याउने विषयलाई प्राथमिकता दिई योजना तर्जुमा गर्नुपर्ने उल्लेख छ । तर पालिकाले विभिन्न खेलकुद प्रतियोगीता, विभिन्न वडाहरुमा वडा स्तरीय खेलकुद प्रतियोगिता, अवलोकन भ्रमण, कम्वल वितरण, झुल वितरण जस्ता वितरणमूखी कार्यक्रमहरु संचालन गरी खर्च गरेको देखियो । यसरी ऐन विपरित योजना बनाई खर्च लेखेको हुँदा आगामी दिनमा ऐनले तोके बमोजिम योजना बनाई आन्तरिक आयलाई समेत ध्यान दिदै कार्यान्वयन गर्ने तर्फ पालिकाको ध्यान दिनुपर्ने देखिन्छ । यस सम्वन्धी केही उदाहरण यस प्रकार छन् ।

| सि नं | गो भौ नं मिति | कार्यक्रमको नाम | भुक्तानी रकम |
|---|---|---|---|
| १ | १०८।०७९।८।९ | जेष्ठ नागरिकलाई सिरक वितरण कार्यक्रम | २८०००० |
| २ | ३५२।०७९।११।२९ | विभिन्न खेल खेल्न सहभागी भए बमोजिम खर्च | ४२७०४६ |

५६ **अनुपस्थित कर्मचारीलाई बैठक भत्ता :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई, कागजात समावेश रहे नरहेको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यहोरा उल्लेख छ । पालिकाले गाउँ

कार्यपालिकाको बैठक तथा अन्य बैठकमा अनुपस्थित कर्मचारीलाई भत्ता दिएको देखिएकोले उक्त रकम असुल गर्नुपर्ने रु

| गोश्वारा भौचर नम्बर | नामथर | पद | अनुपस्थित दिन | दर | खुद रकम |
|---|---|---|---|---|---|
| ४७३।०८०।१।५ | शिव खत्री | आलेप | ५ | १५०० | ६३७५ |
| | प्रमिश भण्डारी | कार्यालय सहयोगी | १० | १५०० | १२७५० |
| | कुमारी सरस्वती प्याकुरेल | कार्यालय सहयोगी | ४ | १५०० | ५१०० |
| | अर्जुन श्रेष्ठ | कार्यालय सहयोगी | ४ | १५०० | ५१०० |
| ५७७।०८०।३।५ | डण्डपाणि भण्डारी | स चौथो | १४ | १००० | ११९०० |
| | श्री प्रमिश भण्डारी | कार्यालय सहयोगी | ६ | १००० | ५१०० |
| | श्री कुमारी सरस्वती प्याकुरेल | कार्यालय सहयोगी | ४ | १००० | ३२८० |
| | श्री ओम नारायण मगर | कार्यालय सहयोगी | ६ | १००० | ५१०० |
| **जम्मा** | | | | | **५४७०५** |

**........... *(प्रारम्भिक प्रतिवेदन उपर असुल भएको प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।२५ को निर्णयबाट रु. १६,१५० सम्परीक्षण गरिएको ।)***

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५४,७०५ |

५७ **औषधी उपचार तथा संचित विदावापत सुविधा :**

कर्मचारी समायोजन ऐन २०७५ बमोजिम स्थानीय तहमा समायोजन भई वागमती प्रदेश सरकारबाट मिति २०७९।५।१ मा जारी भएको अध्यादेश २०७९ को दफा ६(२) र सोही ऐनको दफा २९(१) मा भएको व्यवस्था बमोजिम स्थानीय तहमा बढुवा भएको देखिन्छ। समायोजन ऐन, २०७५ बमोजिम समायोजन भई आएका कर्मचारीहरुलाई औषधी उपचार तथा संचित घर विदा वापतको सुविधा दिने व्यवस्था छैन। साविक घरेलु तथा साना उद्योग विकास समितिमा कार्यरत कर्मचारीहरुले घरेलु तथा साना उद्योग विकास समिति कर्मचारी सेवा शर्त नियमावली २०५५(संशोधन सहित) मा भएको व्यवस्था बमोजिम लिदै आएको संचित घर विदा र औषधी उपचार खर्चवापत रु १७४०८० भुक्तानी लिएको देखिन्छ। समायोजन ऐन अनुसार समायोजन भएका कर्मचारीले साविकको सेवा शर्त अनुसारको मात्र सुविधा लिन पाउने तथा स्थानीय सेवामा समायोजन पश्चात पदोन्नती भएकोमा पदोन्नती पूर्वको सुविधा लिन पाउने कानूनी व्यवस्था नदेखिएकोले उक्त सुविधा वापतको रकम असुल गर्नुपर्ने रु

| गोश्वारा भौचर नं | कर्मचारीको नामथर | भुक्तानी रकम |
|---|---|---|
| ४४२।०७९।१२।३२ | कपिल बहादुर अधिकारी | ८१७०२ |

| | | |
|---|---|---|
| | कमलादेवी थापा अधिकारी | ४८८५८ |
| ६७५।०८०।३।२० | कपिल बहादुर अधिकारी | २७२३४ |
| | कमलादेवी थापा अधिकारी | १६२८६ |
| **जम्मा** | | **१७४०८०** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,७४,०८० |

५८ **अन्य कार्यालय खर्च :**

सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्न सम्बन्धी मापदण्ड, २०७७ मा विभिन्न तोकिएका खर्च शिर्षकमा सरकारी रकम खर्च गर्दा मितव्ययिता अपनाउनुपर्ने उल्लेख छ। पालिकाले निम्नानुसारका छुट्टै अस्तित्व रहेको तथा बजेट व्यवस्थापन हुने कार्यालयलाई इन्धन सुविधा वापत भुक्तानी दिएको दिएको नियमसम्मत नदेखिएको रु

| **गो भौ नं** | **कार्यालय** | **रकम** |
|---|---|---|
| ३०३।०७९।११।३ | प्रहरी चौकी रातमाटा | ७०३२ |
| | ट्राफिक प्रहरी पोष्ट दुम्जा | ६००० |
| ७५५।०८०।३।२४ | प्रहरी चौकी खर्कोट | ७०००० |
| **जम्मा** | | **८३०३२** |

| | |
|---|---|
| अनियमित भएको | ८३,०३२ |

५९ **बैठक भत्ता :**

*.......... (प्रारम्भिक प्रतिवेदन उपर असुल भएको प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।२५ को निर्णयबाट रु. २२,१०० सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

६० **सोझै खरिद :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने, सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५(१)अनुसार रु ५ लाख रुपैया सम्म लागत अनुमान भएको मालसामान, नियम ८५(१ख) अनुसार सार्वजनिक निकायले एक आर्थिक बर्षमा एकै पटक वा पटक पटक गरी सिमा भन्दा बढि रकमको वा एउटै व्यक्ति, फर्म कम्पनी वा संस्थाबाट एकपटक भन्दा बढि सोझै खरिद गर्न सकिने छैन भन्ने व्यवस्था छ। नमुना छनौट विधिबाट परीक्षण गर्दा कार्यालयले विभिन्न कार्यालय सामान तथा

फर्निचरहरु विभिन्न मितिमा फर्महरुसँग पटक पटक गरी रु. २९३९१०२ को सोझै खरिद गरेको देखियो। प्रतिस्पर्धात्मक खरिद कार्यलाई प्रभाव पार्ने गरी भएको यस प्रकारको खरिदमा नियन्त्रण गर्नुपर्दछ।

| **भौ नं मिति** | **सप्लायर्सको नाम** | **विवरण** | **भुक्तानी रकम** |
|---|---|---|---|
| १०६।०७९।८।८ | HP computer center | सामाग्री खरिद | ७४५३०० |
| १०७।०७९।८।८ | काफ्ले इन्टरप्राइजेज | सामाग्री खरिद | ७१३७६ |
| १०७।०७९।८।८ | श्रेष्ठ किचेन ट्रेडर्स | सामाग्री खरिद | ३९०९८ |
| १८१।०७९।९।१३ | HP computer center | सामाग्री खरिद | ९५५९२ |
| १८७।०७९।९।१३ | HP computer center | सामाग्री खरिद | ५०७३७ |
| | एस एस हार्डवेयर | हार्डवेयर सामाग्री खरिद | १६८०० |
| ३६२।०७९।१२।१ | कमलामाई कम्प्युटर सप | सामाग्री खरिद | ६३३३७५ |
| ३६५।०७९।१२।१ | सिन्धुली अफसेट प्रेस | कार्यालय सामाग्री खरिद | १४५९०० |
| ३६६।०७९।१२।२ | लालीगुरास अफसेट प्रेस | प्रस्न छपाई | ११५४२३ |
| ४०३।०७९।१२।१२ | खड्का ट्रेडर्स | फर्निचर खरिद | २५९३४३ |
| ४११।०७९।१२।१३ | HP computer center | सामग्री खरिद | ५५६५२ |
| ४०९।०७९।१२।१३ | कमलामाई कम्प्युटर सप | कार्यालय सामान खरिद | ८७००० |
| | काफ्ले इन्टरप्राइजेज | कार्यालय सामाग्री खरिद | ९६१४० |
| ४२०।०७९।१२।१५ | न्यू कुमार फर्निचर सप्लायर्स एण्ड ग्लास हाउस | कार्यालय सामग्री खरिद | ९९७७९ |
| ४४४।०७९।१२।२२ | श्रेष्ठ किचेन ट्रेडर्स | कार्यालय सामग्री खरिद | ५४४८२ |
| ७१४।०८०।३।२२ | कमलामाई कम्प्युटर सप | सामग्री खरिद | ३२८०७५ |
| ७१४।०८०।३।२२ | कमलामाई कम्प्युटर सप | सामग्री खरिद | ४५०३० |
| **जम्मा** | | | **२९३९१०२** |

६१ **विज्ञापन/सूचना प्रकाशनमा संस्थागत छुट :**

गोरखापत्र, कान्तिपुर लगायतका राष्ट्रिय दैनिक पत्रिकामा सरकारी कार्यालय, संघ संस्थाले विज्ञापन तथा सूचना छपाई गर्दा २५ प्रतिशत छुट दिने व्यवस्था छ। गाउँपालिकाले निम्नानुसारका एजेन्सीहरुबाट २५ प्रतिशत छुट लिनुपर्नेमा

१५ प्रतिशतसम्म मात्र छुट लिएको पाइएकोले थप व्ययभार परेको देखिन्छ। कार्यालयले यस्ता खर्च गर्दा मितव्ययीता अपनाउनु पर्दछ।

| **गो भौ नं र मिति** | **एजेन्सीको नाम** | **विल रकम** | **छुट दिएको रकम(१५%)** | **छुट दिनुपर्ने रकम(२५%)** | **घटी छुट** |
|---|---|---|---|---|---|
| २६२।०७९।१०।२२ | नमस्ते क्रियसन एण्ड एडभरटाइजिङ प्रा लि | ५६००० | ८४०० | १४००० | ५६०० |
| | एम आर एडभरटाइजिङ एजेन्सी प्राली | २०१६०० | ३०२४० | ५०४०० | २०१६० |
| **जम्मा** | | | | | **२५७६०** |

## ६२ ब्रोडबेण्ड सर्भिस स्थापना तथा संचालन

ठेक्का नं SUNRM/NCB/13/078-79 को २०७९।०१।०७ मा ०७९।०४।०६ सम्म कार्यसम्पन्न गर्ने गरी सेवाप्रदायक श्री एरो नेट प्रा लिसँग कार्यालय अन्तर्गतका विभिन्न वडा, स्कुल तथा स्वास्थ्य संस्थाहरुमा ब्रोडबेण्ड सेवा स्थापना तथा संचालन गर्न रु ६६१८८३९। (मु.अ.करसहित) मा भएको सम्झौता सम्बन्धमा देखिएको व्यहोराहरु निम्नानुसार छनः

६२.१ **चेकजाँच तथा प्रमाणिकरणः** स्वीकृत बोलपत्र कागजातको Supplementary Information को भुक्तानी तालिकामा पहिलो भुक्तानी Supply, Delivery & Installation & Commencement of Broadband भएको RMCPL/NTA/Independent appointed by NTA बाट चेकजाँच तथा प्रमाणीकरण गराई मात्र उल्लेख छ। कार्यालयले सो चेकजाँच तथा प्रमाणीकरण भएको प्रमाण कागजात वेगर रु ५२९०३०८। भुक्तानी दिएको देखिएकोले चेकजाँच तथा प्रमाणीकरण प्रतिवेदन पेश गर्नुपर्दछ।

**बीमाः** स्वीकृत बोलपत्र कागजात तथा सम्झौताको जि सि सि १९.१ मा सेवाप्रदायकले तोकिएको कुराको बीमा गराउनुपर्ने उल्लेख छ। सेवाप्रदायकले तोकिएबमोजिम निर्माण उपकरण तथा मेशिनको बीमाको तोकिएको बीमांक रकमबराबर, तोकिएको व्यक्तिहरु बराबरको तोकिएको वर्षको तेश्रो पक्ष बिमा तथा निर्माण कार्यको कुल कार्य र प्लान्ट तथा मेसिनरीको बीमा गर्नुपर्नेमा सेवाप्रदायकले बीमा नगराएको जोखिम न्युनिकरण तथा सम्झौताको शर्तको कार्यान्वय गर्न बीमा गराउन कार्यालयको ध्यान जानुपर्दछ।

६२.२ सार्वजनिक खरिद नियमावलीको नियम १२० मा ऐनको दफा ५६ बमोजिमको अवस्थामा परी खरिद सम्झौता बमोजिमको काम त्यस्तो सम्झौताको अवधिभित्र पुरा गर्नपर्ने र खरिद सम्झौता बमोजिमको काम समयमा सम्पन्न नगरेमा नियम 121 बमोजिम पूर्व निर्धारित लिनुपर्ने उल्लेख छ। सम्झौताबमोजिम सेवाप्रदायकले २०७९।४।६ सम्म कार्यसम्पन्न गर्नुपर्नेमा २०८०।१०।०८ मा मात्र कार्यसम्पन्न गरेकोले १८५ दिन ढिलाईको समक्षौता रकम रु ५८५७३८०। को प्रति दिन ०.०५% का दरले रु ५४१८०७। पुर्वनिर्धारित क्षतिपुर्ति लिनुपर्नेमा रु ३३३८७१। मात्र कट्टा गरेकोले बाँकि रु २०७९३७। नियम १२१ बमोजिमको पुर्व निर्धारित क्षतिपुर्ति नलिएको रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,०७,९३७ |

## ६३ अधुरो कार्य

सार्वजनिक खरीद नियमावली, २०६४ को नियम १११ मा निर्माण व्यवसायी सम्झौताको शर्त वमोजिम निर्माण कार्य सम्पन्न गरिनुपर्ने र सार्वजनिक निकायले खरिद सम्झौताको कार्यान्वयनको सुपरीवेक्षण गर्नुपर्ने तथा नियम १२४ मा खरिद सम्झौता बमोजिम सम्पन्न भएको कार्य सार्वजनिक निकायले स्वीकार गरेपछि निर्माण व्यवसायीलाई करार शर्त बमोजिम अन्तिम भुक्तानी दिनुपर्ने उल्लेख छ। कार्यालयले निर्माण व्यवसायीले सम्झौताबमोजिम पुरै कार्य सम्पन्न गर्नुपर्नेमा आंशिक मात्र गरेकोले कार्य बाँकी रहेकोमा कार्यसम्पन्न प्रतिवेदन बनाई नियम विपरीत अन्तिम भुक्तानी दिएको देखिन्छ। तसर्थ निर्माण व्यवसायीले सम्झौताबमोजिम कार्यसम्पन्न तोकिएको समयमा कार्यसम्पन्न नगरेकोले अधुरो कार्यको कार्यसम्पन्न बनाउने सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाई नियम १२०(३) बमोजिम निर्माण व्यवसायीबाट गुज्रेको म्याद अधिकतम २०० दिनको नियमानुसार प्रति दिनको ०.०५% का दरले क्षतिपूर्ति असुल गरी नियम १२०(११) मा सो अवधिमा समेत कार्य सम्पन्न नहुने खरिद सम्झौताको हकमा खरिद सम्झौता अन्त्य गरी कार्यसम्पादन जमानत तथा अन्य कुनै जमानत वा धरौटी जफत गरी त्यसरी काम सम्पन्न नभएको कारणबाट हुन गएको हानी नोक्सानी असुल उपर गरी निजलाई प्रचलित कानुनबमोजिम कारवाही गर्नुपर्नेमा कार्यालयले सम्झौता अवधी भित्र कार्य नसकेकोमा कार्यसम्पादन जमानत तथा धरौटी जफत गरी कालोसूचीको लागि परिपत्र गरेको भएपनि उक्त कार्य अलपत्र परेकोले कानुनबमोजिम सम्पन्न गराउन ध्यानदिनुपर्दछ।

**(विस्तृत विवरण अनुसूची ५ मा संलग्न छ ।)**

## ६४ ढुवानी खर्च

सार्वजनिक खरीद नियमावलीको नियम १४८ तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १३ बमोजिम जिल्ला दररेट तथा स्थानिय दररेट निर्धारण गर्दा ढुवानी खर्च समावेश गरिएको तथा निर्माण व्यवसायीले कार्यगत रुपमा बोलकबोल गरेकोले पुनः लागत अनुमानमा छुटै ढुवानी खर्चको आईटम राखी रु ४८९१४०। तथा मु अ कर रु ६३५८८। गरी कुल रु ५५२७२८। भुक्तानी दिएको औचित्यपूर्ण नदेखिएकोले असुल गर्नुपर्ने रु

| S. N | Name of tender | Tender No | Estimate Amount | Payment Amount |
|---|---|---|---|---|
| 1 | Aapghari Ghyampatar Khanigaun Road Upgradation Works (Chainage 3+250 to | SUNRM/NCB/01/079/080 | ४४,०००.०० | ३३,०००.०० |

| | | | | |
|---|---|---|---|---|
| | 3+800 m and Khanigaun section ) | | | |
| 2 | Ghyampatar Baseri Okhreni Road Upgradation Works (Chainage 0+000 to 2+420 m start point Ghyampatar Khanigaun Junction ) | SUNRM/NCB/02/079/080 | २२,५००.०० | ११,१००.०० |
| 3 | Redcross Chowk Tamling Kotgaun Road Upgradation Works (Chainage 3+800 to 5+470 m );Work start point : Tamling Bhanjyang | SUNRM/NCB/03/079/080 | ८०,०००.०० | १००,०००.०० |
| 4 | Ramtar Littebhanjyang Bandipur Road Maintenance Works (Bhugol chhap and Kirakhor Bhanjyang Section) | SUNRM/NCB/04/079/080 | ५०,०००.०० | ५,०००.०० |
| 5 | Ramtar Littebhanjyang Bandipur Road Maintenance Works (Khaniyakharka Section) | SUNRM/NCB/05/079/080 | ५०,०००.०० | १०,०००.०० |
| 7 | Khalte Gahukharka Road Maintenance Works (Chainage 2+200 to 5+860 m ) | SUNRM/NCB/07/079/080 | १०,०००.०० | १०,०००.०० |
| 8 | Ramite Majhuwa Gairigaun Gahukharka Amare Road Maintenance Works, Sunkoshi R.M.-7 | SUNRM/NCB/08/079/080 | १५०,०००.०० | १०,०००.०० |
| 9 | Nagi Chalise Bandipur Road Maintenance Works, Sunkoshi R.M.-7 | SUNRM/NCB/09/079/080 | १००,०००.०० | १०,०००.०० |
| 10 | Aapghari Khanigaun Road Upgradation Works (Chainage 0+810 to 1+400 m) | SUNRM/SQ/10/079/080 | २४,०००.०० | १२,४२०.०० |
| 11 | Aapghari Simalchaur Road Upgradation Works (Start of work Tatale Mandir) | SUNRM/SQ/11/079/080 | २४,०००.०० | १३,३२०.०० |
| 12 | Baseri Okhreni Dobhandanda Road Upgradation Works (Chainage 2+500 to 4+200 m) | SUNRM/SQ/12/079/080 | २२,५००.०० | ११,१००.०० |
| 13 | Khalte Amare Road Maintenance Works (Tinkhopre Section), Sunkoshi RM 06 | SUNRM/SQ/13/079/080 | १००,०००.०० | १३,२००.०० |
| 14 | Khalte Majhuwa Road Maintenance Works (Chandi section), Sunkoshi RM 06 | SUNRM/SQ/14/079/080 | ९५,०००.०० | १०,०००.०० |

| | | | | |
|---|---|---|---|---|
| 18 | Ganeshthan Laxmidanda Jyamire Road Upgradation Works | SUNRM/SQ/18/079/080 | २२,५००.०० | ४०,०००.०० |
| 21 | Majhkulo and Laxmidanda Khet Sinchai Kulo at Sunkoshi Rural Municipality 03 and 04 | SUNRM/NCB/21/079/080 | ६,५००.०० | ३०,०००.०० |
| 22 | Nepalthok-Dharanidanda Khanepani Aayojana at Sunkoshi Rural Municipality 01, Sindhuli | SUNRM/NCB/22/079/080 | ५०,०००.०० | ५०,०००.०० |
| 23 | Matanbas Khola Chalise and Mulkhola Khanepani Aayojana at Sunkoshi Rural Municipality, Sindhuli | SUNRM/NCB/23/079/080 | ५०,०००.०० | १००,०००.०० |
| 25 | Dandathumki Khanepani Aayojana at Sunkoshi Rural Municipality 01, Sindhuli | SUNRM/NCB/26/079/080 | ३५,०००.०० | २०,०००.०० |
| | | | ९३६,०००.०० | ४८९,१४०.०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,८९,१४० |

## ६५ स्थानिय दररेट निर्धारण

सार्वजनिक खरीद नियमावलीको नियम १४८ मा प्रत्येक जिल्लामा पूरै जिल्ला भरी वा जिल्लाको कुनै भागमा छुट्टै लागू हुने गरी निर्माण सामग्री र ढुवानीको दररेट, मेशिन तथा उपकरणको भाडा र कामदारको ज्याला निश्चित गर्न प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा तोकिएको सदस्यहरु रहने गरी एक दररेट निर्धारण समिति रहने तथा जिल्लास्थित सार्वजनिक निकायले लागत अनुमान तयार गर्ने सिलसिलामा सिमेन्ट, फलामे डण्डी, ईंटा, ढुङ्गा, माटो, कर्कटपाता विटुमिन तथा इमल्सन, इन्धन, ग्याविन जाली, ग्याविन तार, पोलिथिन पाईप, जी.आई. पाईप, एच.डी.ई.पि. पाईप, स्यानिटरीका सामान, विजुलीका सामान, जि. आई. वायर र यस्तै अन्य निर्माण सामग्रीको दरभाउ, मेशिन तथा उपकरणको भाडा वा कामदारको ज्याला निर्धारण गर्दा दररेट निर्धारण समितिले तोकेको दररेटको आधारमा निर्धारण गर्नुपर्ने तथा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ४१ मिति २०७५।०४।२२ को पत्रबाट गाउँ/नगर दररेट निर्धारण सिफारिस समितिले जिल्ला दररेट समितिले निर्धारण गरेको दररेटलाई समेत आधार लिई निर्धारण गर्नुपर्ने उल्लेख छ। स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १३ बमोजिम न्युनतम दररेट निर्धारण गर्दा पालिकाले जिल्ला दररेटलाई आधार लिई स्थानीय दररेट तयार गरेको देखिएन।

## ६६ रमिते मझुवा गहुखर्क अमारे सडक मर्मत संभार योजना

रमिते मझुवा गहुखर्क अमारे सडक मर्मत संभार योजनाः ठेक्का नं SUNRM/NCB/08/079-80 को २०७९।०८।२५ मा निर्माण व्यवसायी श्री शिवम निर्माण सेवा प्रा. लि.सँग रु १,२१,२२,२९७। मा २०८०।०१।१५ सम्म कार्यसम्पन्न गर्ने गरी सम्झौता भएको देखिन्छ।

सार्वजनिक खरिद नियमावलीको नियम १२० मा ऐनको दफा ५६ बमोजिमको अवस्थामा परी खरिद सम्झौता बमोजिमको काम त्यस्तो सम्झौताको अवधिभित्र पुरा गर्नपर्ने र खरिद सम्झौता बमोजिमको काम समयमा सम्पन्न नगरेमा नियम 121 बमोजिम पूर्व निर्धारित लिनुपर्ने उल्लेख छ। सम्झौताबमोजिम निर्माण व्यवसायीले २०८०।२।३० (म्याद थपसमेत) सम्म कार्यसम्पन्न गर्नुपर्नेमा २०८०।३।२० मा मात्र कार्यसम्पन्न गरेकोले २० दिन ढिलाईको सम्क्षौता रकम रु १२१२२२९७ को प्रति दिन ०.०५% का दरले रु १२१२२३। पुर्वनिर्धारित क्षतिपुर्ति लिनुपर्नेमा नियम १२१ बमोजिमको पुर्व निर्धारित क्षतिपुर्ति नलिएको रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,२१,२२३ |

६७ **सफ्टवेयर खरिदः**

नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । स्थानीय तहले सम्बन्धी सफ्टवेयर खरिद गरी देहायबमोजिम रु. १०८९७३०.० खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन ।

| **सफ्टवेयरको नाम** | **प्रयोजन** | **रकम** |
|---|---|---|
| योजना व्यवस्थापन सफ्टवेयर | योजना व्यवस्थापन | ४०००००.० |
| विद्युतीय स्वास्थ्य सूचना रेकर्डीङ र रिपोर्टिङ प्रणाली EHIRRS सफ्टवेयर | स्वास्थ्यको सूचना रेकर्डिङ र रिपोर्टिङ | ४४००००.० |
| न्यायिक समिति व्यवस्थापन | न्यायिक समितिको मुद्दा सम्बन्धी दर्ता र फछ्र्यौट भएको विवरण लगायतको कार्य | २४९७३०.० |
| **जम्मा** | | **१०८९७३०.०** |

कार्यालयले सफ्टवेयर खरिद गर्दा सूचना प्रविधि विभागबाट स्वीकृति लिनुपर्ने तथा सफ्टवेयर खरिद वास्तविक आवश्यकताका आधारमा हुनुका साथै लाभ लागतको विश्लेषण गरी सफ्टवेयर खरिद पश्चात कार्यालयको दीर्घकालिन सेवा प्रवाहमा प्रभावकारिता सुनिश्चित हुने गरी मात्र खरिद गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

६८ **पेशागत दायित्व बीमाः**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ८१(७) मा ऐनको दफा ३८ बमोजिम सम्झौता गर्ने परामर्शदाताले सम्झौता गरेको तीस दिन भित्र सम्झौताको कूल रकम समेट्ने गरी सार्वजनिक निकायलाई निशर्त भुक्तानी हुने पेशागत दायित्व बीमा(प्रोफेशनल लायविलिटी इन्सोरेन्स) पेश गर्नुपर्ने व्यवस्था छ साथै नियम ८१(८) मा परामर्शदाताले तीस दिन भित्र पेशागत दायित्व बीमा दाखिला नगरेमा सार्वजनिक निकायले त्यस्तो खरिद सम्झौताको

अन्त्य गरी निजलाई कालो सूचीमा राख्न सम्बन्धित निकायमा सिफारिस गर्नुपर्ने समेत व्यवस्था रहेको छ ।पालिकाले देहाय बमोजिमका परामर्श सेवा खरिदमा परामर्शदाताले नियमावली अनुसार पेशागत दायित्व बीमा तोकिएको म्याद भित्र पेश गरेको पाइएन ।कार्यालयले नियमावली बमोजिम गर्न ध्यान दिनुपर्दछ ।

| **सि.नं** | **परामर्श सेवाको विवरण** | **परामर्शदाता** | **सम्झौता रकम** |
|---|---|---|---|
| १ | Preparation of Rural Municipality Transport Master Plan of Sunkoshi Rural Municipality,Ramtar,Sindhuli | Platform Engineering Construction and Consultancy Pvt.Ltd | १४८२०५१.५०(भ्याट सहित) |
| २ | Detail Engineering Survey, Design and Preparation of Report (DPR) of Devisthan Khanigan Siureni Okhreni Khaflechaur Dangi Bolde Buddha Park Hilekharka Faparchuli Bandipur Matanwas Naagi Gadhi Tourism Trial | ईभरिन कन्सल्ट प्रा.लि | ९८९८८०.०(भ्याट सहित) |
| **जम्मा** | | | **२४७१९३१.५** |

## ६९ पूर्व निर्धारित क्षतिपूर्तिः

सार्वजनिक खरिद नियमावलीको नियम १२१ मा आपूर्तिकर्ता,परामर्शदाता,सेवा प्रदायक वा निर्माण व्यवसायीको ढिलाईको कारणले खरिद सम्झौता बमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको दश प्रतिशतमा नबढ्ने गरी साधारणतया प्रति दिन सम्झौता रकमको ०.०५ % पूर्व निर्धारित क्षतिपूर्ति दिनुपर्ने र पूर्व निर्धारित क्षतिपूर्ति तिर्दैमा सम्बन्धित निर्माण व्यवसायी खरिद सम्झौता बमोजिमको कार्य सम्पादन गर्ने दायित्वबाट मुक्त हुन नसक्ने उल्लेख छ।पालिकाले देहाय बमोजिमका परामर्श सेवा खरिदमा तोकिएको म्याद भन्दा ढिला गरी कार्यसम्पन्न गरेको पाईयो ।नियममा भएको व्यवस्थाबमोजिम म्यादभित्र नियममा तोकिएको कागजातसहित म्याद थपको निवेदन प्राप्त भएको देखिदैन साथै पालिकाबाट सम्बन्धित अधिकारीबाट समेत म्याद थपको निर्णय गरेको देखिदैन ।सम्झौता बमोजिम समयमा कार्यसम्पन्न नगरेकोले नियम १२१ बमोजिम परामर्शदाताबाट देहाय अनुसूचि बमोजिम पूर्व निर्धारित क्षतिपूर्ति सम्बन्धितबाट असुल गर्नुपर्ने रु. **........... *(प्रारम्भिक प्रतिवेदन उपर असुल भएको प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।२५ को निर्णयबाट रु.८,१८१ सम्परीक्षण गरिएको ।)***

| | |
|---|---|
| असुल गर्नुपर्ने | १३,७७१ |

**(विस्तृत विवरण अनुसूची ६ मा संलग्न छ ।)**

## ७० परामर्श तथा डीपीआर खर्चः

बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ ।यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

| सि.न. | आ.व | आयोजनाको नाम | परामर्शदाताको विवरण | लागत अनुमान | खर्च रकम | कार्यन्वयनको आवस्था |
|---|---|---|---|---|---|---|
| १ | ०७९/०८० | Consulting Services For Preparation of Rural Municipal Transport Master Plan (RMTMP) | प्लाटफर्म इन्जिनियरिङ्ग कन्स्ट्रक्सन एण्ड कन्सल्टेन्सि प्रा.लि. | १४९९३२३ | १,४८२,०५१ | गाउँपालिकामा सडक र यातायात विकास प्रक्रियाहरूलाई व्यवस्थित गर्न सडकलाई महत्वका आधारमा वर्गीकरण गरेको, प्राथमिकतामा राखिएका सडकहरुको भौतिक र आर्थिक कार्यान्वयन योजना अनुसार सडक र यातायात विकासको प्रक्रियालाई व्यवस्थित गर्न सहयोगी दस्ताबेजको रूपमा प्रयोगमा रहेको |
| २ | ०७९/०८० | Detail Engineering Survey, Design and Preparation of Report (DPR) of Devisthan Khanigan Siureni Okhreni Khaflechaur Dangi Bolde Buddha Park Hilekharka Faparchuli Bandipur Matanwas Naagi Gadhi Tourism Trial | इभरिन कन्सल्ट प्रा.लि., तुलसीपुर ०५, दाङ | ९९६७२३ | ९८९,८८० | ठेक्का प्रक्रियाबाट योजना कार्यन्वयन सुरु भएको |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | ०७९/०८० | सुनकोशी गाउँपालिका वडा न ०१ मा रहेको घ्याम्पे खोला बगर क्षेत्र आसपासबाट नदिजन्य पदार्थ उत्खनन, संकलन तथा निकासी कार्यको लागि प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन | श्री पौडेल कन्सल्टेन्ट एण्ड कन्स्ट्रक्सन प्रा.ली., कमलामाई-०९, सिन्धुली | ४९८६६४ | ४९१,५५० | घ्याम्पे खोला बगर क्षेत्र आसपासबाट नदिजन्य पदार्थ उत्खनन, संकलन तथा निकासी कार्यको लागि विद्यमान तथा सम्भावित उत्खनन क्षेत्रको अभिलेखीकरण राखी वातावरणमैत्री तथा दिगो रुपमा उत्खनन् हुनसक्ने नदीजन्य पदार्थको परिणाम तय गरी वातावरणमा पर्ने नकारात्मक प्रभावको न्यूनिकरणका उपायहरु र सकारात्मक प्रभाव बढाउने उपायहरुबारे सुझाव दिनुका साथै वातावरणीय व्यवस्थापन योजना वनाई कार्यान्वयन गराउन सहयोग भएको |
| ४ | ०७९/०८० | सुनकोशी गाउँपालिकाको औधोगिक ग्राम स्थापनाको लागि सम्भाव्यता अध्ययन प्रतिवेदन | आकार डिजाईनर्स एण्ड डेभलपर्स प्रा. लि., ललितपुर | ४९८३३७ | ४८७,००० | कार्यान्वयन नभएको |
| **जम्मा** | | | | ३४९३०४८ | ३,४५०,४८१ | |

यस्तो अध्ययन कार्य गराउँदा सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२ बमोजिम लागत अनुमान तयार गर्दा आधार लिएर गर्नुपर्दछ साथै डीपीआर तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ ।कार्यालयले बजेट अनुसार लागत अनुमान तयार भएकोले लागत अनुमान भरपर्दो नभएको,प्रतिवेदनहरु अभिलेखको रुपमा लेखांकन भएको पाइएन ।

७१ **उपभोक्ता समितिः**

७१.१ **उपभोक्ता समिति दर्ताः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ। संस्था दर्ता ऐन, २०३४ को दफा ३ मा कुनैपनि संस्था विधानसहित दर्ता नभएमा कानुनी मान्यता दिन मिल्ने देखिदैन। पालिकाले यो वर्ष विभिन्न १६७ उपभोक्ता समितिसँग सम्झौता गरी रु.६०२२४८५२.० खर्च गरेकोमा गठन भएका उपभोक्ता समिति ऐनको व्यवस्थाअनुसार दर्ता भएको पाइएन। उपभोक्ता समितिहरु स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरुले आयव्ययको लेखापरीक्षणसमेत नगराउने भएकोले स्थायी संयन्त्रमार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ।

७१.२ **योजना हस्तान्तरणः** सार्वजनिक खरिद नियमावलीको नियम (१२) उपनियम (११) बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपभोक्ता समिति मार्फत हालसम्म गरिएको कुनै आयोजनाको स्वामित्व सम्बन्धित उपभोक्ता समितिलाई हस्तान्तरण गरेको देखिएन। जुन चाहि दिगो विकास तथा जनसहभागिताको मर्म विपरीत हुनुको साथै निर्मित आयोजनाको रेखदेख तथा मर्मतमा अन्यौलता सिर्जना गरेको देखिन्छ। तसर्थ, कार्यालयले सम्झौताको समयमा नै उक्त कानुनी व्यवस्थाको बारे उपभोक्तासंग अन्तरक्रिया गरी वास्तविक लाभग्राहीलाई मात्र आयोजना संचालन गर्न दिनुपर्दछ। जसबाट उपभोक्ताबाट हुने कार्यमा निर्माण व्यवसायीको संलग्नता कम हुन जान्छ।

७१.३ **उपभोक्ता समितिबाट निर्माण गरीएका निर्माण कार्यको एजविल्ट नक्साः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(१) मा खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको तीस दिन भित्र सम्वन्धित निर्माण व्यवसायीले निर्माण भए बमोजिमको एज विल्ट नक्सा सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ। यस वर्ष उपभोक्ता समिति मार्फत निर्माण सम्पन्न गरेको विभिन्न निर्माण कार्यहरुको निर्माण भए बमोजिमको नक्सा पेश गरेको देखिएन तथा सम्झौताको शर्तमा समेत नक्सा पेश गर्ने उल्लेख गरेको देखिएन। सम्पन्न योजनाको एजविल्ट नक्सा तयार नगरेकोले नियममा भएको व्यवस्था अनुसार कार्य हुनुपर्दछ।

७१.४ **उपभोक्ता समिति छनौटः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा एक करोड सम्मको लागत अनुमान भएको निर्माण कार्य वा लाभग्राही समुदायबाट गराउन सक्ने र कामको लागि र सेवाको प्रकृति, परिमाण, लाग्ने आर्थिक स्रोत लाभग्राही समुदायको व्यहोर्ने वा व्यहोर्नु पर्ने रकम र अन्य आवश्यक कुराहरु खुलाई सार्वजनिक निकायले सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव माग गर्न वा समुदाय आफैंले प्रस्ताव वा निवेदन पेश गर्न सक्ने व्यवस्था रहेको छ। तर पालिकाले यस वर्ष उपभोक्ता समितिबाट कार्य गराउँदा सम्झौता बाहेक पूर्वका सो प्रकृया पालना गरेको देखिएन। यसबाट विकास निर्माण कार्यमा उपभोक्ता छनौटको आधार पारदर्शी र प्रतिस्पर्धात्मक तवरले भएको देखिएन। निर्माण कार्यको समय, लागत र गुणस्तरमा असर पर्ने हुँदा लाभग्राही समुह छनौट गर्दा नियमको पालना गरी पारदर्शी र अधिक सहभागितात्मक तवरले गरिनु पर्दछ।

७१.५ **मर्मत सम्भार कोषः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (३) मा सम्पन्न निर्माण कार्यको सञ्चालन वा मर्मत सम्भार उपभोक्ता समिति वा लाभग्राही समुदायले गर्नुपर्ने, सोही नियमावलीको उपनियम (१५) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले सम्पन्न आयोजनाको सेवा उपयोग गरे वापत उपभोक्ताले तिर्नुपर्ने सेवा शुल्क तोकी शुल्क जम्मा गर्ने कुनै कोष खडा गरी सोही कोषबाट त्यस्तो निर्माण कार्य सञ्चालन तथा मर्मत, सम्भार गर्नुपर्ने व्यवस्था रहेको छ। तर सम्पन्न आयोजना मर्मत सम्भारका लागि कुनै उपभोक्ता समितिहरुले मर्मत सम्भार कोषको व्यवस्था गरेको पाइएन। अतः निर्मित आयोजनाहरुको सु-सञ्चालन तथा दिगोपनाको लागि मर्मत सम्भार कोषको व्यवस्था गरिनुपर्दछ।

७१.६ **हेभी इक्विपमेण्टको प्रयोगः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९)मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ। सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ। पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन। नियमावलीको व्यवस्था अनुरुप कार्य हुनुपर्दछ।

७१.७ **उपभोक्ता समितिको अभिलेखः** उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ मा कार्यालयले आयोजना संचालन एवंम कार्यान्वयनमा संलग्न उपभोक्ता समितिको अभिलेख अनुसूची १ बमोजिमको ढाँचामा व्यवस्थित गर्नुपर्ने उल्लेख छ। पालिकाले आयोजना संचालन एवंम कार्यान्वयनमा संलग्न उपभोक्ता समितिको अभिलेख राखेको छैन। जसकारण एउटै व्यक्ति, एकै परिवारका व्यक्ति एकभन्दा बढि आयोजनामा संलग्न भएको तथा कुन कुन उपभोक्ता समितिले तोकिएको समयमा कार्यसम्पन्न गरेको र कुन कुन उपभोक्ता समितिले समयमा कार्यसम्पन्न नगरेको यकिन हुन सक्ने देखिएन।

७२ **नमूना विद्यालय अनुदानः**

शिक्षा तथा मानब स्रोत विकास केन्द्रद्वारा प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप नं ११.१.२.४४५ को बुँदा ८.२ मा भौतिक निर्माणका कार्यक्रमको स्थानीय तहले भाद्र मसान्तभित्र विद्यालयसंग सम्झौता गर्ने र सम्झौता गर्नु अघि विद्यालयहरुलाई अनुसूचि ८ अनुसारको भौतिक निर्माण कार्य समय तालिका पेस गर्न लगाउने साथै स्थानीय तहबाट अनुसूचि ८ मा दिईएको ढाँचामा विद्यालयबाट निर्माण समय तालिका निर्माण गराई सो अनुसार निर्माण कार्य गरी,विद्यालयहरुले आर्थिक वर्षको जेष्ठ मसान्तसम्ममा कार्य सम्पन्न गरी सो को जानकारी स्थानीय तहलाई र शिक्षा विकास तथा समन्वय इकाइलाई दिनुपर्ने र त्यसरी भवन निर्माण सम्पन्न गर्ने विद्यालयहरुले अषाढ १५ सम्ममा कार्य सम्पन्न प्रतिवेदन तयार तथा प्रमाणित गरी एक प्रति स्थानीय तह र एक प्रति सम्बन्धित विद्यालयमा उपलब्ध गराउनुपर्ने व्यवस्था छ ।।त्यसैगरी बुँदा ८.३ मा नमुना विद्यालयको स्वीकृत गुरुयोजनाको परिधिधित्र रही न्यूनतम पूर्वाधारहरुको प्राथमिकतामा उल्लेख गरेका कार्यक्रम सञ्चालन गर्न चालु आवका लागि स्वीकृत बजेटबाट निर्माण गर्ने कार्यको विव्यसको निर्णयसहित सम्झौताका लागि स्थानीय तहमा पेस गर्ने साथै उक्त बजेट विद्यालयलाई उपलब्ध गराउँदा विगत वर्षबाट निर्माण कार्यको प्रगति,स्वीकृत गुरुयोजनाको वार्षिक कार्यान्वयन योजना र र यस आवमा निर्माण गर्ने कार्यक्रमको लागत अनुमानसहित अनुमान माग गर्न लगाई स्वीकृत गरी विद्यालयसंग सम्झौता भए पश्चात पहिलो किस्ताको रुपमा कुल अनुदान रकमको ५० प्रतिशत,Structural Part को कार्य सम्पन्न भए पश्चात दोस्रो किस्ताको रुपमा कुल अनुदान रकमको ३० प्रतिशत र कार्य सम्पन्न गरे पश्चात नापी किताब भरी कार्यसम्पन्न प्रतिवेदनसमेत तयार गरी अन्तिम किस्ताको रुपमा कुल अनुदान रकमको २० प्रतिशत रकम दिने व्यवस्था रहेको छ । पालिकाले यस आ.व २०७९/८० मा प्रगतिशील मा.वि. रातमाटालाई नमुना विद्यालय भौतिक पुर्वाधार निर्माण अनुदान वापत संघीय सरकारबाट अन्तिम निकासा मिती २०८०/०३/१३ मा प्राप्त भई आएकोमा २०८०/०३/२१ मा विद्यालयलाई रु. १ करोड खर्च लेखेको पाईयो । विद्यालयले कार्यान्वयन पुस्तिकामा तोकिए बमोजिम समयमै कार्य सम्पन्न गरी कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्दछ ।

७३ **लागत अनुमानः**

सार्वजनिक खरिद निमायवली, २०६४ को नियम १०(३) मा सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्दा नेपाल सरकारबाट स्वीकृत नर्मस तथा दररेट निर्धारण समितिले स्वीकृत गरेको सामाग्री तथा ज्यालाको आधारमा तयार गर्नुपर्दछ। कार्यालयले देहाय अनुसार लागत अनुमान तयार गर्दा विद्युतिकरण तथा सेनिटरी कार्यको लागि आईटम वाईज कार्य र दर अनुसार लागत तयार नगरी एकमुष्ट रु. ५०००.० देखी ५००००.० सम्म राखेको पाईयो । आईटम वाईज कार्य र दर अनुसार लागत अनुमान तयार नगरेको उचित देखिएन ।आईटम वाईज कार्य र दर निर्धारण गरी लागत अनुमान तयार गरिनु पर्दछ ।

| **क्र.सं** | **निर्माण कार्य** | **आयोजनाको कुल लागत अनुमान** | **ईलेक्ट्रिकल वाईरिङ कार्य** | **सेनिटेरी कार्य** |
|---|---|---|---|---|
| १ | कालिका आ.वि.बन्दिपुर भवन निर्माण | ४६०८७५९.२९ | ५००००.० | ०.० |
| २ | पञ्चकन्या आ.वि. खाल्टे भवन निर्माण | ४६०९०३८.२२ | ५००००.० | ०.० |

| | | | | |
|---|---|---|---|---|
| ३ | आधरभूत विद्यालय चिलाउनेखर्क भवन निर्माण | ४२२४३५१.६४ | २००००.० | **०.०** |
| ४ | नेपालथोक प्रा.वि दारिमबोट भवन निर्माण | ४६०८९१७.४८ | ४००००.० | १००००.० |
| ५ | जनजागृति प्रा.वि ओखेनी भवन निर्माण | ४२२४७०५.८० | ३७४५०.० | **०.०** |
| ६ | कुशेश्वर विश्वपिठ दुम्जा भवन निर्माण | ४६०८०८१.४७ | ५०००.० | **०.०** |
| ७ | स्वास्थ्य ईकाइ,गौखर्क | १०६२४०७.९७ | २००००.० | १५०००.० |
| **जम्मा** | | | **२२२४५०.०** | **२५०००.०** |

७४ **गैह्र सरकारी संस्थाद्वारा निर्माण कार्यः**

सार्वजनिक खरिद ऐन,२०६३ को दफा ४६ मा गैरसरकारी संस्थाबाट काम गराउने सकिने व्यवस्था अन्तर्गत जन चेतना सम्बन्धी तालिम,अभिमुखिकरण,सबलीकरण,मूल प्रवाहीकरण जस्ता कार्य गैरसरकारी संस्थाबाट गराउँदै छिटो छरितो,प्रभावकारी र मितव्ययी हुने भएमा सार्वजनिक निकायले गैरसरकारी संस्थाबाट तोकिए बमोजिमको प्रकृया अपनाई त्यस्तो कार्य गराउन वा सेवा प्राप्त गर्न सक्ने व्यवस्था छ।त्यसैगरी सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९९(१) मा ऐनको दफा ४६ बमोजिम गैरसरकारी संस्थाबाट काम गराउनको लागि त्यस्तो कामको आवश्यकता,किसिम,समायवधि,कामको गुणस्तर,जनशक्ति,कार्य सञ्चालनको विधि सहितको कार्यक्षेत्रगत शर्त र लाग्ने रकमको मोटामोटी अनुमान तयार गर्नुपर्ने र ९९(२) मा सार्वजनिक निकायले दश लाख रुपैयाँसम्मको काम गराउनको लागि त्यस्तो काम गर्ने उदेश्य राखी प्रचलित कानून बमोजिम दर्ता भएको र नियम १८ बमोजिमको मौजुदा सूचीमा समावेश भएका गैरसरकारी संस्थालाई कम्तीमा पन्ध्र दिनको अवधि दिई राष्ट्रियस्तर वा स्थानीयस्तरको दैनिक समाचारपत्रमा सूचना प्रकाशन गरी सो संस्थाबाट प्रस्ताव माग गर्नु पर्ने व्यवस्था छ ।यस पालिकाले खानेपानी तथा सरसफाई आयोजनाहरु संचालनका लागि २०७९/०४/१७ देखी २०८०/०३/३१ सम्म आयोजना अवधि रहने गरी नेपाल स्वास्थ्यको लागि पानी(NEWAH) संस्थासंग २०७९/०५/१३ मा द्विपक्षीय सम्झौता गरेको देखियो ।कार्यालयले देहायका विभिन्न आयोजनाहरुमा दक्ष मिस्त्री ज्याला,गैह्र स्थानीय सामाग्री खरिद,बालुवा ढुवानी ज्याला,ईलेक्ट्रिफिकेशन जडान,पाईपलाईन खनेको अनुदान,फेब्रिकेटिङ सामानमा १९.६१ देखी ३०.७७ सम्म लागत व्यहोर्ने गरी सम्झौता भएकोमा कुल रु.७४८३६९७.० खर्च भएको पाईयो ।

| सि.न. | आयोजनाको नाम | आयोजनाकोअनुमानित बजेट | नेवाको सहयोग | जनश्रमदान | समुदायको नगदयोगदान | गाउँपालिका समपुरक | पालिकाको अन्तिमभुक्तानी |
|---|---|---|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| 1 | मरुवावेशीगणेशथान खानेपानी तथा सरसफाई आयोजना | ३३४९०२६ | १७२२२९२ | ३१८५०७ | २७७६२१ | १०३०६०६ | १०३०६०६ |
| 2 | सुनकोशीदारिमबोट खानेपानी तथा सरसफाई आयोजना | ३४७७९१४ | १९८९४४८ | ३६२८४२ | १९१३२९ | ९३४२९५ | ८२९२११ |
| 3 | महादेवटारचिलाउनेडाँडा खानेपानी तथा सरसफाई आयोजना | ३७६९८९० | २१९८५६६ | ८१७३४१ | - | ७५३९८३ | ७४५९८४ |
| 4 | देउरालीखानेपानी तथा सरसफाई आयोजना | ५८९७९९० | ३५१६२८५ | १२३७९४७ | - | ११४३७८५ | ११४३१०९ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| 5 | सिद्धबाबाकोट गाउँ खानेपानी तथा सरसफाई आयोजना | १२४३९९९२ | ७२५११८९ | २५७८२७२ | - | २६१०५३१ | २६०८४४८ |
| 6 | टारीडुंडे खानेपानी तथा सरसफाई आयोजना | ३६९८६२७ | १९३७३१८ | १०३५९२४ | - | ७२५३८५ | ७२५३८५ |
| 7 | गुर्दुमभुँडेटोल खानेपानी तथा सरसफाई आयोजना | २००८४७७ | ११९०९९७ | ४१६५२६ | - | ४००९५४ | ४००९५४ |
| **जम्मा** | | ३४६४१९१६ | १९८०६०९५ | ६७६७३५९ | ६१२१५३७० | | ७४८३६९७ |
| | | | | | | | |
| | | | | | | ७५९९५३९ | |

यसरी NEWAH र पालिकाबीच आयोजना अनुसार विभिन्न आयोजनागत रुपमा फरक फरक सामान तथा निर्माण कार्यमा लागत साझेदारी हुँदा साझेदारीमा एकरुपता कायम गरी निर्माण सामाग्री,ज्याला जस्ता कार्यमा साझेदारीको सुनिश्चतता गरी आयोजनाहरुको प्रभावकारी कार्यान्वयन गर्नतर्फ ध्यान दिनुपर्दछ ।

७५ **बढी भुक्तानीः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा सार्वजनिक स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने उल्लेख छ। कुशेश्वर विश्वपिठ भवन निर्माण उपभोक्ता समितिले कुशेश्वर विश्वपिठ भवन निर्माण कार्यमा आ.व.

२०७९/८० को स्वीकृत दर रेट अनुसार Saal wood for chaukats प्रति क्यु.मि. २७५७०७.७२ को दरले भुक्तानी हुनुपर्नेमा ०.९५ क्यु.मि. को २८६३४५.२४ को दरले बढी भुक्तानी भएको रु.१०१०६.० सम्बन्धितबाट असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १०,१०६ |

७६ **जटिलसंरचना निर्माण**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :

| **गोभौनं./मिति** | **उपभोक्ता समितिको नाम** | **कामको विवरण** | **भुक्तानी रकम** |
|---|---|---|---|
| ४२/२०८०/०३/२१ | पञ्चकन्या आ.वि. खाल्टे भवन निर्माण उपभोक्ता समिती | पञ्चकन्या आ.वि. खाल्टे भवन निर्माण | ३७९६२८१.० |
| ५१/२०८०/०३/२३ | जनजागृति प्रा.वि ओखेनी भवन निर्माण उपभोक्ता समिती | जनजागृति प्रा.वि ओखेनी भवन निर्माण | ३५०२०९३.० |
| ४८/२०८०/०३/२२ | आधरभूत विद्यालय चिलाउनेखर्क भवन निर्माण उपभोक्ता समिती | आधरभूत विद्यालय चिलाउनेखर्क भवन निर्माण | ३८३९९७१.० |
| ४६/२०८०/०३/२१ | नेपालथोक प्रा.वि दारिमबोट भवन निर्माण उपभोक्ता समिती | नेपालथोक प्रा.वि दारिमबोट भवन निर्माण | ३८४००००.० |
| ४५/२०८०/०३/२१ | कालिका आ.वि.बन्दिपुर भवन निर्माण उपभोक्ता समिती | कालिका आ.वि.बन्दिपुर भवन निर्माण | ३७०१९७८.० |
| ४०/२०८०/०३/१८ | कुशेश्वर विश्वपिठ दुम्जा भवन निर्माण उपभोक्ता समिती | कुशेश्वर विश्वपिठ दुम्जा भवन निर्माण | ३८४००००.० |
| **जम्मा** | | | **२२५२०३२३.०** |

पालिकाले नियमावलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।

७७ **प्रमाण पेश नभएको:**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भर्पाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था रहेको छ ।पालिकाले मेड्पा संयोजक कपिल बहादुर अधिकारीलाई रु.२८०००.० खर्च लेख्दा सो खर्च पुष्ट्याँई गर्ने प्रमाण कागजात नभएकोले प्रमाण पेश गर्नुपर्ने वा सम्बन्धितबाट असुल हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २८,००० |

७८ **फर्मा कार्य**

सार्वजनिक खरिद नियमावलीको नियम नियम १२३ मा सार्वजनिक निकायले प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा बीलको भुक्तानी दिनुपर्ने उल्लेख छ।पालिकाले वास्तविक घटाउनुपर्ने परिमाण घटाई भुक्तानी नदिएकोले बढि भुक्तानी दिएको रकम रु ५६०९८७ र मु अ कर रु ७२९२८ गरी कुल रु ६३३९१५। असूलउपर गर्नुपर्ने रु.

| आयोजना | ठेक्का नं. | भुक्तानी दिएको लम्बाई | भुक्तानी दिनुपर्ने लम्बाई | उच्चाइ | दररेट | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|
| Aapghari Ghyampatar Khanigaun Road Upgradation Works (Chainage 3+250 to 3+800 m and Khanigaun section ) | SUNRM/NCB/01/079/080 | १०० | ७० | ०.४ | २०० | १२००० |
| Ghyampatar Baseri Okhreni Road Upgradation Works (Chainage 0+000 to 2+420 m start point Ghyampatar Khanigaun Junction ) | SUNRM/NCB/02/079/080 | ५० | २५ | ०.३ | ३२५ | १६२५० |
| Ramite Majhuwa Gairigaun Gahukharka Amare Road Maintenance Works, Sunkoshi R.M.-7 | SUNRM/NCB/08/079/080 | १५०० | ५०७.७५ | ०.६ | २५० | ४९६१२५ |
| Nagi Chalise Bandipur Road Maintenance Works, Sunkoshi R.M.-7 | SUNRM/NCB/09/079/080 | १०० | ५२.५ | ०.६ | २५० | ११८७५ |
| Aapghari Khanigaun Road Upgradation Works (Chainage 0+810 to 1+400 m) | SUNRM/SQ/10/079/080 | १५० | १२७.५ | ०.३५ | ४१४ | १८६३० |
| Aapghari Simalchaur Road Upgradation Works (Start of work Tatale Mandir) | SUNRM/SQ/11/079/080 | १०० | ७९.७५ | ०.३५ | ४४४ | १७९८२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | ५७२८६२ । |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,७२,८६२ |

७९ **सम्झौताभन्दा फरक कार्यको भुक्तानी**

सार्वजनिक खरीद नियमावली, २०६४ को नियम १११ तथा सम्झौताको शर्त वमोजिम कार्य सम्पन्न गर्नुपर्ने तथा नियम ११८ अनुसार खरिद सम्झौता गर्दाका बखत पुर्वानुमान गर्न नसकिने परिस्थिति कार्यान्वयनको क्रममा श्रृजना भएमा ड्रईङ डिजाईन तथा स्पेशिफिकेसन आदि बदल्नु पर्ने नपर्ने वा बद्ल्नु पर्ने भएमा निर्माण कार्यको आधारभुत प्रकृति वा क्षेत्र परिवर्तन हुने वा नहुने कुरा भेरिएसनको परिमाण खुलाई भेरिएसन गर्नुपर्ने तथा ऐनको दफा ५क(२) मा विशेष कारण परी संशोधन गर्नु परेमा बाहेक एक पटक स्वीकृत भएको डिजाईन वा लागत अनुमानमा संशोधन गर्न नहुने उल्लेख छ। निम्न सडक आयोजना निर्माण गर्दा भेरिएसन आदेश बिना निर्माण व्यवसायीले दर विश्लेषण तथा सम्झौताबमोजिम बनाउनुपर्ने सडकको लम्बाई, चौडाइ तथा मोटाई गर्नुपर्ने भन्दा कम तथा फरक कार्य गरेको देखिन्छ। तसर्थ, यसरी भेरिएसन वेगर सम्झौताभन्दा फरक सडकको लम्बाई, चौडाइ तथा मोटाईमा गरेको कार्यको भुक्तानी दिने पदाधिकारीलाई जिम्मेवार बनाई सम्झौताबमोजिम कार्य नगर्ने निर्माण व्यवसायीको भुक्तानी रोक्का तथा धरौटी तथा कार्यसम्पादन जमानत जफत गरिनुपर्दछ।

**(विस्तृत विवरण अनुसूची ७ मा संलग्न छ ।)**

८० **भेरिएसन**

भेरिएशन आदेशः सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११८ अनुसार खरिद सम्झौता गर्दाका बखत पुर्वानुमान गर्न नसकिने परिस्थिति कार्यान्वयनको क्रममा श्रृजना भएमा ड्रईङ डिजाईन तथा स्पेशिफिकेसन आदि बदल्नु पर्ने नपर्ने वा बद्ल्नु पर्ने भएमा निर्माण कार्यको आधारभुत प्रकृति वा क्षेत्र परिवर्तन हुने वा नहुने कुरा भेरिएशनको परिमाण खुलाई भेरिएशन गर्न सकिने तथा सार्वजनिक खरिद ऐनको दफा ५क(२) मा विशेष कारण परी संशोधन गर्नु परेमा बाहेक एक पटक स्वीकृत भएको डिजाईन वा लागत अनुमानमा संशोधन गर्नुपर्दा त्रुटीपूर्ण डिजाईन गरेको वा अस्वाभाविक लागत अनुमान तयार, जाचँ वा स्वीकृत गर्ने पदाधिकारी र सो कार्यमा संलग्न परामर्शदाता प्रचलित कानुन बमोजिम कारवाही भागिदार हुने उल्लेख छ। कार्यालयले ड्रईङ डिजाईन तथा स्पेशिफिकेसन आदि बदली लागत अनुमान भएको कार्य भन्दा फरक गर्नुको कारण र औचित्यसहित भेरिएशन आदेश स्वीकृत वेगर फरक कार्यस्वीकार गरेकोले भेरिएशन आदेश स्वीकृत भएको प्रमाण वा सम्झौताबमोजिमको सम्पूर्ण कार्य भएको प्रमाण पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २०,१४,३४८ |

**(विस्तृत विवरण अनुसूची ८ मा संलग्न छ ।)**

८१ **आयोगको परामर्श :**

प्रदेश र स्थानीय तहको पदमा उपयुक्त उम्मेदवारको छनोटमा स्वच्छता तथा निष्पक्षता कायम गरी योग्यता प्रणालीलाई प्रवर्द्धन गर्दै सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ र सेवामुखी बनाउने सम्बन्धमा आवश्यक व्यवस्था गर्न प्रदेश लोक सेवा आयोग (आधार तथा मापदण्ड निर्धारण) ऐन जारी भएको छ । उक्त ऐन अनुसार स्थानीय तहबाट निवृत्तभरण पाउने पदको नियुक्ति गर्दा र स्थानीय सरकारी सेवाको पदमा ६ महिनाभन्दा बढी समयका लागि नियुक्ति गर्दा उम्मेदवारको उपयुक्तता, स्थानीय तहको संगठित संस्थाका कर्मचारीको सेवाका शर्त सम्बन्धी कानुन र त्यस्तो सेवाका पदमा बढुवा र विभागीय कारबाही गर्दा अपनाउनुपर्ने सामान्य सिद्धान्तको विषयमा आयोगको परामर्श लिनुपर्ने व्यवस्था रहेको छ। पालिकाले आयोगको परामर्श बेगर निम्नानुसारका कर्मचारीहरुको स्तरवृद्धि गरेकोले स्तरवृद्धि पश्चातको थप रकम यकिन गरी असुल गर्नुपर्दछ।

| **कर्मचारीको नामथर** | **साविकको पद** | **बढुवा भएको पद** | **बढुवा भएको मिति** |
|---|---|---|---|
| श्री ओमप्रसाद गौतम | शाखा अधिकृत (शिक्षा) | अधिकृतस्तर आठौ | २०७९।१०।०१ |
| श्री विपि लामा | शाखा अधिकृत (लेखा) | अधिकृतस्तर आठौ | २०७९।१०।०१ |

८२ **अतिरिक्त समय भत्ता :**

सार्वजनिक खर्चमा मितव्ययीता सम्बन्धी मापदण्ड, २०७८ को बुदाँ नं. ११ मा प्रोत्साहन भत्ता, अतिरिक्त भत्ता, खाजाखाना लगायतका कुनै प्रकारका भत्ता प्रदान गरिने छैन। पालिकाले आन्तरिक श्रोतको सिमितता र वित्तीय समानीकरण अनुदानको परनिर्भरतामा मापदण्डविपरीत १४१ जना कर्मचारीलाई अतिरिक्त समय काम गरेको भनि रु ४९५००० भुक्तानी दिएको छ। कार्यालयले अतिरिक्त समय बसी गरेको कामको विवरण, १४१ जना कर्मचारीले अतिरिक्त समय काम गर्नुपर्नाको कारण समेत नखोली भुक्तानी दिएकोले बढी व्ययभार परेको रु

| | |
|---|---|
| अनियमित भएको | ४,९५,००० |

८३ **आर्थिक सहायता :**

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी दिर्घ रोगी, औषधी उपचार, आगलागी तथा वाढी पीडित विभिन्न ७७ व्यक्तिहरुलाई न्यूनतम रु ५००० देखि अधिकतम रु २००००० सम्म रु. १९९४५०० आर्थिक सहायता वितरण गरेको देखिन्छ। उक्त रकम पालिकाको कुल आन्तरिक आय रु. ११५४९३९२ को १७।२७ प्रतिशत हुन आउँछ। कार्यपालिकाले पटके निर्णय गरी आर्थिक सहायता वितरण गर्ने गरेको पाइयो। यसरी कार्यपालिकाले निर्णय गरी अधिक मात्रामा आर्थिक सहायता वितरण गर्दा कार्यालयलाई थप व्ययभार बढ्ने र भविष्यमा आई पर्ने जोखिमलाई ध्यान दिई यस्तो खर्चमा नियन्त्रण हुनुपर्दछ।

८४ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित १६६ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ७२ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका कृषि, पशु अधिकृत सहित ९४ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनु पर्दछ।

८५ **तलबी प्रतिबेदनः**

स्थानिय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तह अन्तर्गतका कर्मचारीहरूको बार्षिक तलबी प्रतिबेदन र निजामति कर्मचारीको तलवी प्रतिवेदन निजामति सेवा ऐन, २०४९ को दफा ७ ख(२) बमोजिम जिल्ला स्थित कोष तथा लेखा नियन्त्रकको कार्यालयबाट पारित गराई तलब खर्च लेख्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले यस वर्ष पालिकामा कार्यरत स्वास्थ्य तर्फ रु १४८७२४२४ र गाउँपालिकाको साविक स्थानीय तह तर्फ रु ६७४२०६० गरी जम्मा रु २१६१४४८४ को तलवी प्रतिवेदन पारित नगरी तलवमा खर्च गरेको छ । यसरी तलबि प्रतिवेदन पारित नगराई खर्च गर्दा तलव भत्ता तथा ग्रेडको सम्बन्धमा यकिन गर्न सकिएन । ऐनको व्यवस्था वमोजिम तलवी प्रतिबेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ ।

८६ **कर्मचारी स्तरवृद्धि सम्बन्धमा :**

कर्मचारी समायोजन ऐन, २०७५ मा साविक जिल्ला बिकास समितिमा कार्यरत कर्मचारीको स्तरबृद्धिको सम्वन्धमा स्पष्ट ब्यवस्था गरेको छैन। साविक जिल्ला बिकास समितिमा तेस्रो तहमा कार्यरत कर्मचारहरु डण्डपाणी भण्डारी र रुपक श्रेष्ठलाई समायोजन ऐन अनुसार पालिकामा समायोजन पश्चात कुनै कानूनी आधार वेगर नै २०७५ फागुन ३० को गाउँससभाले साविक गाउँविकास समितिमा ११ वर्ष सेवा अवधि पुरा भएको भनी आर्थिक वर्ष २०७५।०७६ मा चौथो तहमा स्तर बृद्धि तथा समायोजन गरेको र हाल सक्रीय रहेको स्थानीय सेवा (गठन तथा संचालन) ऐन. २०७९ लागू भए पश्चात उल्लिखित दुई कर्मचारीहरुलाई २०८०।९।२६ गते पुनः एक तह (पाँचौ तहमा) स्तर बृद्धि गरेको छ । पालिकाले कानूनी आधार वेगर नै तेस्रो तहबाट चौथो तहमा स्तर बृद्धि गरेको साथै चौथो तहबाट पाँचौ तहमा स्तर बृद्धि गरेकोले स्तरवृद्धि गर्न मिल्ने आधार पेश गर्ने अन्यथा आधार वेगर स्तरोन्नतीको निर्णय गर्ने पदाधिकारीलाई जिम्मेवार बनाई थप सेवा सुविधा बापतको तलव भत्ता तथा अन्य रकम खर्च लेख्न पाउने आधार पेश गरिनु पर्दछ ।

८७ **उपाध्यक्षलाई सहयोगी कर्मचारी :**

स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५(पहिलो संशोधन समेत) मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले व्यक्तिगत सहयोगी कर्मचारी राख्न पाउने व्यवस्था गरेको छैन्। त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्न नहुने उल्लेख छ । गाउँपालिकाको सभाले निर्णय गरी उपाध्यक्षको कार्यकक्षमा बसी कामकाज गर्ने गरी श्री जगत विक्रम के सी लाई ज्यालादारीमा मासिक रु १६५००, चाडपर्व र पोषाक खर्चवापत रु १०००० गरी जम्मा रु २२४५०० खर्च लेखेको छ। मासिक रु १५००० को दरले भुक्तानी दिने भनि सभाले निर्णय गरेकोमा कार्यालयले मासिक रु १६५०० को दरले सम्झौता गरी बढी भुक्तानी दिएको रु १९५००। असूल गर्नुपर्नाको साथै प्रचलित कानून विपरित सहयोगी कर्मचारी नियुक्ति गरी खर्च लेखेकोले नियमसम्मत नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | २,२४,५०० |

८८ **कर्मचारी व्यवस्था :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा 83 (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन। पालिकाले उल्लेखित पदहरुमा बाहेक कर्मचारी करारमा नियुक्त गरी तलव भत्ता रु. ७३४२४८३ भुक्तानी गरेको पाइयो। ऐनको व्यवस्था विपरीत कामको बोझ रआन्तरिक आयलाई मध्यनजर गरी कानुन बमोजिम पारदर्शी हिसाबले नियुक्ति गर्नुपर्नेमा सो बमोजिम नभई करारमा राख्नु उचित र नियमसम्मत नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | ७३,४२,४८३ |

८९ **अन्तर प्रदेश कामकाजमा खटिएको कर्मचारीको स्तरवृद्धि :**

बागमति प्रदेश सरकारले जारी गरेको स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०७९ को दफा १४५(१) मा प्रदेशको स्थानीय तहभित्र समायोजन भएका वा संघीय वा प्रदेश लोक सेवा आयोगको सिफारिसमा पदपूर्ति भएकोमा बाहेक अन्य प्रदेशका स्थानीय तहबाट कामकाज वा काजमा खटिएका कर्मचारीले यस ऐन बमोजिम हुने तह बृद्धि, बढुवा, उपदान, निबृत्तिभरण लगाएतका सुविधा नपाउने तथा उपदफा (२) मा उल्लिखित बमोजिमको अवस्थामा सुविधा प्रदान गर्ने सम्वन्धमा स्थानीय तहले निर्णय समेत गर्न नमिल्ने ब्यवस्था गरेको छ। पालिकामा कार्यरत छैटौं तह अधिकृत नवीन न्यौपाने प्रदेश नं. २ बाट यस पालिकामा काजकाजका लागि काज सरुवा भई आउनु भएकोमा निज कर्मचारीलाई पालिकाले २०७९ आषाढमा निर्णय गरी २०७९ श्रावण १ देखि लागुहुने गरी माथिल्लो तहमा तह बृद्धि गरी एक तह माथिको सेवा सुविधा भुक्तानी भएकोले ऐन विपरीत भएको तह बृद्धिको सम्वन्धमा आवश्यक छानबिन गरी सम्वन्धित पदाधिकारीलाई जिम्मेवार बनाई थप सुविधा लिएको तलव भत्ता समेत यकिन गरी असुल गर्नुपर्दछ।

९० **भ्रमण आदेश स्वीकृत नगरी भुक्तानी :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई, कागजात समावेश रहे नरहेको तथा

संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यहोरा उल्लेख छ। पालिकाले विभिन्न वडामा कार्यरत निम्नानुसारका पदाधिकारी तथा कर्मचारीहरुको भ्रमण आदेश स्वीकृत वेगर भ्रमण खर्च भुक्तानी दिएको रकम सम्बन्धितबाट असुल उपर गर्नुपर्ने रु

| गो भौ नं | नामथर | पद | भ्रमण मिति | स्थान | रकम |
|---|---|---|---|---|---|
| | रमा विक | कार्यपालिका सदस्य | २०७९।४।१३ देखि ४।१७ | सिन्धुली | ६३०० |
| | रमा विक | कार्यपालिका सदस्य | ०७९।५।१३ देखि ५।१७ | सिन्धुली | ६३०० |
| | लोक बहादुर कार्की | वडा अध्यक्ष | २०७९।४।१३ देखि ४।१८ | सिन्धुली | ६३०० |
| | लोक बहादुर कार्की | वडा अध्यक्ष | ०७९।५।१३ देखि ५।१८ | नखुलाएको | ६३०० |
| ३४५।०७९।११।२५ | लोक बहादुर कार्की | वडा अध्यक्ष | ०७९।९।७ देखि ९।११ | नखुलाएको | ६००० |
| | रमा विक | कार्यपालिका सदस्य | ०७९।९।७ देखि ९।११ | नखुलाएको | ५००० |
| | लोक बहादुर कार्की | वडा अध्यक्ष | २०७९।१०।१४ देखि १०।१८ | सिन्धुली | ६००० |
| | रमा विक | वडा अध्यक्ष | २०७९।१०।१४ देखि १०।१८ | सिन्धुली | ५००० |
| ३६८।०७९।१२।२ | कृष्ण बहादुर विसुन्के | कार्यपालिका सदस्य | ०७९।८।२१ देखि ८।२४ | नखुलाएको | ५१०० |
| ३६८।०७९।१२।२ | सुरथ कुमार बसेल | वडा अध्यक्ष | ०७९।८।२० देखि ८।२५ सम्म | नखुलाएको | ६३०० |
| ६२४।०८०।३।१५ | यम बहादुर मगर | वडा अध्यक्ष | ०७९।१२।८ देखि ०७९।८।२० सम्म | सिन्धुली | ६००० |
| ६२६।०८०।३।१७ | सुरथ कुमार वसेल | वडा अध्यक्ष | ०७९।१२।५ देखि १२।१० | सिन्धुली | ६३०० |
| | कृष्ण बहादुर विसुन्के | कार्यपालिका सदस्य | ०७९।१२।१९ देखि १२।२२ | नखुलाएको | ५१०० |

| | | | | | |
|---|---|---|---|---|---|
| | सुरथ कुमार वसेल | वडा अध्यक्ष | ०७९।११।१४ देखि ११।१९ | नखुलाएको | ६३०० |
| | कृष्ण बहादुर विसुन्के | कार्यपालिका सदस्य | ०७९।११।१४ देखि ११।१८ | नखुलाएको | ५१०० |
| | सुरथ कुमार वसेल | वडा अध्यक्ष | ०७९।१०।२० देखि १०।२५ | नखुलाएको | ६३०० |
| | कृष्ण बहादुर विसुन्के | कार्यपालिका सदस्य | ०७९।१०।१५ देखि १०।२० | नखुलाएको | ५१०० |
| ६६६।०८०।३।२० | चन्द्र बहादुर श्रेष्ठ | वडा अध्यक्ष | ०७९।१२।१८ देखि १२।२२ | नखुलाएको | ६००० |
| | चन्द्र बहादुर श्रेष्ठ | वडा अध्यक्ष | ०७९।११।१८ देखि ११।२२ | | ६००० |
| | डेना कोइराला | कार्यपालिका सदस्य | ०७९।११।०३ देखि ११।६ | | ५१०० |
| | डेना कोइराला | कार्यपालिका सदस्य | ०७९।१२।३ देखि १२।६ | | ५१०० |
| | उद्धवराज गिरी | वडा सचिव | ०७९।११।२२ देखि ११।२५ | | ५१०० |
| | उद्धवराज गिरी | वडा सचिव | ०७९।१२।२६ देखि १२।३० | | ५१०० |
| | सम्झना बुढाथोकि | सब इन्जिनियर | ०७९।११।२१ देखि ११।२४ | | ५१०० |
| | सम्झना बुढाथोकि | सब इन्जिनियर | ०७९।१२।३ देखि १२।६ | | ५१०० |
| | सिर्जना पौडेल | कअ | ०७९।१२।८ देखि १२।१० | | ३२५० |
| | सिर्जना पौडेल | कअ | ०७९।११।३ देखि ११।५ | | ३२५० |
| | लाल बहादुर भुजेल | कास | ०७९।११।१० देखि ११।११ | | १००० |
| | लाल बहादुर भुजेल | कास | ०७९।१२।०९ देखि १२।१० | | १००० |

| जम्मा | १४९९० ० |
|---|---|

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,४९,९०० |

९१ **सक्कल विल पेश नभएको :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा सक्कल बिल भरपाई साथ लेखा राख्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले सुचना प्रकाशन गरेवापत पार्श्व मिडिया प्रा लि लाई फोटोकपि बिल (विजक नं १५८) को आधारमा रु ११२७१७। भुक्तानी दिएकोले विजक नं १५८ को सक्कल बिल पेश गर्नुपर्ने अन्यथा असुल गर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,१२,७१७ |

९२ **श्रेणि विहिन कर्मचारीको तहवृद्धि :**

कर्मचारी समायोजन ऐन, २०७५ मा साविक जिल्ला बिकास समितिमा कार्यरत कर्मचारीको स्तरबृद्धिको सम्वन्धमा स्पष्ट ब्यवस्था गरेको छैन। साविक जिल्ला बिकास समितिमा श्रेणि विहिन कार्यालय सहयोगी पदमा कार्यरत कर्मचारी श्री ओम नारायण मगरलाई मिति २०७४।३।९ मा श्रेणि विहिन तृतिय स्तरमा तह वृद्धि गरी समायोजन ऐन अनुसार पालिकामा सोही पदमा मिति २०७६।१।१४ मा समायोजन भई कार्यरत निज कर्मचारीलाई पालिकाले कुनै कानूनी आधार वेगर नै निर्णय गरी नै मिति २०७९।१०।०१ बाट लागु हुने गरी सहायकस्तर चौथो तह प्रशासन सेवामा तहबृद्धि गरेको छ। यसरी प्रचलित कानुन विपरित स्तरबृद्धि गरेको सम्वन्धमा आवश्यक छानविन गरी गैर-कानूनी ढंगबाट स्तरबृद्धि भएको पाइएमा सम्वन्धित पदाधिकारीलाई जिम्मेवार बनाई निजहरुले लिएको थप सेवा सुविधा बापतको तलव भत्ता तथा अन्य रकम समेत असुल गर्नुपर्दछ।

९३ **अस्थायी कर्मचारीको स्तरवृद्धि :**

अर्थ मन्त्रालयको कार्यसंचलान निर्देशिका, २०७७ (आठौं संस्करण) को बुँदा नं ७.१.७ मा अस्थायी कर्मचारीको सुविधा सम्वन्धि उल्लेख गरेको छ। साथै स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ८५(२) मा कर्मचारी समायोजन सम्बन्धि व्यवस्था छ। तत्कालिन जिल्ला बिकास समितिमा पाँचौ तह अस्थायी सेवामा कार्यरत कर्मचारी श्री कपिलराज थापालाई गाउँपालिकामा अस्थायी सेवा सहायकस्तर पाँचौ तहमा समायोजन गरी सोही तहमा कार्यरत कर्मचारीलाई कुनै कानूनी आधार वेगर नै गाउँसभाको मिति २०७९।११।४ को निर्णयले अधिकृत स्तर छैटौ तहमा स्तरबृद्धि गरी रु ५२३४५ बढी खर्च गरेको छ। यसरी प्रचलित ऐन कानून विपरित सभाले निर्णय गरी स्तरवृद्धि गरेको हुँदा आवश्यक छानविन गरी गैर-कानूनी ढंगबाट स्तरबृद्धि भएकोले सम्वन्धित पदाधिकारीलाई जिम्मेवार बनाई निजले लिएको थप सेवा सुविधा बापतको तलव, भत्ता, ग्रेड, महङ्गी भत्ता तथा अन्य रकम समेत यकिन गरी असुल गर्नुपर्दछ रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५२,३४५ |

## ९४ औषधिको गुणस्तरः

सार्वजनिक खरिद नियमावलीको नियम १११(१)(ङ) अनुसार सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा गुणस्तर पक्षको निरीक्षण र परीक्षण गर्नुपर्दछ ।कार्यालयले यस वर्ष रु.२४९८२६२.० बराबरको औषधि खरिद गरेको पाईयो ।बार्षिक रुपमा खरिद गर्ने औषधी तथा औषधीजन्य सामग्रीको गुणस्तर सुनिश्चितता गर्न आधिकारिक प्रयोगशाला परीक्षण गर्ने/गराउने तथा सो बमोजिम उक्त औषधी तथा सामग्रीहरुको निरीक्षण गराएको पाइएन ।अतः नियमावली तथा सम्झौतामा उल्लेख भए अनुसार गुणस्तर पक्षको सुनिश्चितता गर्न गुणस्तर परीक्षण गर्नुपर्दछ ।

## ९५ औषधि खरिदः

औषधिजन्य मालसामान खरिद तथा आपूर्ति व्यवस्थापन सहजीकरण पुस्तिका,२०७४ बमोजिम स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली (Health Management Information System (HMIS) बाट सङ्कलन भएको रुग्णता (Morbidity), सेवाको उपलब्धता, उपचार तालिका, आपूर्ति व्यवस्थापन सूचना प्रणाली (LMIS) बाट सङ्कलन भएको खर्च विवरण, एवं स्वीकृत कार्यक्रमबमोजिम औषधिको आवश्यकता साथै तोकिएको प्राविधिक स्पेसिफिकेशनसँग विश्लेषण गरी सार्वजनिक खरिद नियमावलीको नियम ३, ५क र ९ बमोजिमको प्रक्रिया पुयाई औषधी खरिदको आवश्यकता र लागत अनुमान तयार गरी आपूर्तिकर्ताहरुबीच प्रतिस्पर्धा गराई विश्व स्वास्थ्य सँगठनबाट पूर्वयोग्यता प्राप्त औषधी उत्पादक कम्पनीसंग डव्लु.एच्.ओ. र जि.एम.पि. मान्यता प्राप्त भएको प्रमाण लिई मात्र खरिद गर्नुपर्ने व्यवस्था छ । तर पालिका औषधिजन्य मालसामान खरिद तथा आपूर्ति व्यवस्थापन सहजीकरण पुस्तिका,२०७४ तथा सार्वजनिक खरीद नियम ३, ५(क) र ९ मा भएको व्यवस्था पुरा गरी खरीद गरेको देखिएन ।

## ९६ विद्यालयको अनुगमन नियमन व्यवस्थाः

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ११ अनुसार माध्यमिक तहसम्मका विद्यालय संचालन तथा व्यवस्थापनको लागि आवश्यक नीति निर्माण,अनुगमन मुल्याङ्कन तथा नियमन सम्बन्धि कार्य सम्बन्धित पालिकाले गर्ने व्यवस्था भएकोमा पालिकाले विद्यालय अनुगमन सम्बन्धि मापदण्ड तय गरेको छैन।जसबाट विद्यालय अनुगमन कार्य प्रभावकारी रुपमा संचालन हुन नसक्ने देखिएकाले अनुगमन मापदण्ड तयार गरी विद्यालय अनुगमन कार्यलाई प्रभावकारी रुपमा संचालन गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

## ९७ नमुना विद्यालयः-

शिक्षा तथा मानब स्रोत विकास केन्द्रद्वारा प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप नं २.७.१३.१० को बुँदा ५.४ मा निर्देशिकाको अनुसूचि १० को खण्ड क,ख र ग मा उल्लेखित विद्यालयलाई स्वीकृत गुरुयोजनाका आधारमा निर्माण गरिएको वार्षिक कार्यान्वयन योजना अनुसार नमुना विद्यालय विकास एवम् सञ्चालन निर्देशिका,२०७४(संसोधनसहित) मा उल्लेखित तत्कालीन रुपमा शैक्षिक सुधार हुने क्रियाकलाप निर्धारण गरी शैक्षिक पूर्वाधारहरु,छात्रावास व्यवस्थापन,शैक्षिक सुशासनका न्यूनतम सर्त पूरा गर्ने लगायतका कार्यक्रम गर्न भौतिक पूर्वाधार विकासका लागि विनियोजित बजेटको कार्य प्रगतिसहितको प्रस्ताव विद्यालयबाट पेस गर्न लगाउने साथै यस आवमा

सम्पादन गर्ने कार्यक्रम निर्धारण गरी स्थानीय तह र विद्यालयबिच सम्झौता गरी उल्लेखित विद्यालयका लागि रु.५० लाख अनुदान उपलब्ध गराउने व्यवस्था छ।पालिकाले आ.व. २०७९/८० मा प्रगतिशील मा.वि. रातमाटालाई रु.४९ लाख पचास हजार भुक्तानी गरेकोमा पालिकाद्वारा प्रदान गरिएको अनुदान रकमबाट भए गरेको कामको कार्यप्रगति प्रतिवेदन,लेखापरीक्षण प्रतिवेदन,सामाजिक परीक्षण प्रतिवेदन पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४९,००,००० |

९८ **शैक्षिक व्यवस्थापन सूचना प्रणाली(IEMIS):**

• कार्यक्रम कार्यान्वयन पुस्तिकामा IEMIS मा प्रविष्ट तथ्यांकलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्यांकसंग सत्यापन(भिडान) गराई शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयलाई अनुदान निकासा दिनुपर्ने कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसंग सत्यापन गर्ने व्यवस्था कार्यान्वयन भएको पाईएन,

• शिक्षा नियमावली,२०५९ को परिच्छेद ३ नियम १६ मा नं (झ) मा शिक्षक सेवा आयोगबाट नियुक्ति वा बढुवाको लागि सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने,सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख गरि राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु तयार गरेको पाईएन,

• संस्थागत विद्यालयहरुको दर्ता,नविकरण शुल्क निर्धारण,अनिवार्य निःशुल्क छात्रवृत्ति,वर्गिकरण,अनुगमन र अभिलेख व्यवस्थित भएको पाईएन,

संस्थागत विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुको तथ्याङ्क शैक्षिक व्यवस्थापन सूचना प्रणाली,(IEMIS) अद्यावधिक गरेको पाईएन ।

९९ **समानिकरण अनुदानबाट शिक्षकलाई पारिश्रमिकः**

अन्तर सरकारी वित्तिय व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई सशर्त अनुदान उपलध गराउने र उक्त रकम तोकिएको शर्त बमोजम खर्च गर्नुपर्ने व्यवस्था छ ।पालिकाले सशर्त अनुदान अन्तर्गत तलब भत्ता भुक्तानी गर्ने गरी स्वीकृत दरबन्दि भित्र नपरेका गाउँपालिका अनुदान कोटातर्फ १८ विद्यालयका ३४ जना शिक्षकलाई रु.१२३६१६००.० र २ वटा विद्यालयका ३ जना निजी श्रोतका शिक्षकलाई रु.३९६०००.० गरी कुल ३७ शिक्षकलाई तलब भत्ता बापत रु.१२७५७६००.० भुक्तानी गरेको पाईयो। पालिकाको आन्तरिक आय रु.११५८४४९९.० मात्र रहेको,व्यवस्थापन सर्भेक्षण नभएको,सशर्त अनुदानबाट तलब भत्ता आउने शिक्षकको तलब खर्च समानिकरणबाट खर्च लेख्नु उचित र नियमसम्मत होईन ।

१०० **पाठ्यपुस्तक अनुदानः**

कार्यक्रम कार्यान्वयन पुस्तिका,२०७९/८० क्रियाकलाप नं २.४.६.१ को बुँदा ३.१ मा प्रति विद्यार्थी लागतका आधारमा कक्षा १ देखि १२ सम्म अध्ययनरत विद्यार्थीका लागि निःशुल्क पाठ्यपुस्तक अनुदान वापत पहिलो पटकमा विद्यार्थी सङ्ख्याको ७५ प्रतिशत सङ्ख्यालाई मात्र अनुदान दिने र शैक्षिक सत्र २०८० को विद्यार्थी भर्नाको विवरण,पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणको आधारमा यकिन गरी नपुग हुने रकम मात्र थप २५ प्रतिशतबाट अनुदान व्यवस्थापन गर्ने व्यवस्था रहेको छ।कार्यालयले देहाय असुसूची बमोजिम EMIS विवरणभन्दा बढी विद्यार्थी संख्यालाई पाठ्यपुस्तक वितरण गरेको साथै अन्य विद्यालयको सम्बन्धका कार्यालयले यकिन गरी सम्बन्धित विद्यालयबाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,२०,२५६ |

**(विस्तृत विवरण अनुसूची ९ मा संलग्न छ ।)**

१०१ **अनुगमन प्रतिवेदनः**

शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गत शिक्षा तथा मानब श्रोत विकास केन्द्रद्वारा जारी कार्यक्रम कार्यान्वयन पुस्तिका,२०७९/८० क्रियाकलाप नं २.७.१३.१३ को ९.१ मा विद्यालयमा शैक्षिक गुणस्तर सुदृढिकरण एवम कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान बापत छनौट भएका विद्यालयहरुलाई माध्यमिक विद्यालयमा विज्ञान प्रयोशाला अनुदान बापत प्रति विद्यालय ६५००००.० र माध्यमिक विद्यालयमा पुस्तकालय स्थापना तथा व्यवस्थापन(फर्निसिङ,किताब खरिद,तथा ई-पुस्तकालय समेत)का लागि अनुदान बापत प्रति विद्यालयलाई रु ६५००००.० प्रदान गर्ने व्यवस्था छ।पालिकाले उक्त अनुदान प्रदान गरेपश्चात विद्यालयले विज्ञान प्रयोगशाला र पुस्तकालय व्यवस्थापन सम्बन्धमा अनुगमन तथा अनुदानको प्रभावकारिताबारे अनुगमन प्रतिवेदन नभएको हुँदा सो सम्बन्धमा अनुगमन गर्नुपर्दछ ।

| **क्र.सं.** | **विद्यालयको नाम** | **शिर्षक/कार्यक्रम** | **निकासा रकम** |
|---|---|---|---|
| १ | श्री गणेश माध्यमिक विद्यालय,थापाथुम्का | विज्ञान प्रयोशाला अनुदान | ६२७५३६.० |
| २ | श्री प्रगतिशिल मा.वि रातमाटा | पुस्तकालय अनुदान | ६५००००.० |
| **जम्मा** | | | **१२,७७,५३६.०** |

१०२ **सार्वजनिक विद्यालय शैक्षिक गुणस्तरः**

पालिका अन्तर्गत संचालित माध्यमिक तहसम्मको शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने कार्य गाउँपालिकाको कार्यक्षेत्र अन्तर्गत पर्दछ ।सोही अनुसार पालिकाले विद्यालय शैक्षिक गुणस्तर मापनको मापदण्ड तयार गरी कार्यान्वयन

गर्नुपर्नेमा सो गरेको छैन ।अतः शैक्षिक गुणस्तरको मापन मापदण्ड तयार गरी कार्यान्वयन गर्ने र सोही अनुसार विद्यालयको अनुगमन मुल्याङ्कन गरी प्रतिवेदन पेश गर्नुपर्दछ ।

१०३ **निजि विद्यालय व्यवस्थापनः**

यस पालिकामा २ वटा निजी विद्यालय रहेका छन् ।पालिकाले निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरेको छैन भने निजी विद्यालय शुल्क निर्धारण तोकिए बमोजिम गरेको छ छैन सो को अनुगमन गरी अनुगमन प्रतिवेदन तयार गरी अभिलेखाङ्कन गरेको पाईएन ।सो सम्बन्धमा पालिकाले ध्यान दिनुपर्दछ ।

१०४ **अनुदानको उपयोगः-**

शिक्षा तथा मानब स्रोत विकास केन्द्रद्वारा प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप नं २.७.१३.१३ को बुँदा ९.१२ मा विद्यालयले आर्थिक लेखापरीक्षण स्थानीय तहको अन्तिम लेखापरीक्षण हुनु अगावै गराउनुपर्ने व्यवस्था रहेको छ ।आधारभूत तथा माध्यमिक तह संचालित विद्यालयहरुलाई सामाजिक परीक्षण तथा आर्थिक लेखापरीक्षण,विद्यार्थी परिचय पत्र,विद्यालय तथ्याङ्क व्यवस्थापन,बुलेटिन प्रकाशन लगायतका क्रियाकलाप संचालनका लागि एकमुष्ठ अनुदान वापत ४७ विद्यालयलाई रु. ५२००००.० भुक्तानी भएकोमा अन्तिम लेखापरीक्षणको समयसम्म पनि विद्यालयले आफ्नो लेखापरीक्षण प्रतिवेदन पेश नगरेको हुँदा विद्यालयले प्राप्त गरेको रकम सम्बन्धित कार्यमा खर्च गरे नगरेको तथा खर्चमा मितव्ययिता भएको विश्वस्त हुन सकिएन ।

१०५ **शिक्षक दरवन्दी र पदपुर्तिः-**

शिक्षा नियमावली,२०५९ को नियम ९२ मा विद्यालयमा रहने शिक्षक दरबन्दी बारे व्यवस्था रहेको छ साथै नियम ७७ मा सामुदायिक विद्यालयको प्रत्येक कक्षामा रहने विद्यार्थी संख्या सामान्यतया उपत्यका तथा तराई क्षेत्रमा पचास,पहाड क्षेत्रमा पैतालीस र हिमाली क्षेत्रमा चालीस हुनुपर्ने व्यवस्था रहेको छ ।स्थानीय तह अन्तर्गत विभिन्न तहका ४७ सामुदायिक विद्यालयको शिक्षक दरवन्दी र पदपुर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको छ।

| विद्यालयको संख्या | शिक्षक दरबन्दी | पदपुर्ति | पदपुर्ति मध्ये करार | विद्यार्थी संख्या | प्रति शिक्षक बिद्यार्थी अनुपात |
|---|---|---|---|---|---|
| ४७ | २५१ | २५१ | १३२ | ५३३० | १:२१ |

शिक्षक दरबन्दी बमोजिम शिक्षक पदपूर्ति गर्नुपर्दछ ।

१०६ **सेनिटरी प्याड खरिदः**

**सेनिटरी प्याडः** सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको सेनिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा सेनिटरी प्याड

त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाभित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु १३६७ जना रहेका छन। पालिकाले सेन्ट्रल रिजन मल्टिपर्पोज प्रा.लि.बाट १२४५० थान सेनिटरी प्याड रु.९७७७६०.७५(भ्याट सहित) मा खरिद गरेको पाईयो । पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा १९३५५ थान सेनिटरी प्याड खरिद भई ११२८४ थान वितरण गरी ११६६ थान सेनिटरी प्याड मौज्दातमा राखेको देखिन्छ। खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राखेको पाइएन।तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ ।

**सेनिटरी प्याड गुणस्तरः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ।कार्यालयले आ.व. २०७९/८० मा सेन्ट्रल रिजन मल्टिपर्पोज प्रा.लि.बाट १९३५५ थान सेनिटरी प्याड रु.९७७७६०.७५(भ्याट सहित)मा खरिद गरेकोमा प्याडको गुणस्तरबारे सेनिटरी प्याड(वितरण तथा व्यवस्थापन)कार्याविधि,२०७६ को अनुसूचि १ बमोजिमको भए नभएको परीक्षण गरेको पाइएन ।

१०७ **कृषि अनुदानः**

पालिकाले आ.व २०७९/८० मा नयाँ सुन्तला जात फलफुल बाली पकेट विकास कार्यक्रम संचालन वापत श्री बहुउदेश्यीय कृषक समूह,कोटगाउँलाई ५० प्रतिशत अनुदान अन्तर्गत रु. ६९०४९८०.० खर्च लेखेको पाईयो ।स्थानीय निकायले अनुदान वितरणका लागि कृषक तथा लाभग्राहीको अद्यावधिक तथ्याङ्क,छनौटको मापदण्ड निर्धारण, लाभग्राहीको प्राथमिकिकरण तथा अनुदान वितरणको स्पष्ट अभिलेखाङ्कन गरेको पाईएन।वास्तविक तथा प्राथमिकता प्राप्त कृषक समुह,कृषि सहकारी तथा लाभग्राहीले अनुदान पाएको,एकै व्यक्ति तथा संस्थालले पटक पटक एकै प्रकारको अनुदान नपाएको र अनुदान वितरणमा पारदर्शिता कायम भएको सुनिश्चित हुन सकिएन ।पालिकाले अनुदानको उपयोगिता र प्रभावकारिताबारे अनुगमन तथा मुल्याङ्कन गर्न ध्यान दिनुपर्दछ ।

१०८ **फलफूल तथा तरकारी मूल्य श्रृँखला**

फलफूल तथा तरकारी मूल्य श्रृँखला कार्यक्रममा यसवर्ष रु १६३९८७९। खर्च भएको कार्यक्रम सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन्

१०८.१ **तालिमको अनुगमन भत्ता -** सार्वजनिक खर्चमा मितब्ययिता तथा प्रभावकारिता कायम गर्ने नीतिगत मार्गदर्शन, २०७५ ले सरकरी खर्च किफायती तरिकाले गर्नुपर्ने व्यवस्था गरेको छ । वाली उत्पादनोपरान्त क्षति न्यूनीकरण तालिम कार्यक्रमको लागि नाप्रास पदिप श्रेष्ठले लिएको रु ५०००००। पेश्की भौ नं ३-२०७९।६।१४ बाट फर्स्यौट गर्दा निम्नानुसारका पदाधिकारी/कर्मचारीलाई मिति २०७९।६।६ र २०७९।६।१९ मा तालिमको अनुगमन

गरेको उल्लेख गरी अनुगमन भत्ता भुक्तानी गरेको छ । तालिम जस्तो कार्यक्रमको अनुगमन गरेको भनी खर्च लेखेको कानुनसम्मत नदेखिएकोले कर कटाई भुक्तानी गरेको अनुगमन भत्ता रु ३४०० असुल गर्नुपर्ने देखिएको रु ***(प्रारम्भिक प्रतिवेदन उपर असुल भएको प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।२५ को निर्णयबाट रु.६,८०० सम्परीक्षण गरिएको ।)***

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,४०० |

१०८.२ पोलिहाउस निर्माण कार्य — कार्यक्रमको ८५ प्रतिशत र उपभोक्ताको १५ प्रतिशत लागत साझेदारी रहने गरी लागत अनुमान रु ९९००००। हजार तयार गरी ९ वटा पोलिहाउस निर्माण कार्य निर्माण व्यवसायी मार्फत गराई रु ९९६८७९। खर्च लेखेको छ । कार्यालयले गत विगतमा अनुदान सुविधा नलिएका, आर्थिक तथा सामाजिक रुपले विपन्न तथा कृषि पेसा गर्न चाहने नयाँ परीवार छनौट नगरी पालिकाले वडा नं ७ कार्यालयलाई पत्र लेखि ९ जना कृषक छनौट गरी पठाईदिन लेखेको पत्रमा हाल ३ वटा टनेल भएको व्यक्तिहरु हुनु पर्ने मापदण्ड निर्धारण गरे अनुसार वडाकार्यालयको सिफारीश अनुसार ९ वटा टनेल बनाएकोमा लागत अनुमान बनाउँदा लागत अनुमान लिएको आधार स्पष्ट नभएको, ९ ठाउँमा बन्ने टनेलको एकमुष्ट लागत अनुमान, नापी मूल्याँकन तथा कार्यसम्पन्न वनाएको तथा लागत अनुमानकै दरमा समावेश हुने ढुवानीकार्यको लागि मू अकर समेत रु ३०५१०। ढुवानी खर्च राखेको तथा समान बुझिलिने व्यक्तिसंग कवुलियत गराएको समेत देखिएन । लागत अनुमानमा थप ढुवानी दिएको रु ३०५१०। असूल हुनुपर्ने साथै स्पष्ट मापदण्ड वेगर तथा सक्षम व्यक्तिलाई अनुदान दिने कार्य उपयुक्त नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | ९,९६,८७९ |

१०९ **सामाजिक सुरक्षा तर्फ :**

१०९.१ **निकासा खर्च**: सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगतकट्टा तथा भत्ता वितरण लगायत यससँग सम्बन्धित विविध व्यवस्थाहरु गरेको छ। यस बर्ष पालिकाले रु. १२५०२४२९९।३० निकासा गरेकोमा बैंकको फरवार्ड फिड परिक्षण गर्दा रु १२५१५२१६८ निकासा भएको देखिन्छ। बढी निकासा भएको रकम रु १२७८६८ को सम्बन्धमा पालिकाले यकिन गर्नुपर्दछ। साथै पालिकाले सामाजिक सुरक्षा भत्ता वितरण गर्नका लागि बैंकमा रु १२५१५११६८ निकासा गरेकोमा बैंकबाट प्राप्त भएको रिभर्सफिड परिक्षण गर्दा जम्मा रु १२४७८१८७८ लाभग्राहीको खातामा जम्मा भएको देखिएकोले बाँकी रु ३७०२९० देखिएकोमा पुन रु ३१४९१२ छुट लाभग्राहीको खातामा जम्मा गरेको छ। बाँकी रु ११४३८ फिर्ता गरी संघीय संचितकोष दाखिला गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ११,४३८ |

१०९.२ **सामाजिक सुरक्षातर्फ बढी निकासाः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक वर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैङ्क मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा

कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ। तर पालिकाले निम्नानुसार लाभग्राहीको मृत्यू भइसके तापनि लाभग्राहीको लगत कट्टा नगरी बढी खर्च गरेक देखिएकोले लाभग्राहीको लगत अद्यावधिक गरी बढी खर्च लेखेको रकम पालिकाबाट यकिन गरी असुल गर्नुपर्ने रु.

| Installment | Ward Number | Member Name | Citizenship Number | Bank Account Number | Deposited Amount | मृत्यु मिति | बढी निकासा |
|---|---|---|---|---|---|---|---|
| ३ | ३ | San Man Sarki | ६५१३२३७९ | १४८०१०००००६८१११९ | १२००० | २०७९।१०।७ | ११०६९ |
| ३ | ५ | Ram Bahadur Thapa | ५१३२१५९३ | १४८०१००००२४७२११९ | १२००० | २०७९।१२।८ | २७४१ |
| २ | ६ | tank bahadur ranamagar | ३०६७१६८० | ०८१००५४७७३१३२ | १२००० | २०७९।६।१५ | १२००० |
| ३ | ६ | tank bahadur ranamagar | ३०६७१६८० | १५५०५२५०००४६४० | १२००० | २०७९।६।१५ | १२००० |
| जम्मा | | | | | | | ३७८१० |

| असुल गर्नुपर्ने | ३७,८१० |
|---|---|

१०९.३ **नागरिकता नम्बर दोहोरो परेको :** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या दोहोरिएको यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था रहेकोमा पालिकाले नागरिकता नं अद्यावधिक नगरी एउटै नागरिकता नम्बर दुई जनाको नाममा रहेको देखिएकोले सो सम्बन्धमा यकिन गरी लाभग्राही समुदायको संख्या यकिन गर्नुपर्ने देखिन्छ। नागरिकता नम्बर एउटै परेको केही उदाहरण निम्नानुसार रहेको छः

| Installment | Ward Number | Personal Id | Member Name | Citizenship Number | Deposited Amount |
|---|---|---|---|---|---|
| 1 | 4 | 1989011600106 | Hari Maya Rashkoti | 203021987 | 12000 |
| 1 | 4 | 2025071700833 | Gita Nepali | 203021987 | 7980 |
| 1 | 4 | 2009110401113 | Nil Maya Shrestha | 2654 | 12000 |

| | | | | | |
|---|---|---|---|---|---|
| 1 | 4 | 201311150258 3 | Sammar Bahadur Syangtan | 2654 | 6384 |

१०९.४ **एम आई एस प्रणालीः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ बमोजिम केन्द्रीकृत सुचना प्रणालीमा प्रविष्टी गरि अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित स्थानीय निकायको हुने व्यवस्था भएपनि समयमा मृत्य दर्ता प्रमाणपत्र एवं वसाईसराई गरेको विवरण पालिकामा नआउदा र वडा कार्यालयमा रहेका मूल लाभग्राही किताब अद्यावधिक नहूदाँ एक चौमासिकमा मृत्यु भएका वा अन्य कारणले नामावलीमा हटाइएको व्यक्तिको विवरण एम आई एस सफ्टवेयर प्रणालीमा अद्यावधिक भएको छैन। केन्द्रीकृत प्रविष्टी प्रणालीलाई व्यवस्थित गराउनुपर्ने देखिन्छ।

१०९.५ **परदर्शिता र जवाफदेहिताः** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७7 अनुसार स्थानिय तहहरुको कार्यालयले सामाजिक सुरक्षा भत्ता सम्वन्धी जानकारी (लाभग्राहीको नाम दर्ता तथा नविकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने वैक र लाभग्राहिले पुरा गर्नुपर्ने प्रकृया) स्थानिय सामाजिक संस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्थाहरुको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्नुपर्ने र यस सम्वन्धी सुचना स्थानिय एफ एम लगायतका संचार माध्यमहरुवाट प्रचार प्रसार गर्नुपर्ने व्यवस्था मिलाउनुपर्ने र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको नाम नामेसी सम्वन्धित स्थानिय तहको वेभ साइटमा राख्नुपर्नेमा सो समेत नगरिएकोमा यस कार्यालयले पारदर्शिता र जवाफदेहिताको विधि प्रकृयाको पालना गरेको पाइएन । यसले गर्दा भत्ता वितरण पारदर्शी ढङ्गबाट भएको छ भनि एकिन हुने अवस्था देखिएन । पालिकाको कार्यालयले कार्यविधिको पालनामा ध्यान दिनु पर्दछ।

१०९.६ **अनुगमन तथा सुपरिवेक्षणः** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७7 अनुसार प्रत्येक कार्यालयले सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमको नियमित अनुगमन, मुल्याङकन तथा सुपरिवेक्षण गर्न एक स्थानिय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गरि निर्देशिका बमोजिम अनुगमन मुल्याङ्कन गरि भत्ता वितरणलाई व्यवस्थित गर्नुपर्नेमा समिति गठन भएको नपाइएकाले कार्यविधि अनुसारको कार्य भएको छैन। कार्यविधिको पालनामा ध्यान दिनुपर्दछ।

१०९.७ **निस्कृय खाता :** सामाजिक सुरक्षा भत्ता बितरण कार्यबिधि, २०७७ को बुदा २६(३) मा एक आर्थिक बर्षसम्म एक पटक पनि रकम नझिकेका लाभग्राहीको बिबरण सेवा प्रदायक बैकबाट अनुसुचि ११ बमोजिमको ढाँचामा प्राप्त गरी त्यस्ता लाभग्राहीको सम्बन्धमा स्थानीय तहले छानबिन गरी कुनै लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्यता नभएको पाईएमा सम्बन्धित बैकबाट लगत कट्टा हुने मितिसम्मको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गरी संघिय सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ ।तर कार्यालयले निष्कृय खाताको विवरण राखेको पाइएन।

१०९.८ **अद्यावधिक गर्नेः** सामाजिक सुरक्षा भत्ता बितरण कार्यबिधि २०७७ को बुदा ५(१)मा स्थानिय तहले प्रत्येक आर्थिक बर्षको लागी कार्तिक मसान्त भित्र लाभग्रहीको नबिकरणको अभिलेख अनिबार्य रुपमा प्रणालिमा अभिलेख गर्नुपर्ने

ब्यबस्था छ ।सो कार्यबिधिको बुँदा १० मा भत्ता पाउने लाभग्रहिको फोटो सहितको मुल अभिलेख लक्षित समुह अनुसार छुट्टाछुट्टै अद्यावधिक गरी स्थानिय तह र प्रत्येक वडा कार्यलयमा राख्नुपर्ने ब्यबस्था भएकोमा कार्यविधि अनुसार लाभग्राहिको लगत अध्यावधिक नगरी रकम वितरण गरेको पाइयो। लाभग्राहीको लगत अध्यावधिक गरिनु पर्दछ।

## अनुसूचीहरू

**अनुसूची - १**

### आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७९/८०

कार्यालय र स्थान : सुनकोशी गाउँपालिका, सिन्धुली , सुनकोशी गाउँपालिका , सिन्धुली

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | अर्जुन दर्जी | २०७९-५-८ | |
| कार्यालय प्रमुख | बसन्त न्यौपाने | २०७७-५-१७ | २०७९-५-८ |
| लेखा प्रमुख | बिपि लामा | २०७७-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| २,१४९,६८६ | ९,२६९,८३४ | ७,४९४,१४६ | ० | ० | ० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | १८,९१३,६६६ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | १५३,२३१ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | १८,७६०,४३५ |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | १०२७९२५०८ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३६१८०५७६८ | चालु खर्च | ३६५५४३००१ |
| प्रदेश सरकारबाट अनुदान | ५३३३६८७६ | पूँजीगत खर्च | १६८०४१२३१ |
| राजश्व बाँडफाँट | १०२३९९८९२ | वित्तीय/अन्य व्यवस्था | १२७५०२८२१ |
| आन्तरिक आय | ११५८४४९९ | | |
| अन्य आय | १३८५१४३७४ | | |
| कुल आय | ६६७६४१४०९ | कुल खर्च | ६६१०८७०५३ |
| बाँकी मौज्दात | | १०९३४६८६४ | |

**बेरूजु दफा ९ सँग सम्बन्धित विवरण - अनुसूची -३**

| योजनाको नाम | कार्यसम्पन्न भएको रकम | भुक्तानी हुनुपर्ने | | बढी भुक्तानी |
|---|---|---|---|---|
| प्रदेश | | | | |
| रमिते-मझुवा-गैरिगाउँ-गउखर्क-अमारे सडक | १३४७६९७४ | ६७३८४८७ | ६८४९०९७ | ११०६१० |
| आँपघारी-घ्याम्पाटार- खानीगाउँ सडक / खाल्टे गहुखर्क सडक | ७६५६३१३ | ३८२८१५७ | ३८२८६९२ | ५३६ |
| संघ | | | | |
| सुनकोशी गाउँपालिका अन्तर्गत रहेको बिभिन्न ग्रामीण सडक पूर्वाधार स्तरओन्नती | १३४७४१६४ | ६६२२२९५ | ६७३७०८२ | ११४७८७ |
| कुल जम्मा | | | | २२५९३३ |

**बेरूजु दफा ३४ सँग सम्बन्धित विवरण - अनुसूची -४**

| सि.नं | विद्यालयको नाम | भुक्तानी रकम | पारिश्रमिक कर(१५ %) |
|---|---|---|---|
| १ | प्रगतिशील मा.वि. रातमाटा | ७५००.० | ११२५.० |
| २ | कुशेश्वर विद्यापीठ मा.वि. दुम्जा | ६२०० | ९३०.० |

| | | | |
|---|---|---|---|
| ३ | गणेश मा.वि. मझुवा | ७५००.० | ११२५.० |
| ४ | दीर्घप्रदीप मा.वि. खाल्टे | ७५००.० | ११२५.० |
| ५ | ग्रामकाली मा.वि.अमारे | ७५००.० | ११२५.० |
| ६ | आधारभूत विद्यालय,काशिखर्क | ७५००.० | ११२५.० |
| ७ | कालिका आ.वि.बन्दिपुर | ७५००.० | ११२५.० |
| ८ | मा.वि.गुठबजार | ७५००.० | ११२५.० |
| ९ | सहस्रधारा आ.वि.नाङ्गेडाडा | ७५००.० | ११२५.० |
| १० | आ.वि घ्याम्पाटार | ७०००.० | ११२५.० |
| ११ | पञ्चकन्या मा वि हायुगाउँ | ७५००.० | ११२५.० |
| १२ | आधारभूत विद्यालय,परेवाडाँडा | ७५००.० | ११२५.० |
| १३ | विनायक आ वि,कालिमाटी | ६०००.० | ९००.० |
| १४ | पञ्चकन्या प्रा वि मतानबास,चालिसे | ७५००.० | ११२५.० |
| १५ | महाकाली आ.वि गौखर्क | ५१००.० | ७६५.० |
| १६ | पञ्चकन्या आ वि घुमाउने चैनपुर | ७५००.० | ११२५.० |
| १७ | चण्डेश्वरी आ वि चैनपुर | ७५००.० | ११२५.० |
| १८ | भुमेश्वर आ वि नागी | ६५००.० | ९७५.० |
| १९ | सेतिदेवी प्रा वि साँधी | ७५००.० | ११२५.० |
| २० | शक्तेपोखरी प्रा वि सातविसे | ५०००.० | ७५०.० |
| २१ | प्रा वि चिलाउनेखर्क | ७५००.० | ११२५.० |
| २२ | जनज्योती प्रा वि लिट्टेभञ्जयाङ | ७५००.० | ११२५.० |
| २३ | आ.वि खानीगाउँ | ७२००.० | १०८०.० |
| २४ | विश्वज्योती प्रा वि,दोभानडाडा | ७५००.० | ११२५.० |
| २५ | कपिलेश्वर आ वि,ढुङ्गेचौर | ७५००.० | ११२५.० |
| २६ | जनज्योती प्रा वि,रातमाटा | ७५००.० | ११२५.० |
| २७ | चन्द्रकन्या प्रा वि,नागी | ७५००.० | ११२५.० |

| | | | |
|---|---|---|---|
| २८ | प्रगतिशील प्रा वि,ज्यामिरे | ७५००.० | ११२५.० |
| २९ | पञ्चकन्या प्रा वि,सिम्ले | ७५००.० | ११२५.० |
| ३० | पशुपति आ वि,मुल्कोट | ७५००.० | ११२५.० |
| ३१ | भीमसेन प्रा वि खनियाडाँडा | ७५००.० | ११२५.० |
| ३२ | जखनी प्रा वि,रुपाकोट | ७५००.० | ११२५.० |
| ३३ | बालकन्या प्रा वि,आरुबोट | ७५००.० | ११२५.० |
| ३४ | सतिदेवी प्रा वि,ताम्लिङभञ्जयाङ | ७५००.० | ११२५.० |
| **जम्मा** | | **२३८०००.०** | **३५७००.०** |

**बेरूजु दफा ६३ सँग सम्बन्धित विवरण - अनुसूची -५**

| ठेक्का नं. | कार्यको विवरण | निर्माण व्यवसायीको नाम | जफत रकम | सम्झौता रकम (मु.अ.कर र प्रोभिजनल समबाहेक) | भएको कार्य | बाँकि काम | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | सम्झौता बमोजिम | आ.व. ०७९।८० लागत अनुमान बमोजिम | आ.व. ०८०।८१ को दररेटबमोजिम |
| SUNRM/NCB/25/079-80 | Devisthan-Khanigaun Tourism Trial Route at Sunkoshi Rural Municipality, Sindhuli | श्री कोशी निर्माण सेवा, सिनामंगल | ३२४४३२। | ६७५८८७१। | ७६८६३८। | ५९९०२३३। | ६३०४९८५। | ६६३०४५७। |
| SUNRM/SQ/17/079-80 | Ganesthan Bhorleni Lakhanpur Road Upgradation Works | श्री सरस्वती निर्माण सेवा | १३५२३१। | १३६५७७९। | १६४६१९। | १२०११६०। | १४४७४५२ | १८०८०५९। |
| SUNRM/SQ/19/079-80 | Ganesthanchowk Kotgaun road upgradation works | श्री सरस्वती निर्माण सेवा | २०५१५८। | १३६५६१९। | १०५४९४७। | ३१०६७२। | ४६९४४२। | ४७२४६८। |
| **जम्मा** | | | | | | **७५०२०६५।** | | |

**बेरूजु दफा ६९ सँग सम्बन्धित विवरण - अनुसूची -६**

| सि.नं | परामर्श सेवाको विवरण | परामर्शदाता | सम्झौता मिती/कार्यदिश मिती | सम्झौता रकम | काम सम्पन्न गर्नुपर्ने मिती | भुक्तानीको लागि निवेदन मिती | बढी दिन भएको | क्षतिपूर्ति रकम |
|---|---|---|---|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | Preparation of Rural Municipality Transport Master Plan of Sunkoshi Rural Municipality,Ramtar,Sindhuli | Platform Engineering Construction and Consultancy Pvt.Ltd | २०७९/०५/३० | १४८२०५१.५०(भ्याट सहित) | २०७९/११/१५(म्याद थप सहित) | २०७९/१२/०६ | २१ दिन | १३७७१.० |
| **जम्मा** | | | | | | | | १३७७१.० |

## बेरूजु दफा ७९ सँग सम्बन्धित विवरण - अनुसूची -७

| आयोजनाको नाम | ठेक्का न. | कामको विवरण | लागतअनुमान बमोजिमको | | | खुदभएको काम | | | कै. | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | लम्बाई | औसतचौडाई | औसतउचाई | लम्बाई | औसतचौडाई | औसतउचाई | | |
| Aapghari Ghyampatar Khanigaun Road Upgradation Works (Chainage 3+250 to 3+800 m and Khanigaun section ) | (SUNRM/NCB/01/079/080) | **Slab work** | | | | | | | | |
| | | Broken Stone solling and levelling | 189 | 4.14 | 0.12 | 179.32 | 3.92 | 0.12 | | |
| | | 1:2:4 P.C.C. work in foundation, wall and floor | 189 | 3.64 | 0.15 | 179.32 | 3.92 | 0.14 | | |
| | | **Drain work** | | | | | | | | |
| | | Earthwork in excavation in ordinary soil for drain. | 280.00 | 1.20 | 0.12 | 280.00 | 1.25 | 0.12 | | |
| | | Broken Stone solling and levelling in foundation of drain | 280.00 | 1.20 | 0.10 | 280.00 | 1.25 | 0.10 | | |
| | | Providing and laying Plum concrete ( Boulder mixed concrete) 60% M 15 concrete and 40% boulders/stones using mechanical means. | 280.00 | 0.30 | 0.40 | 280.00 | 0.30 | 0.40 | | |
| | | **Slab work** | | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| Ghyampatar Baseri Okhreni Road Upgradation Works (Chainage 0+000 to 2+420 m start point Ghyampatar Khanigaun Junction ) | (SUNRM/NCB/02/079/080) | Broken Stone solling and levelling | 82 | 3.95 | 0.12 | 78.2 | 4.14 | 0.12 | | |
| | | 1:2:4 P.C.C. work in foundation, wall and floor | 82 | 3.95 | 0.12 | 78.2 | 3.78 | 0.13 | | |
| | | **Drain work** | | | | | | | | |
| | | Earthwork in excavation in ordinary soil for drain. | 100.00 | 1.10 | 0.12 | 100.00 | 1.10 | 0.12 | | |
| | | Broken Stone solling and levelling in foundation of drain | 100.00 | 1.10 | 0.05 | 100.00 | 1.10 | 0.05 | | |
| | | Providing and laying Plum concrete ( Boulder mixed concrete) 60% M 15 concrete and 40% boulders/stones using mechanical means. | 100.00 | 0.30 | 0.30 | 100.00 | 0.30 | 0.30 | | |
| | | **Slab work** | | | | | | | | |
| | | Broken Stone solling and levelling | 310 | 5.00 | 0.2 | 291.6 | 4.88 | 0.2 | | |
| | | 1:2:4 P.C.C. work in foundation, wall and floor | 310 | 5.00 | 0.12 | 293.6 | 4.95 | 0.13 | | |
| | | **Drain work** | | | | | | | | |
| | | Earthwork in excavation in ordinary soil for drain. | 310.00 | 5.00 | 0.10 | 320.00 | 1.50 | 0.60 | | |
| | | Broken Stone solling and levelling in foundation of drain | 310.00 | 5.00 | 0.10 | 320.00 | 1.40 | 0.10 | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | Rubble masonary works in 1:6 cement mortar | 310.00 | 0.45 | 0.73 | 320.00 | 0.44 | 0.85 | | |
| Ramtar Littebhanjyang Bandipur Road Maintenance Works (Bhugol chhap and Kirakhor Bhanjyang Section) | SUNRM/NCB/04/079/080 | 1:2:4 P.C.C. work in foundation, wall and floor including material collection & transportationup to 30m all complete as specified by the site engineer. | 67.5 | 4 | 0.15 | 69.38 | 4.405 | 0.15 | | |
| Ghyampatar Baseri Okhreni Road Upgradation Works (Chainage 0+000 to 2+420 m start point Ghyampatar Khanigaun Junction ) | (SUNRM/NCB/05/079/080) | **Slab work** | | | | | | | | |
| | | Broken Stone solling and levelling | 289.33 | 4.00 | 0.15 | 292.72 | 4.36 | 0.15 | | |
| | | 1:2:4 P.C.C. work in foundation, wall and floor | 289.33 | 4.00 | 0.15 | 292.72 | 4.36 | 0.16 | | |
| | | **Drain work** | | | | | | | | |
| | | Earthwork in excavation in ordinary soil for drain. | 289.33 | 1.58 | 0.15 | 285.70 | 1.58 | 0.15 | | |
| | | Broken Stone solling and levelling in foundation of drain | 289.33 | 1.58 | 0.17 | 285.70 | 1.58 | 0.15 | | |
| | | Providing and laying Plum concrete ( Boulder mixed concrete) 60% M 15 concrete and 40% boulders/stones using mechanical means. | 289.33 | 0.3 | 0.6 | 285.70 | 0.30 | 0.60 | | |
| Khalte Gahukhark | SUNRM/NCB/07/079/080 | Earth work excavation in | 3540 | 2.69 | 3.40 | 2400 | 2.67 | 5.35 | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| a Road Maintenanc e Works (Chainage 2+200 to 5+860 m) | | for roadway by using heavy machine. | | | | | | | | |
| Ramite Majhuwa Gahukhark a Amare Road Maintenanc e Works, Sunkoshi RM 07 | (SUNRM/NCB/08/079 /080) | Earth work excavation in for roadway by using heavy machine. | 3330. 00 | 2.72 | 3.14 | 1410.0 0 | 3.13 | 6.44 | | |
| | | Rubble Stone soling and leveling | 2031. 00 | 1.00 | 0.13 | 1377.7 8 | 1.15 | 0.13 | | |
| | | 1:2:4 P.C.C. work in foundation | 2031. 00 | 0.45 | 0.10 | 1377.7 8 | 0.55 | 0.10 | | |
| | | Providing and laying Plum concrete ( Boulder mixed concrete) 60% M 15 concrete and 40% boulders/sto nes using mechanical means. | 2031. 00 | 0.35 | 0.60 | 1377.7 8 | 0.41 | 0.84 | | |
| | | **Slab work** | | | | | | | | |
| | | Rubble Stone soling and leveling | 120.0 0 | 6.00 | 0.13 | 119.90 | 5.31 | 0.15 | | |
| | | 1:2:4 P.C.C. work in foundation | 120.0 0 | 6.00 | 0.15 | 119.90 | 5.31 | 0.14 | | |
| Nagi Chalise Bandipur Road Maintenanc e Works, Sunkoshi R.M 7 | SUNRM/NCB/9/079/0 80 | Earthwork in excavation in hard soil for drain works using heavy machine as specified. | 210 | 1 | 0.91 | 244.6 | 1.06 | 0.58 | | |
| | | Rubble Stone soling and leveling | 210 | 0.8 | 0.15 | 244.6 | 0.92 | 0.12 | | |
| | | 1:2:4 P.C.C. work in foundation | 210 | 0.8 | 0.13 | 244.6 | 0.92 | 0.09 | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | Providing and laying Plum concrete ( Boulder mixed concrete) 60% M 15 concrete and 40% boulders/stones using mechanical means. | 210 | 0.35 | 0.6 | 244.6 | 0.51 | 0.60 | | |
| Aapghari Khanigaun Road Upgradation Works (Chainage 0+810 to 1+400 m) | SUNRM/SQ/10/079/080 | **Drainworks** | | | | | | | | |
| | | Earthwork in excavation in hard soil for drain works using heavy machine as specified. | 510.00 | 1.20 | 0.20 | 525.1 | 1 | 0.25 | | |
| | | Broken stone soling and levelling work | 510.00 | 1.00 | 0.1 | 525.1 | 1.00 | 0.10 | | |
| | | 1:2:4 P.C.C. work in foundation, wall and floor | 510.00 | 1 | 0.1 | 525.1 | 1.00 | 0.09 | | |
| | | Providing and laying Plum concrete ( Boulder mixed concrete) 60% M 15 concrete and 40% boulders/stones using mechanical means as specified by the site engineer. | 510.00 | 0.3 | 0.35 | 525.1 | 0.30 | 0.325 | | |
| Aapghari Simalchaur Road Upgradation Works (Start of work Tatale Mandir) | SUNRM/SQ/11/079/080 | **Drainworks** | | | | | | | | |
| | | Earthwork in excavation in hard soil for drain works using heavy machine as specified. | 300.00 | 1.2 | 0.2 | 319.35 | 1.20 | 0.500 | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | Broken stone soling and levelling work | 300.00 | 1.0 | 0.1 | 319.35 | 1.00 | 0.100 | | |
| | | 1:2:4 P.C.C. work in foundation, wall and floor | 300.00 | 1.0 | 0.1 | 319.35 | 1.00 | 0.100 | | |
| | | Providing and laying Plum concrete ( Boulder mixed concrete) 60% M 15 concrete and 40% boulders/stones using mechanical means as specified by the site engineer. | 300.00 | 0.3 | 0.35 | 319.35 | 0.30 | 0.330 | | |
| | | 12.5 cm ( loose 15 cm ) gravelling works as specified by the site engineer. | 150 | 3.5 | | 150 | 3.5 | | | |
| Baseri Okhreni Dobhandanda Road Upgradation Works (Chainage 2+500 to 4+200 m) | SUNRM/SQ/12/079/080 | Earthwork in excavation in ordinary soil for roadwork using heavy machine | 294.00 | 3.64 | 3.35 | 365 | 2.04 | 1.420 | | |
| Khalte Amare Road Maintenance Works (Tinkhopre Section), Sunkoshi RM 06 | SUNRM/SQ/13/079/080 | Earth work excavation in hard soil for road by using heavy machine. | 330 | 2.741 | 3.875 | 302 | 3.085 | 3.936 | | |
| | | **Soling work** | | | | | | | | |
| | | Earth work in excavation in ordinary of soil for foundation of structure all | 200 | 5.5 | 0.25 | 201.1 | 5.5 | 0.25 | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | complete job. | | | | | | | | |
| | | Rubble Stone soling and leveling in foundation | 200 | 5.0 | 0.2 | 201.1 | 5.0 | 0.15 | | |
| Khalte Majhuwa Road Maintenance Works (Chandi section), Sunkoshi RM 06 | SUNRM/SQ/14/079/080 | Earthwork in excavation in ordinary soil for roadwork using heavy machine | 1950 | 2.7 | 3.6 | 1560.0 | 2.54 | 4.55 | | |
| Redcross Chowk Kotgaun Road Upgradation Works (Work start point Chainage 0+500 );Major Works at Darimbot, Simpani and Pipaldanda section. | SUNRM/SQ/16/079/080 | Earthwork in excavation in ordinary soil for roadwork using heavy machine | 2000 | 1.68 | 2.13 | 1770 | 1.59 | 3.800 | | |
| Tamling Kotgaun Road Upgradation Works; Work start point : Kotgaun Chowk | SUNRM/NCB/20/079/080 | Rubble masonary works in 1:6 cement mortar | 85.00 | 0.35 | 1.30 | 90 | 0.45 | 1 | | |
| | | **Soling work** | | | | | | | | |
| | | Broken Stone solling and levelling in foundation | 90.00 | 4.50 | 0.15 | 50 | 4.03 | 0.15 | | |

बेरूजु दफा ८० सँग सम्बन्धित विवरण - अनुसूची -८

| आयोजनाकोनाम | ठेक्का नं. | निर्माणव्यवसायीको नाम | शुरु लागतइष्टिमेट (भ्याट, प्रोभिजनल सम र कन्टेन्जेन्सी बाहेक) | शुरु ठेक्का रकम | घटि | बढि | खुद रकम |
|---|---|---|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| Nepalthok-Dharanidada khannepani aayojana | SUNRM/NCB/22/079-80 | श्री ए बी इन्जिनियरिङ्ग एण्ड कन्सल्टेन्सी प्रा लि | ६३७४७७५। | ४५२०२०१। | १०४७७००। | २०४९०८। | ८४२७९२। |
| Matanbas Khola Chalise and Mulkhola Khanepani aayojana | SUNRM/NCB/23/079-80 | श्री बि आर एस कन्स्ट्रक्सन प्रा लि | ६३६७०६०। | ५२१०५४६। | ६०४७९५। | ३९६९२८। | २०७८६७। |
| Dadathumki Khanepani aayojana | SUNRM/NCB/26/079-80 | श्री ए बी इन्जिनियरिङ्ग एण्ड कन्सल्टेन्सी प्रा लि | २१३२१७०। | २०९९९९४। | ५६५९०। | १४८५४। | ४१७३६। |
| Aapghari Ghyampatar khanigaun | SUNRM/NCB/01/079-80 | श्री श्रृजल निर्माण सेवा | ४३१०१४८। | २८००१०१। | ५८१३० | ५७९६६ | १६३। |
| Ghyampatar Baseri Okhreni Road Upgradation Works (Chainage 0+000 to 2+420 m start point Ghyampatar Khanigaun Junction ) | SUNRM/NCB/02/079-80 | श्री ग्रीन तारा निर्माण सेवा | २१३६६५५। | २०४३२१२। | १९६१८। | ६०२५। | १९५९२। |
| Ramtar Littebhanjyang Bandipur Road Maintenance Works (Bhugol chhap and Kirakhor Bhanjyang Section) NCB 04 | SUNRM/NCB/04/079-80 | श्री आर बि सिद्धार्थ कन्स्ट्रक्सन प्रा लि | २१४६६६२। | १५९०७९५। | १२८२३४। | ३८१२९। | ९०१०५। |
| Ramtar Littebhanjyang Bandipur Road Maintenance Works (Khaniyakharka Section | SUNRM/NCB/05/079-80 | Nirman Infrastructure and Suppliers | ६७९५७७१। | ५४२९५६५। | २१७५३२। | २२०२७०। | २७३८। |
| Khalte Gahukharka Road Maintenance Works | UNRM/NCB/07/079-80 | श्री कोशी निर्माण सेवा | ४३०९७१९। | ३९७६३४५। | १५०८०३। | १४९८५६। | ९४७। |
| Ramite Majhuwa Gahukharka Amare Road Maintenance Works | UNRM/NCB/08/079-80 | श्री शिभम निर्माण सेवा | १७३४४४५९। | १२१२२२९७। | ५१४१५१। | ३१८३७९। | १९५७७१। |
| Nagi Chalise Bandipur Road Maintenance Works, Sunkoshi R.M.-7 | SUNRM/SQ/09/079/080 | Paudel Consultant and Construction company Pvt. Ltd | २१५४९३८। | १७२५३६२। | २९०१२। | २८३९०। | ६२१। |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| Aapghari Khanigaun Road Upgradation Works (Chainage 0+810 to 1+400 m) | SUNRM/SQ/10/079/080 | श्री कोशी निर्माण सेवा | १७०९१७२। | ११७६२७०। | ३४७१९। | २१७५। | ३२५४३। |
| Aapghari Simalchaur Road Upgradation Works (Start of work Tatale Mandir) | SUNRM/SQ/11/079/080 | श्री कोशी निर्माण सेवा | १७०९३५७। | १२२५७९०। | १८१३५। | ६६८२। | ११४५२ |
| Baseri Okhreni Dobhandanda Road Upgradation Works (Chainage 2+500 to 4+200 m | SUNRM/SQ/12/079/080 | श्री कोशी निर्माण सेवा | १७०९१४५। | १२३६४४३। | ४९९८३। | ४९७८३। | १९९। |
| Todke Road Construction works | SUNRM/SQ/15/079/080 | U.K.B Construction Pvt. Ltd | १७३३३५२। | १६२४८०१। | ८००७९३। | ७५६५४३। | ४४२४९। |
| Redcross Chowk Kotgaun Road Upgradation Works(Work start point Chainage 0+500; Major Works at Darimbot, Simpani and Pipaldanda section) | SUNRM/SQ/16/079/080 | Saraswati Nirman Sewa | १७०९३९०। | १२९६७९२। | ९८३२९। | ९७८६७। | ४६२। |
| Tamling Kotgaun Road Upgradation Works;Work Start point: Kotgaun Chowk | SUNRM/SQ/20/079/080 | Tridevi Construction, Manthali | २१७४३६७। | १५५५८०५। | ५३०९८४। | १९३२५। | ५११६५९। |
| | | | | | | | २०१४३४८। |

**बेरूजु दफा १०० सँग सम्बन्धित विवरण - अनुसूची -९**

| विद्यालयको नाम | विद्यार्थी संख्या(२०८० सालको भर्ना अनुसार) | ७५ % र २५ % गरी जम्मा भुक्तानी | भुक्तानी हुनुपर्ने | बढी भुक्तानी |
|---|---|---|---|---|
| प्रगतिशील मा.वि. रातमाटा | ४९९(कक्षा १ देखी १२) | ३४३९३५.० | २८७५९४.० | ५६३४१.० |
| ज्वालादेवी मा.वि. बालुवा | ४९६(कक्षा १ देखी १२) | ३२५०२३.० | ३१८४६७.० | ६५५६.० |
| गणेश मा.वि. मझुवा | २२२(कक्षा १ देखी १२) | १४९९६२.० | १४००५६.० | ९९०६.० |
| दीर्घप्रदीप मा.वि. खाल्टे | ३४३(कक्षा १ देखी १२) | २३९८४६.० | २२१७४०.० | १८१०६.० |
| ग्रामकाली मा.वि.असारे | २४०(कक्षा १ देखी १०) | १८७८३५.० | १७५६४५.० | १२१९०.० |

| | | | | |
|---|---|---|---|---|
| आधारभूत विद्यालय,काशिखर्क | १२२(कक्षा १ देखी ८) | ८१५५४.० | ७९२१८.० | २३३६.० |
| कालिका आ.वि.बन्दिपुर | १०८(कक्षा १ देखी ८) | ७१४४७.० | ७०२३७.० | १२१०.० |
| मा.वि.गुठबजार | ३२४(कक्षा १ देखी १२) | २१३६७५.० | २०४९७०.० | ८७०५.० |
| सिद्ध मा.वि.कोटगाउँ | ४९६(कक्षा १ देखी १२) | १२४६३८.० | ११९७३२.० | ४९०६.० |
| **जम्मा** | | | | **१२०२५६.** |